# वर्तमान कक्षा सातको नेपाली पाठ्यपुस्तकमा प्रयुक्त नमुना अभ्यासहरूको अध्ययन

११९


शोधार्थी

दुर्गादेवी भट्टराई

क्याम्पस क्रमाङ्क र शैक्षिक वर्ष : ०६ (२०७०/७१)

त्रि.वि.क्रमाङ्क. : ९-२-२१८-१८७-२००८

दोस्रो वर्षको परीक्षा क्रमाङ्क (वर्ष) : २१८०००४ (२०७१)


नेपाली शिक्षा विषयमा स्नातकोत्तर उपाधिका निमित्त प्रस्तुत शोधपत्र

| शोधपत्र पेस गरेको मिति | त्रिभुवन विश्वविद्यालय | शोधपत्र भाइभा भएको मिति |
| --- | --- | --- |
| वि.सं. २०७४।१२।०४ | शिक्षाशास्त्र सङ्काय | वि.सं. २०७५।१।०५ |
| इ.सं. १८।३।२०१८ | नेपाली शिक्षा विभाग | इ.सं. १८।४।२०१८ |
| | जनता बहुमुखी क्याम्पस | |
| | इटहरी, सुनसरी | |

**प्रतिवद्धता पत्र**

म शोधार्थी दुर्गादेवी भट्टराई यो प्रतिबद्धता जाहेर गर्दछु । शोधपत्र कहीँ कतैबाट साभार गरिएको छैन । यदि कही कतैबाट हुबहु नक्कल गरेको प्रमाणित भए त्यसबाट आउने सबैखाले परिणामहरूको सामना गर्ने प्रतिवद्धता गर्दछु । कुनै स्रष्टाका सामग्री हुबहु सारेको स्थानमा गर्ने टिप्पणीको प्रयोग गरिएको छ । तसर्थ यो शोधपत्र नितान्त मौलिक भएको प्रतिबद्धता व्यक्त गर्दछु ।

वि.सं.: २०७४।१२।४
इ.सं. : १८ मार्च २०१८

शोधार्थी
दुर्गादेवी भट्टराई

# जनता बहुमुखी क्याम्पस

इटहरी, सुनसरी

स्थापना : २०४५

(त्रिभुवन विश्वविद्यालय र उ.मा.वि. परिषद्बाट सम्बन्धन प्राप्त)

विज्ञान, व्यवस्थापन, मानविकी तथा शिक्षाशास्त्र सङ्काय

फोन नं.: ०२५-५८००६४
५८१३००


प.सं.:

च.सं.: मिति :

## शोध निर्देशकको सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय जनता बहुमुखी क्याम्पस नेपाली शिक्षा विभागअन्तर्गत एमएड दोस्रो बर्षकी विद्यार्थी दुर्गादेवी भट्टराईले नेपाशि ५९८ पाठ्यांशको प्रयोजनार्थ प्रस्तुत **वर्तमान कक्षा सातको नेपाली पाठ्यपुस्तकमा प्रयुक्त नमुना अभ्यासहरूको अध्ययन** शीर्षकको शोधपत्र मेरा निर्देशनमा तयार पार्नुभएको हो । प्रस्तुत शोधपत्र सम्बन्धित तहका निमित्त उपयुक्त भएकाले आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

..............................

सहप्रा. नवीनकुमार शर्मा

शोध निर्देशक

नेपाली शिक्षा विभाग

जनता बहुमुखी क्याम्पस

इटहरी, सुनसरी

वि.सं. : २०७४।१२।०

इ.सं. : १८।३।२०१८

# जनता बहुमुखी क्याम्पस

इटहरी, सुनसरी

स्थापना : २०४५

(त्रिभुवन विश्वविद्यालय र उ.मा.वि. परिषद्बाट सम्बन्धन प्राप्त)

विज्ञान, व्यवस्थापन, मानविकी तथा शिक्षाशास्त्र सङ्काय

फोन नं.: ०२५-५८००६४
५८१३००


प.सं.:

च.सं.: मिति :

## स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्कायअन्तर्गत जनता बहुमुखी क्याम्पस इटहरी नेपाली शिक्षा विभागका स्नातकोत्तर तहका शोधार्थी दुर्गादेवी भट्टराईले नेपाशि ५९८ पाठ्यांशको प्रयोजनका लागि तयार पार्नुभएको **वर्तमान कक्षा सातको नेपाली पाठ्यपुस्तकमा प्रयुक्त नमुना अभ्यासहरूको अध्ययन** शीर्षकको शोधपत्र नेपाली शिक्षा स्नातकोत्तर तहका लागि उपयुक्त देखिएकाले मूल्याङ्कनका निमित्त स्वीकृत गरिएको छ ।

शोधपत्र मूल्याङ्कन समिति

| नाम थर : | हस्ताक्षर : |
| --- | --- |
| मदनराज बराल<br>(विभागीय प्रमुख) | .............................. |
| प्रा.शान्तिप्रसाद ढकाल<br>(बाह्य परीक्षक)<br>(............................) | .............................. |
| नवीनकुमार शर्मा<br>(शोध निर्देशक) | .............................. |

वि.सं. २०७५।१।५

इ.सं. १८।४।२०१८

## कृतज्ञता ज्ञापन

**वर्तमान कक्षा सातको नेपाली पाठ्यपुस्तकमा प्रयुक्त नमुना अभ्यासहरूको अध्ययन** शीर्षकको प्रस्तुत शोधपत्र मैले मेरा श्रद्धेय गुरु नवीनकुमार शर्माको प्राज्ञिक निर्देशनमा तयार गरेकी हुँ । अत्यन्त व्यस्तताको प्रवाह नगरी यस शोधपत्रको प्रारम्भदेखि अन्तिम चरणसम्म आवश्यक प्रेरणा, महत्त्वपूर्ण सुझाव र मार्ग निर्देशन प्रदान गर्नु भएकामा म उहाँप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

प्रस्तुत शोधपत्र तयार गर्न उत्साहवर्द्धक हौसला र आवश्यक सल्लाह दिनुहुने नेपाली शिक्षा विभाग जनता बहुमुखी क्याम्पस, इटहरी, सुनसरीका विभागीय प्रमुख श्रद्धेय गुरु मदनराज बराल तथा आदरणीय गुरु तीर्थराज भट्टराई र अन्य गुरूप्रति हार्दिक आभार प्रकट गर्दछु । यस शोधकार्यलाई पूर्ण गराउन हरेक क्षण आवश्यक सहयोग गर्नुहुने मेरा मित्रहरूप्रति आभार व्यक्त गर्दछु ।

साथै यस शोधपत्रलाई टाइप, प्रुफ, सेटिङ तथा ब्यान्डिङ गरी सहयोग गर्नुहुने सौजन्य डेस्कटप, बिर्तामोड-१, सिनेप्लाजा पश्चिमपट्टिकी मैया बरालप्रति कृतज्ञ छु ।

अन्त्यमा यस शोधपत्रलाई पूर्णता दिन प्रत्यक्ष तथा अप्रत्यक्ष सहयोग गर्नुहुने सम्पूर्ण महानुभावहरूलाई धन्यवाद दिँदै प्रस्तुत शोधपत्र समुति मूल्याङ्कनका लागि जनता बहुमुखी क्याम्पस, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, समक्ष पेश गर्दछु ।

शोधार्थी

दुर्गादेवी भट्टराई

## शोधसार

प्रस्तुत अध्ययनको शीर्षक कक्षा सातको नेपाली पाठ्यपुस्तकमा प्रयुक्त नमुना अभ्यासहरूको अध्ययन रहेको छ । यस अध्ययन भाषिक सीप विकासका दृष्टिबाट उपयुक्तताको अध्ययनमा केन्द्रित छ । यस अध्ययनको उद्देश्य कक्षा सातको वर्तमान नेपाली पाठ्यपुस्तकमा प्रयुक्त नमुना अभ्यासहरूको भाषिक सीपका आधारमा अध्ययन गर्नु हो ।

यस अध्ययनको अध्याय एकमा शोधको परिचय अध्ययनको उद्देश्य, महत्त्व/औचित्य, अनुसन्धानात्मक प्रश्न, परिसीमा तथा पारिभाषिक वा प्राविधिक शब्दहरूको उल्लेख गरिएको छ । त्यस्तै अध्याय दुईमा पूर्वकार्यमा समीक्षा गरिएको छ । यसको उद्देश्य अध्ययनीय विषयसँग सम्बन्धित शोधकार्यहरूले अनुसन्धानमा सहयोग पुऱ्याउने भएकाले त्यस्ता पूर्वकार्यको अध्ययन गरी समीक्षा समेत प्रस्तुत गरिएको छ । यस अध्ययनमा छवटा शोधग्रन्थ र चारओटा पाठ्यपुस्तकलाई पूर्वकार्यमा रूपमा समीक्षा गरिएको छ । यस अध्ययनले अध्ययनीय विषयसँग सम्बन्धित शोधकार्यमा भएका सबल पक्षहरूलाई मध्यनजर गर्दै सुधार गर्नुपर्ने पक्षहरूको पहिचान गर्नु पनि रहेको छ । पूर्वकार्यहरूले समेट्न नसकेका विषयवस्तुलाई यस शोधकार्यमा समेट्ने प्रयास गरिएको छ । यस अध्ययनमा अध्याय तीनमा अध्ययनको प्रक्रिया/विधि, अध्ययनको क्षेत्र, तथ्याङ्क सङ्कलनका साधन, व्याख्या/विश्लेषण गरिनुका साथै निष्कर्ष, सुझाव साथै उपयोगिता समेत प्रस्तुत गरी पाँच अध्यायमा विभाजित छ । यो अध्ययन पुस्तकालयीय विधिमा आधारित रहेर तयार पारिएको हुँदा पुस्तकालयमा सङ्ग्रहित पाठ्यपुस्तक स्तक, शोधग्रन्थ, पत्रपत्रिका तथा अन्य पाठ्यपुस्तकबाट सामाग्री संकलन गरी विश्लेषण गरिएको छ ।

यस शोधग्रन्थको अध्याय चारमा कक्षा सातको वर्तमान नेपाली पाठ्यपुस्तकमा समावेश गरिएका अभ्यासहरूको भाषिक सीप विकासका आधारमा वर्गीकरण गरिएको छ । प्रत्येक पाठमा भएका नमुना अभ्यास कुन सीपसँग सम्बन्धित छन् वा कुन सीप विकासमा सहयोग पुऱ्याउँदछ भन्ने कुरा पत्ता लगाइएको छ । पाठमा प्रयोग भएका अभ्यासले कसरी भाषिक सीप विकासमा सहयोग पुऱ्याउँदछन् भन्ने कुरालाई पनि प्रष्ट पार्ने प्रयास गरिएको छ । भाषाका चार सीप सुनाइ, बोलाइ, पढाइ र लेखाइ जस्ता भाषिक सीपसँग सम्बन्धित अभ्यासहरूलाई अलग-अलग छुट्याउनुका साथै एकै सीपअन्तर्गत पर्ने अभ्यासलाई संयुक्त रूपमा एउटै उपशीर्षकमा समावेश गरी विश्लेषण गरिएको छ । सबै खालका भाषिक सीपलाई अभ्यासमा समावेश गर्न लामा, छोटा वा वस्तुगत कस्ता प्रश्नहरू अभ्यासका रूपमा समावेश गरिएको छ भन्ने कुरा पनि निष्कर्षमा प्रस्तुत गरिएको छ । अन्त्यमा सम्पूर्ण अध्ययनको निष्कर्ष, सबल पक्ष र सुधारात्मक पक्षको विश्लेषणसहित सुझाव प्रस्तुत गरिएको छ ।

पाठ्यक्रम र पाठ्यपुस्तकको अन्तरसम्बन्ध र त्यसमा समाविष्ट नमुना अभ्यासको कमी कमजोरी पहिचान गरी आवश्यक सुधार/संशोधन गर्नका लागि पनि यस अध्ययनले मद्दत पुऱ्याउन सक्छ। सिकाइमा भाषिक सीप विकास गर्न नमुना अभ्यास एकमात्र सेतु मानिने सन्दर्भमा यस्ता अभ्यास र तिनको अध्ययनको महत्त्व रहेको स्पष्ट हुन्छ। भाषा शिक्षणलाई समावेशीकरण गरी शैक्षिक क्षति न्युनीकरण गर्न पनि यसले सहयोग पुऱ्याउने देखिन्छ। पाठ्यक्रमको उद्देश्यअनुरूप पर्याप्त नमुना अभ्यासहरूको संयोजन गरी पाठ्यपुस्तकमा सुधार गर्नका साथै विद्यार्थी केन्द्रित र कार्यकलापमुखी शिक्षण सिकाइको प्रवर्द्धन गर्नमा सहयोग पुऱ्याउने देखिन्छ ।

# विषयसूची

**विषय** **पृष्ठ नं.**

**अध्याय एक**

**शोध परिचय**

१.१ अध्ययनको पृष्ठभूमि १

१.२ समस्या कथन ४

१.३ अध्ययनको औचित्य र महत्त्व ५

१.४ अध्ययनको उद्देश्य ६

१.५ अध्ययनको परिसीमा ७

१.६ पारिभाषिक/प्राविधिक शब्दहरू ७

**अध्याय दुई**

**पूर्वकार्यको समीक्षा तथा धारणात्मक संरचना**

२.१ पूर्वकार्यको समीक्षा ८

२.२ पूर्वकार्यको उपयोगिता/कार्यान्वयन १०

२.३ सैद्धान्तिक/धारणात्मक संरचना ११

**अध्याय तीन**

**अध्ययनको विधि र प्रक्रिया**

३.१ अध्ययनको संरचना र विधि १३

३.२ जनसङ्ख्या र नमुना १३

३.३ नमुना छनोट प्रक्रिया १३

३.४ तथ्याङ्क सङ्कलनका स्रोत १३

३.५ तथ्याङ्क सङ्कलनका प्रक्रिया, साधन १४

३.६ तथ्याङ्कको व्याख्या र विश्लेषण प्रक्रिया १४

**अध्याय चार**

**नतिजा/परिणाम र छलफल**

४.१ परिचय १५

४.२ छलफल/व्याख्या १७

४.३ पाठ दुईः 'मामालाई सुधार्ने भान्जो' कथामा समाविष्ट नमुना अभ्यास १९

४.४ पाठ तीन 'साँस्कृतिक एकताको पर्वः छठ' प्रबन्धमा प्रयुक्त नमुना अभ्यास २१

४.५ पाठ चार 'आन्तरिक पर्यटन' संवादमा प्रमुक्त नमुना अभ्यास २४

४.६ पाठ पाँच 'साहित्यकार झमक' जीवनमा प्रयुक्त नमुना अभ्यास २६
४.७ पाठ सात 'एउटै मुटु एउटै मर्म' गीतमा प्रयुक्त नमुना अभ्यास २८
४.८ पाठ सात 'सात दिने सभा' कथामा प्रयुक्त नमुना अभ्यास ३०
४.९ पाठ आठ प्रकृतिको सुन्दर स्थल खप्तड प्रबन्धमा प्रयुक्त नमुना अभ्यास ३३
४.१० पाठ नौ साथीलाई चिठ्ठी' प्रयुक्त नमुना अभ्यास चिठ्ठी ३५
४.११ सुनाइ र बोलाइ सीपसँग सम्बन्धित अभयास ३७
४.१२ पाठ एघार उद्योगलाई भन्दा कृषिलाई जोड वादविवादमा प्रयुक्त नमुना अभ्यास ३९
४.१३ पाठ बाह्र सुनौलो भोलि गीतमा प्रयुक्त नमुना अभ्यासहरू ४१
४.१४ पाठ तेह्रः अलेक्जेन्डर फ्लेमिङ जीवनीमा प्रयुक्त नमुना अभ्यास ४३
४.१५ पाठ चौध 'बोधिसत्वको कथा' कथामा प्रयुक्त नमुना अभ्यासहरू ४५
४.१६ पाठ पन्ध्र 'म सौर्य ऊर्जा हुँ' प्रबन्धमा प्रयुक्त नमुना अभ्यास ४७
४.१७ पाठ सोह्र 'रिस र राक्षस' कथामा प्रयुक्त नमुना अभयास ४९
४.१८ पाठ सत्र 'प्रधानाध्यापकलाई निवेदन' मा प्रयुक्त नमुना अभ्यास ५१
४.१९ पाठ अठार 'आबाल ब्रहमचारी षडानन्द' जीवनीमा प्रयुक्त नमुना अभ्यास ५२
४.२० पाठ उननाइस 'सभ्यता'कवितामा प्रयुक्त नमुना अभ्यास ५४
४.२१ पाठ बीस नेपालको धार्मिक वास्तुकला प्रबन्धमा प्रयुक्त नमुना अभ्यास ५६
४.२२ पाठ एक्काइस 'बाक्लो दाल' कथामा प्रयुक्त नमुना अभ्यास ५८

**अध्याय पाँच**

**निष्कर्ष, सुझाव तथा उपयोगिता**

५.१ निष्कर्ष ६१
  ५.१.१ सबल पक्ष ६२
  ५.१.२ दुर्बल पक्षहरू ६३
५.२ सुझावहरू ६४
५.३ उपयोगिता ६५
  ५.३.१ नीतिगत तह ६५
  ५.३.२ कार्यान्वयन तह ६६
  ५.३.३ आगामी अनुसन्धानका लागि शीर्षक ६६
५.४ भावी अध्ययनका लागि सम्बन्धित शोध शीर्षकहरू ६७
सन्दर्भसूची

## अध्याय एक : शोध परिचय

### १.१ अध्ययनको पृष्ठभूमि

भाषा मानवीय सम्पत्तिका साथै विचार सम्प्रेषणको महत्त्वपूर्ण माध्यम हो । भाषाको प्रयोग र आर्जन व्यक्तिले समाजमै गर्दछ । मानिसको उमेर र सामाजिक सम्पर्कको बिस्तारको फलस्वरूप मानिसमा भाषाको विकास हुँदै जाने भएकाले यो मानवीय व्यवहार र सामाजिक व्यवहारको अभिन्न अङ्ग हो । यो वैचारिक आदानप्रदानका माध्यमबाट सम्पन्न हुन्छ । अरुद्वारा भाषाका माध्इमले व्यक्त गरिएका विचार एवम् भावनालाई बुझ्नु आदान हो भने आफ्ना विचार एवम् भावनालाई अरु समक्ष सरल र सुगम प्रक्रिया भाषा हो (शर्मा र पौडेल, २०६८ : १) । भाषा शिक्षणमा साहित्यिक विधाहरूको उपयोग गर्न सकिन्छ । भाषा शिक्षण भनेको साहित्यिक शिक्षण होइन तर साहित्यका विविध विधामा प्रयुक्त शैलीका माध्यमले भाषाका विविध सीप तथा पक्षलाई सहयोग पुऱ्याउन सकिन्छ । त्यसैले सामान्यतः साहित्यिक आस्वासनका लागि र मूलतः त्यसका माध्यमबाट भाषा प्रयोगमा अभ्यस्त गराउन भाषा शिक्षणमा साहित्यको उपयोग गर्न सकिन्छ । भाषा शिक्षण भनेको भाषिक सीपहरूको शिक्षण हो । भाषिक सीपहरू अभ्यासद्वारा मात्र प्राप्त गर्न सकिन्छ । भाषिक सीपको प्राप्तिका लागि विषयगत र विधागत प्रकृतिअनुसार अभ्यासहरूको योजना गर्नु जरुरी हुन्छ । जसका लागि विविध अभ्यासहरूको संयोजन गरिनु पर्दछ ।

सिकाइको अर्थ व्यवहारमा आउने परिवर्तन हो । सिकाइ हुनलाई अभ्यासको महत्वपूर्ण भूमिका हुन्छ । सिकाइमा हुने कमीकमजोरीलाई निराकरण गर्नका लागि पनि अभ्यासले विशेष भूमिका निर्वाह गरेको हुन्छ । भाषिक सीप र दक्षता हासिल गर्ने मूल अभिप्रायले निर्माण गरिएको पाठ्यक्रम भाषा सिकाइको विस्तारित कार्ययोजना हो, यस कार्ययोजनाभित्र उद्देश्य, विषयवस्तु, शिक्षण सामग्री शिक्षण प्रक्रिया मूल्याङ्कन प्रक्रिया आदि स्तम्भ हुनु आवश्यक ठानिन्छ । यस्ता सबै स्तम्भहरू भाषिक कुशलता एवम् भाषिक कलाको विकास तथा निख्खारताका लागि उपयोगी हुन्छन् (पौडेल, भट्टराई र बराल, २०६८ : १) ।

भाषा पाठ्यक्रमले तोकेका उद्देश्यहरू पूरा गर्नका लागि तयार गरिएको पाठ्यपुस्तकलाई भाषा पाठ्यपुस्तक भनिन्छ । यसमा पाठ्यक्रमले अपेक्षा गरेका उद्देश्य पूरा गर्नका लागि उपयुक्त हुने विषयवस्तु तथा विधाहरूको छनोट गरिन्छ र प्रस्तुतिकरणमा पनि सोही अनुसार विशेष सचेतनाका साथ छनोट गरिएका सामग्रीहरू समावेश गरिएको हुन्छ । यसमा समावेश गरिने पाठ्यांश, नमुना तथा निर्देशन सिकारुको कक्षा, .स्तर, पूर्वज्ञान, भाषिक अनुभव र भाषा सिकाइको आवशकता अनुसार निर्धारणा गरिएका हुन्छन् । निर्धारित उद्देश्य परिपूर्तिका लागि उपयुक्त हुने गरी भाषा पाठ्यपुस्तकको छनोट गरिन्छ । यिनलाई भाषा शिक्षणका लागि महत्वपूर्ण र आधिकारिक

सामग्री माानिन्छ । पाठ्यपुस्तकको छनोट गर्दा विधागत विविधता तथा तिनको वितरण क्षेत्र र क्रमलाई महत्व दिनुपर्दछ । भाषा पाठ्यक्रमले पाठ्यवस्तु, शिक्षणका विधि तथा कार्यकलापका बारेमा निर्देश गरेको हुन्छ । त्यस अनुरूप मूल्याङ्कन गर्ने व्यवस्था पाठ्यक्रममा निर्धारण गरिएको हुन्छ । कुन विधा र पाठबाट के कस्ता प्रश्नहरू सोध्ने, तिनका लागि कति अङ्क दिने भन्ने कुरा पनि पाठ्यक्रमले निर्दिष्ट गरेको हुन्छ । त्यही अनुरूप पाठ्यपुस्तकमा विविध विधाहरूको संयोजन गरिएको हुन्छ । शिक्षण सिकाइका लागि पाठ्यपुस्तक सहयोगी सामग्री हुन् ।

कुनै पनि तह वा कक्षाका लागि भाषिक उद्देश्यहरू पूरा गर्न तयार पारिएको सामग्रीलाई पाठ्यपुस्तक भनिन्छ । जसलाई पाठ्यक्रमको मर्मअनुरूप तयार पारिएको हुन्छ । अभ्यास, मूल्याङ्कन आदिका लागि सहयोग पुऱ्याउने भएकाले यसमा क्रमबद्धता र व्यवस्थितता एवम् आधिकारिकता जस्ता गुणहरू हुनु अपरिहार्य हुन्छ (भण्डारी, घिमिरे र नेपाल २०६८ : १९३) । पाठ्यपुस्तकमा भाषिक सीप विकास गर्ने प्रयोजन अनुरूपका अभ्यासहरू राखिएका हुन्छन् ।

भाषिक विषयवस्तुलाई संरचनात्मक स्वरूपमा प्रस्तुत गर्नुलाई विधागत प्रस्तुति भन्न सकिन्छ । भाषिक सीपहरूको विकासका लागि तिनै विधाहरूले विषयवस्तुलाई बोकेर ल्याएका हुन्छन् । त्यसैले के कस्ता पाठ्यवस्तुहरूलाई के कस्ता विधा वा संरचनामा प्रस्तुत गर्न सकिन्छ भन्ने कुरा महत्वपूर्ण हुन्छ । पाठ्यपुस्तकमा उद्देश्य अनुरूप पाठ्यवस्तुहरू समेट्ने विधाको छनोट गरिएको हुन्छ । एउटै विधाले विविध विषयवस्तुमा संरचना पाएको हुन्छ तसर्थ विषयवस्तु र विधागत विविधता दिनु पनि पाठ्यपुस्तकको अनिवार्य सर्त हो । पाठ्यपुस्तकमा कथा, कविता, निबन्ध/प्रबन्ध, चिठी, निवेदन, जीवनी, रूपक, संवाद, वादविवाद, मनोवाद, एकाङ्की, नाटक जस्ता विधाहरूमा भाषिक सीपको विकास गर्ने विषयवस्तुहरू समावेश गरिएका हुन्छन् । तसर्थ प्रस्तुत अध्ययनमा पनि पाठ्यपुस्तक भित्र उपर्युक्त विधाहरूको समायोजना गरी त्यसकै सेरोफेरोमा अभ्यासहरू राखिएको छ ।

पाठ्यपुस्तकको महत्वपूर्ण पक्ष नै अभ्यास हो । अभ्यासबाट नै विद्यार्थीमा भाषिक सीपको विकास हुन्छ र ऊ दक्ष बन्न सक्दछ । पाठ्यपुस्तकमा पाठअनुरूप, सीपपरक, विषयवस्तु अनुरूप, विधा अनुरूप भाषातत्व तथा शब्दभण्डारगत अभ्यासहरूको संयोजन गरिएको हुन्छ । विद्यार्थीको सिर्जनात्मक क्षमता प्रष्फुटन गर्न सहयोग पुऱ्याउने, नियान्त्रित र स्वतन्त्र लेखनसम्बन्धी सह-सम्बन्धलाई अभ्यासले नै खार्ने काम गर्दछ त्यसैले अभ्यासहरूमा विविधता हुन जरुरी छ । यस्ता अभ्यासका प्रश्नहरू वस्तुगत र विषयगत सबै प्रकृतिका हुनु पर्दछ ।

हरेक अभ्यास प्रक्रियाहरूलाई आगमनात्मक ढङ्गमा र पाठ्यपुस्तकलाई विधिको ढङ्गमा आबद्ध बनाउने योजना पनि बनाउनु पर्दछ । सुनाइ, बोलाइ, पढाइ र लेखाइजस्ता सीपहरूको अभ्यास कस्ता पाठ र विधाबाट राख्ने भन्ने बारेमा राम्ररी ख्याल गर्नु पर्दछ । अभ्यासअन्तर्गत

सुनाइ र बोलाइ सीपका लागि संवाद विधा, पढाइ र लेखाइ सीप अभ्यासका लागि कथा, निबन्ध जस्ता विधाहरू राख्न आवश्यक हुन्छ । अभ्यासले नै मानिसलाई पूर्ण बनाउने हुनाले कुनै पनि कार्यमा पूर्ण हुनु छ भने अभ्यास गर्नुपर्दछ । भाषा सिकाइमा त झन् बढी अभ्यास चाहिन्छ । भाषा पाठ्यपुस्तक भनेकै भाषा सिकाउन उपयोगी पुस्तक हुन् । त्यसैले हरेक पाठका पछाडि विभिन्न अभ्यासहरू दिइनु आवश्यक हुन्छ । ती अभ्यासहरू चारओटै भाषिक सीपलाई हुनुपर्दछ । यसरी पाठ्यपुस्तकमा दिइएका अभ्यासहरूलाई नमुना मानेर थप अभ्यास गर्नु नमुना अभ्यासको पहिचान हो । यसरी पाठका कुरा पढेर दिइएका समस्याको समाधान गर्नु अभ्यास गर्नु हो भने ती अभ्यासलाई नमुना मानेर अन्य धेरै अभ्यास गर्नु हो भने ती अभ्यासलाई नमुना मानेर अन्य धेरै अभ्यास गर्ने सीपको विकास गराउने उद्देश्य राख्नु नमुना अभ्यास हो । शब्दभण्डार बढाउन, विषयवस्तुको ज्ञान दिन, विवेचनात्मक प्रस्तुति दिन शैली र मौलिकता तता भाषिक शुद्धता र वर्णविन्यास, वाक्य गरे नगरेको थाहा पाउने र विद्यार्थीले आत्म मूल्याङ्कन गर्न सक्ने मुख्य आधार नै नमुना अभ्यास हो । यसर्थ भाषा सिकाइका क्रममा अभ्यासलाई सिकाइ क्रियाकलापको आधारका रूपमा लिइन्छ । भाषाको सम्पूर्ण दक्षता हासिल गर्न अभ्यास नभई सम्भव हुँदैन । भाषा ज्ञान नभएर कला वा सीप भएकाले सीप प्राप्त गर्न अभ्यासको निकै ठूलो भूमिका रहेको हुन्छ । अभ्यास जति गर्‍यो कला वा सीप त्यति नै निखारिएर आउँछ । यसर्थ भाषा शिक्षणमा अभ्यासलाई केन्द्रबिन्दु बनाएर त्यसै अनुरूपको शिक्षण कार्यक्रम सञ्चालन गरिनु पर्दछ (भण्डारी र अन्य, २०६२ : २) । भाषा शिक्षण गर्दा सीपको शिक्षण गरिने हुँदा सुनाइ र बोलाइ सीपलाई २० प्रतिशत पढाइ र लेखाइ सीपलाई ४० प्रतिशत, सिर्जनात्मक सीपलाई ४० प्रतिशत हुने गरी अभ्यासको समायोजन गरिनु पर्दछ (शर्मा र अन्य, २०६९ : २) ।

भाषा अभ्यासबाट सिकिन्छ । अभ्यास जति बढी हुन सक्छ, त्यति नै दिगो र स्थायी हुन पुग्दछ । अतः अभ्यासले मानिसलाई पोख्त बनाउँदछ भन्ने कथन भाषा सिकाइका सन्दर्भमा पनि निर्क सान्दर्भिक देखिन्छ । मातृभाषाकै पढाइ र लेखाइमा पनि विद्यार्थीले सचेत प्रयास र विशेष अभ्यास गर्नुपर्दछ । प्रशस्त पुनरावृत्तिको अभ्यास प्राप्त भएमा बानीको विकास राम्रो हुन्छ । फलस्वरूप पढाइ र लेखाइ पनि सहज हुन सक्छ । यसरी पहिलो भाषाको सिकाइमा त अभ्यासको निकै खाँचो पर्दछ भने दोस्रो भाषा सिकाइका लागि त अभ्यासको भूमिका महत्त्वपूर्ण रहन्छ (शर्मा र पौडेल, २०४९ : ७) । विद्यार्थीलाई भाषिक सीपमा निपूर्ण बनाउन नमुना अभ्यास मात्र राम्रो भएर हुँदैन । उनीहरूमा सिकाइप्रति अभिरुचि बढाउन पाठ्यपुस्तकको विशेषतामा पनि ध्यान दिनुपर्दछ । पाठ्यपुस्तकका यस्ता विशेषताहरू आन्तरिक र बाह्य गरी दुई प्रकारका हुन्छन् । जस अन्तर्गत पाठ्यवस्तु, शब्दभण्डार भाषा संरचना, अभ्यास चित्र एवम् अन्य कुरा प्रस्तुतिगत थगा साङ्गठनिक उपयुक्तताजस्ता कुरालाई आन्तरिक विशेषताका रूपमा हेरिन्छ भने स्वरूप तथा

बनोट, आवरण, अग्रभाग, अक्षराकार, किनारा अन्तराल छपाइ, बँधाइ, कागजीस्तर मूल्य एवम् सुलभता, विविध आदिलाई बाह्य विशेषताका रूपमा लिइन्छ ।

## १.२ समस्या कथन

नेपाल सरकार पाठ्यक्रम विकास केन्द्रद्वारा वि.सं. २०७१/७२ को शैक्षिक सत्रदेखि लागु हुने गरी कक्षा सातमा नयाँ पाठ्यपुस्तक लागु गरेको छ । आधारभूत शिक्षा पाठ्यक्रम २०६९ ले देशका सम्पूर्ण पक्षहरूलाई हेरेर पाठ्यक्रमको निर्माण गर्ने जमर्को गरी सैद्धान्तिक ढाँचाको निर्माण गर्दछ जसअनुसार पाठ्यपुस्तक निर्माण हुन्छ । विद्यालयको परिवेश तथा आर्थिक अवस्थाले सबै विद्यालयसम्म आधुनिक प्रविधि गुणस्तरीय शैक्षिक सामग्री उपलब्ध गराउन नसकेर विद्यार्थीहरूलाई पठनपाठन बोझ हुन पुगेको छ ।

भाषा सिकाइअन्तर्गत कुनै खास कक्षा वा स्तरमा दिइने शब्दज्ञान, व्याकरण ज्ञान, मौखिक एवम् लिखित रचना कौशल, बोध एवम् अभिव्यक्ति, संवाद, भाषण तथा अभिनय आदि वार्तालाप सन्दर्भ क्रियाकलाप प्रशिक्षण निमित्त तयार पारिएको पाठ्यक्रमको सङ्गठित रूप नै भाषा कार्यक्रम हो (ढुङ्गेल र दाहाल, २०६२:८) । त्यसैले भाषा पाठ्यपुस्तक निर्माण गर्दा पाठ्यक्रमले निर्धारण गरेका उद्देश्यहरू पूर्ति गर्ने खालका सामग्रीको संयोजनमा सावधानी अपनाउनु पर्ने देखिन्छ । भाषा अभ्यास र पुनरावृत्तिबाट सिर्जना हुने भएकाले भाषा पाठ्यपुस्तकमा समाविष्ट अभ्यासहरू भाषिक सीप विकासका लागि उपयुक्त छन् छैनन् ? तिनीहरूको पाठ्यक्रमसँग कस्तो सङ्गति छ ? कक्षागत र स्तरगत आधारमा उपयुक्त छन् कि छैनन् ? भन्ने कुराको अध्ययन महत्त्वपूर्ण हुने देखिन्छ ।

प्रस्तुत "कक्षा सातको नेपाली पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासको अध्ययन" शीर्षकको शोधकार्यबाट सम्बन्धित पाठ्यक्रमका सापेक्षतामा पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासको अध्ययन गरी नयाँ क्षेत्रमा खोजपूर्ण जानकारी प्राप्त हुनेछ साथै उक्त पाठ्यपुस्तकमा दिइएका नमुना अभ्यासहरूको प्रस्तुतिमा देखिएका कमी कमजोरी औँल्याउने भएकाले नयाँ पाठ्यपुस्तक निर्माण गर्दा ती कमजोरीलाई सुधार्न मार्ग प्रशस्त बन्नेछ । यस शोधकार्यमा नमुना अभ्यासलाई सीपगत आधारमा विश्लेषण गरिएको छ । यसबाट शिक्षक तथा विद्यार्थीले के-कस्ता भाषिक सीप विकासमा लागि कुन कुन अभ्यास र कार्यलाई कति महत्त्व दिनु पर्छ भन्ने कुरा थाहा पाउन मद्दत मिल्नेछ । शिक्षक र विद्यार्थी बीचको अन्तरक्रिया बढाउन आवश्यक कार्यकलाप गर्न समेत मद्दत मिल्ने देखिन्छ । यस अध्ययनले सम्बन्धित पाठ्यक्रम र पाठ्यपुस्तकको सुधारमा समेत सहयोग पुऱ्याउने देखिन्छ ।

प्रस्तुत शोधकार्य निम्नलिखित समस्याहरूमा केन्द्रित रहेको छ :

क. कक्षा सातको नेपाली पाठ्यपुस्तकमा प्रयुक्त नमुना अभ्यासहरूले विद्यार्थीहरूको भाषिक सीप विकासका दृष्टिले कस्ता छन् ?

ख. ती नमुना अभ्यासहरूमा भाषाका चारै सीपको सन्तुलन कायम गरिएको छ/छैन ?

ग. यसका सबल र दुर्बल पक्षहरू के के हुन् ?

घ. कक्षा सातको नेपाली पाठ्यपुस्तकमा प्रयुक्त नमुना अभ्यासका सुधारात्मक पक्ष के के हुन् ?

**१.३ अध्ययनको औचित्य र महत्त्व**

भाषाशिक्षण सीपहरूको शिक्षण हो (शर्मा र अधिकारी, २०६१:३)। विचार विनिमयको माध्यमको रूपमा भाषाको व्यवहार गरिन्छ। भाषाशिक्षणको उद्देश्य भाषा सिकाउनु नभएर भाषिक सीपको विकास गराउनु हो। भाषामा भएका चार सीपलाई सार्थक रूपले व्यवहारमा लागू गर्न तथा भाषा शिक्षणलाई उद्देश्यमूलक बनाउनका लागि पाठ्यक्रम निर्माण गरिन्छ। भाषा पाठ्यक्रमका लक्षित उद्देश्यहरू परिपूर्ति गर्नका लागि पाठ्यक्रमको भूमिका महत्त्वपूर्ण देखिन्छ। भाषा पाठ्यक्रम जतिसुकै राम्रो बनाए पनि सो अनुरूपको पाठ्यपुस्तक निर्माण हुन सकेन भने पाठ्यक्रमले निर्धारण गरेका उद्देश्यहरू पूरा गर्न सकिँदैन (अधिकारी, २०५९:२५)। भाषा पाठ्यपुस्तक निर्माण गर्दा पाठ्यक्रमले निर्धारण गरेका उद्देश्यहरू पूर्ति गर्ने खालका सामग्रीहरूको संयाजनमा सावधानी अपनाउनु पर्ने देखिन्छ। पाठ्यपुस्तक निर्माण गर्दा विद्यार्थीको रुचि, आवश्यकता, क्षमता, स्तर, तह आदिका आधारमा निर्माण गरिनु पर्दछ। भाषा पुनरावृत्ति र अभ्यासका माध्यमबाट सिकिने भएकाले भाषा पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासहरू भाषिक सीप विकासका लागि उपयुक्त छन् वा छैनन् ? तिनीहरूको पाठ्यक्रमसँग कस्तो सङ्गति छ भन्ने कुराको अध्ययन महत्त्वपूर्ण हुने देखिन्छ। तसर्थ यस अनुसन्धानले शिक्षक, विद्यार्थी, पाठ्यपुस्तक लेखक र अध्ययन अनुसन्धानकर्ताका निम्ति सहयोग गर्ने देखिन्छ।

भाषा पाठ्यपुस्तकमा प्रयुक्त नमुना अभ्यास सम्बन्धी विभिन्न अध्ययन भएका छन्। यो क्षेत्र शोधकार्यका लागि आकर्षक रहेको देखिन्छ। यस कार्यबाट पाठ्यक्रम, पाठ्यपुस्तकको विकासमा महत्त्वपूर्ण योगदान पुग्ने देखिन्छ। यस शोधमा भाषाका नमुना अभ्यासहरूलाई सुनाइ, बोलाइ, पढाइ र लेखाइ सीप विकासका आधारमा अध्ययन गरिएको छ। यस्तो अध्ययनमा भाषा पाठ्यपुस्तकमा विद्यार्थीको तहअनुसार नमुना अभ्यासको छनोट गर्नुका साथै भाषिक कुशलताको विकास, विधा र प्रकृतिअनुरूपका नमुना अभ्यास भए नभएको थाहा पाउन सकिने छ। यस्तो अध्ययनबाट शिक्षक र विद्यार्थीबीच अन्तरक्रिया बढाउन, आवश्यक क्रियाकलाप बढाउन समेत सहयोग मिल्नेछ। अभ्यास निर्माणले भाषाका शिक्षणीय उद्देश्य प्राप्तिका लागि सिकाइमा सबल र दुर्बल पक्षको चिनारी गराइएको छ। त्यसकारण भाषाको सीप सिकाइमा नमुना अभ्यास महत्त्वपूर्ण गुण निर्धारक तत्त्वका रूपमा रहेको देखिन्छ (खतिवडा, २०६६:८)। प्रस्तुत नेपाली भाषा

पाठ्यपुस्तक कक्षा सातमा समाविष्ट नमुना अभ्यासहरूको अध्ययन शीर्षकको शोधकार्यबाट सम्बन्धित पाठ्यक्रमको उद्देश्यको सापेक्षतामा पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासको अध्ययन गरी नयाँ क्षेत्रमा खोजपूर्ण जानकारी प्राप्त हुने देखिन्छ ।

प्रस्तुत शोधबाट विशेष गरी शिक्षक तथा विद्यार्थी दुवैका लागि भाषिक कौशल प्राप्त गर्ने तरिका बारे जानकारी लिन सहयोग पुग्नेछ । पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्मातालाई नमुना अभ्यासको सान्दर्भिकता बारेमा सूचना प्राप्त गर्न र अभ्यासहरूको छनोट र स्तरण गर्ने कार्यमा पनि सहयोग पुग्नेछ । हालसम्म भएका अनुसन्धानले पाठ्यपुस्तकमा दिइएका नमुना अभ्यासका प्रस्तुतिमा देखिएका कमजोरीहरू औंल्याउने भएकाले नयाँ पाठ्यपुस्तक निर्माण गर्दा ती कमीकमजोरीहरू सुधार्न मार्ग प्रशस्त हुन्छ । नमुना अभ्यासहरूको सान्दर्भिकता, पाठ्यक्रम अनुरूपता र उपयोगिताको खोजी गरिने भएकाले पाठ्यपुस्तक लेखक, नेपाली भाषा शिक्षक, सरोकारवाला व्यक्ति तथा संस्थाका लागि पनि यो शोध सहयोगी बन्नेछ । शिक्षक तथा विद्यार्थीले के कस्ता भाषिक सीपका लागि कुनकुन नमुना अभ्यास र कार्यलाई कति महत्त्व दिनुपर्छ भन्ने कुरा थाह पाउन सक्नेछन् ।

'कक्षा सातको नेपाली पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासहरूको अध्ययन' शीर्षकको यस अध्ययनबाट पाठ्यपुस्तकमा प्रयुक्त नमुना अभ्यासको अध्ययन गरी यसका सकारात्मक र कमजोर पक्षहरू पहिचान गरी निष्कर्ष तथा सुझावहरू प्रदान गरिएको छ । पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासहरूको प्रस्तुतिमा देखिएका कमजोरीलाई पहिचान गरी नयाँ पाठ्यपुस्तक निर्माणका क्रममा आवश्यक सुधार गर्न सहयोग पुग्नेछ । भविष्यमा संशोधन गरिने अभ्यासहरू स्तरीय बनाउनका लागि यस्तो अध्ययन महत्त्वपूर्ण हुने देखिन्छ । पाठ्यपुस्तकमा नमुना अभ्यास कसरी राखेमा लक्षित उद्देश्य हासिल गर्न सहयोग पुग्दछ भन्ने जानकारी प्राप्त गर्न सहयोग गर्नेछ । यस क्रममा यस्ता अभ्यास खण्डको वर्गीकरणबाट ज्ञान, बोध र प्रयोग क्षेत्रका सीपगत पक्षको अध्ययन गरिने भएकाले शिक्षण सिकाइ प्रक्रियामा प्रत्यक्ष र परोक्ष रूपमा संलग्न शिक्षक, विद्यार्थी, पाठ्यक्रमविद् पाठ्यपुस्तक लेखक, भावी अनुसन्धानकर्ता, समालोचक र सम्बन्धित सरोकारवाला सबै पक्षलाई सहयोगी सिद्ध हुने भएकाले समग्र अध्ययन औचित्यपूर्ण र महत्त्वपूर्ण हुने देखिन्छ ।

### १.४ अध्ययनको उद्देश्य

प्रस्तुत शोधकार्यका उद्देश्यहरू निम्नानुसार रहेका छन् :

क. विद्यार्थीहरूको भाषिक सीप विकासका दृष्टिले कक्षा सातका नमुना अभ्यासहरूको उपयुक्तताको अध्ययन गर्नु,

ख. अभ्यासमा भाषाका चारै सीपको सन्तुलन मिले/नमिलेको पत्ता ल्याउनु,

ग. नमुना अभ्यासका कमी कमजोरी पहिचान गरी आवश्यक सुझावहरू प्रस्तुत गर्नु,

घ. उक्त पाठ्यपुस्तकमा प्रयुक्त नमुना अभ्यासका सुधारात्मक पक्षहरू पत्ता लगाएर प्रस्तुत गर्नु,

## १.५ अध्ययनको परिसीमा

प्रस्तुत शोधकार्यका निम्नानुसार परिसीमाहरू रहेका छन् :

यो अध्ययन नेपाल सरकार शिक्षा मन्त्रालय पाठ्यक्रम विकास केन्द्रको वर्तमान नेपाली पाठ्यपुस्तक (कक्षा सात) मा समाविष्ट नमुना अभ्यासको अध्ययनमा मात्र सीमित रहेको छ। भाषिक सीप विकासका दृष्टिले नमुना अभ्यासको अध्ययन गरी आवश्यक सुझाव पेश गरिएको छ भने यस अध्ययनमा व्याकरण, सिर्जनात्मक अभ्यास र शब्द भण्डारका अभ्यासहरूको अध्ययन गरिएको छैन। भाषाका चारवटा सीपहरू (सुनाइ, बोलाइ, लेखाइ र पढाइ)का आधारमा मात्र नमूना अभ्यासहरूको अध्ययन गरिएको छ।

## १.६ पारिभाषिक/प्राविधिक शब्दहरू

**क. पाठ्यक्रम** : बृहत् शैक्षिक योजना

**ख. पाठ्यपुस्तक** : विद्यालय एवम् विद्यापीठहरूमा विद्यार्थीहरूले औपचारिक रूपमा पढ्नुपर्ने पुस्तक।

**ग. नमुना अभ्यास** : भाषा पाठ्यपुस्तकमा विद्यार्थीहरूलाई अभ्यास गराउने उद्देश्यले प्रत्येक पाठको अन्त्यमा दिइएका विभिन्न प्रश्नहरू

**घ. शैक्षिक सामग्री** : शिक्षण सिकाइका निम्ति प्रयोग गरिने विभिन्न किसिमका सामग्री

**ङ. सिद्धान्त** : कुनै पनि विषयवस्तुमा गहिरो अध्ययन गरी निकालिएको निष्कर्ष वा तात्विक मत

**च. पुस्तकालय** : सार्वजनिक रूपले इच्छुक पाठकहरूले विभिन्न शर्तमा पढ्न पाउने हिसाबले विभिन्न विषयका पुस्तकहरूको सङ्ग्रह गरेर राखिएको घर/ठाउँ

**छ. कार्यान्वयन** : लिखित र मौखिक रूपबाट गर्न ठहर भएको काम कारवाहीलाई विधिपूर्वक व्यवहारमा ल्याउने कार्य

**ज. विधा** : काव्य वा साहित्यमा प्रचलित खास खास विषय क्षेत्र

**झ. भाषिक सीप** : सुनाइ, बोलाइ, पढाइ र लेखाइ गरी भाषाका चारओटा सीप

**ञ. विद्यालय** : सामुदायिक र संस्थागत स्कुल

**ट. विद्यार्थी** : निश्चित तहमा अध्ययन गर्ने छात्रछात्रा

**ठ. भाषा पाठ्यपुस्तक** : भाषा शिक्षणमा प्रयोग हुने पुस्तक

## अध्याय दुई : पूर्वकार्यको समीक्षा तथा धारणात्मक संरचना

### २.१ पूर्वकार्यको समीक्षा

भाषा सिक्नका लागि सबैभन्दा राम्रो उपाय भाषिक सीपहरूको अभ्यास हो । त्यसैले अभ्यासलाई भाषा सिकाइको मेरुदण्डको रूपमा लिइन्छ । पाठ्यक्रमले अपेक्षा गरे अनुरूप उद्देश्यहरू हासिल भए भएनन् भनेर जाँच्ने माध्यमका रूपमा अभ्यासलाई लिइन्छ । त्यसैले भाषा सिकाइलाई प्रभावकारी रूपले सञ्चालन गर्न नमुना अभ्यास महत्त्वपूर्ण सामग्री मानिन्छ । पाठ्यपुस्तकमा समावेश गरिएका नमुना अभ्यासहरूले पनि विद्यार्थीहरूमा अभ्यास र पुनरावृत्तिप्रति जोड दिएको हुन्छ । पटक पटकको अभ्यासबाट नै सही रूपमा सिकाइ निपूणता हासिल हुन्छ । भाषा पाठ्यपुस्तकमा सिकारुलाई अभ्यासमा सहभागी गराउनका लागि विभिन्न किसिमका नमुना अभ्यासहरू समावेश गरिएको हुन्छ । जसले गर्दा उनीहरूमा विषयवस्तुगत ज्ञान तथा भाषिक निपूणता हासिल गर्न मद्दत मिल्दछ ।

यस अध्ययन कक्षा सातको वर्तमान नेपाली पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासहरूको अध्ययनमा केन्द्रित छ । विभिन्न तहमा नेपाली भाषा पाठ्यक्रम, पाठ्यपुस्तक र ती पाठ्यपुस्तकमा समावेश गरिएको हुन्छ । जसले गर्दा उनीहरूमा विषयवस्तुगत ज्ञान तथा भाषिक निपूणता हासिल गर्न मद्दत मिल्दछ ।

यस अध्ययन कक्षा सातको वर्तमान नेपाली पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासहरूको अध्ययनमा केन्द्रित छ । विभिन्न तहका नेपाली भाषा पाठ्यक्रम, पाठ्यपुस्तक र ती पाठ्यपुस्तकमा समावेश गरिएका नमुना अभ्यासको अध्ययनलाई अनुसन्धानको महत्त्वपूर्ण क्षेत्रका रूपमा लिइन्छ तसर्थ प्रस्तुत शीर्षकका लागि सहयोगी सिद्ध हुने पूर्वकार्यको समीक्षा गर्ने प्रयास गरिएको छ ।

अर्याल (२०५९) द्वारा **कक्षा नौको नेपाली पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासको अध्ययन** शीर्षकमा शोधकार्य गरिएको छ । सो शोधकार्यको उद्देश्य कक्षा नौको वर्तमान नेपाली पाठ्यपुस्तकमा दिइएका नमुना अभ्यासहरूको सबल र दुर्बल पक्षको पहिचान गर्नु साथै नमुना अभ्यासको वर्गीकरण गर्नु गरेको छ । वर्णनात्मक ढाँचामा गरिएको सो अध्ययनले नेपाली भाषा शिक्षणका लागि राखिएका नमुना अभ्यासहरू विद्यार्थी र शिक्षकका लागि उपयुक्त र वैज्ञानिक रहेको, पाठ्यपुस्तकमा सीप पक्षलाई बढी महत्त्व दिएको भए तापनि बोधात्मक अभ्यासहरू सन्तुलित नरहेको निष्कर्ष निकालिएको छ । यति हुँदाहुँदै पनि शोधकार्यको संरचनागत प्रस्तुति भने उपयुक्त नै देखिन्छ ।

बराल (२०६१) द्वारा **कक्षा सातको महेन्द्रमाला र हाम्रो नेपाली किताबको तुलनात्मक अध्ययन** शीर्षकको स्नातकोत्तर तहका लागि तयार पारिएको शोध ग्रन्थमा दुवै पाठ्यपुस्तक

तत्कालिक पाठ्यक्रम अनुरूप बनाउन खोजिएको, विषयगत विविधता र विषयगत दृष्टिले दुवै पाठ्यपुस्तक समान रहेको, पुस्तकका शब्दभण्डार र नमुना अभ्यासका आधारमा हाम्रो नेपाल उत्कृष्ट रहेको, महेन्द्रमालामा राखिएका नमुना अभ्यासहरू बढी विषयगत प्रकृतिका रहेको छ र हाम्रो नेपाली किताबको वस्तुगत प्रश्न बालमनोविज्ञानसँग मेल खाने सिर्जनात्मक रहेको निष्कर्ष निकालिएको छ ।

गेलाल (२०६८) द्वारा **कक्षा आठको हाम्रो नेपाली किताबमा समाविष्ट नमुना अभ्यासहरूको अध्ययन** शीर्षकमा शोधकार्य गरिएको छ । उक्त शोधकार्यको उद्देश्य पाठ्यक्रमको उद्देश्य अनुरूप नमुना अभ्यास भए नभएको पहिल्याउनु रहेको छ । जसमा पढाइ, लेखाइजस्ता सीप विकासमा सहयोग पुऱ्याउने, मौलिक सिर्जनाका निम्ति सिर्जनात्मक अभ्यास रहेको, कतिपय अभ्यासको निर्देशन स्पष्ट नभएर अन्यौलता देखिएको, रूपक, दैनिक तथा संवाद विधा समावेश गरिनुपर्ने देखिए पनि समग्रमा औसत रूपमा रहेको निष्कर्ष निकालिएको छ ।

ढुङ्गाना (२०६९) द्वारा **कक्षा छको हाम्रो नेपाली किताब र रसिलो नेपालीमा समाविष्ट नमुना अभ्यासको तुलनात्मक अध्ययन** शीर्षकका शोधकार्य गरिएको छ । उक्त शोधकार्यको उद्देश्य उल्लिखित पाठ्यपुस्तकमा पाठ्यपक्रमको उद्देश्य अनुरूप नमुना अभ्यास भए नभएको पहिल्याउनु रहेको छ । पुस्तकालयीय तथा तुलनात्मक विधिमा केन्द्रित रहेर तयार पारिएको यस अध्ययनले भाषिक सीप सम्बन्धी अभ्यासका क्रमशमा सुनाइ, बोलाइ, पढाइ, लेखाइलाई महत्त्व दिइएको छ । भने दोस्रोमा क्रमशः सुनाइ, पढाइ, बोलाइ, लेखाइलाई महत्त्व दिएको, भाषिक सीपसँग सम्बन्धित अभ्यासहरू पहिलोमा भन्दा दोस्रोमा दोब्बरभन्दा बढी समावेश गरिएको हुनाले यस आधारमा दोस्रोमा भन्दा पहिलोमा भाषिक सीप विकसतर्फ कम जोड दिइएको छ ।

काफ्ले (२०६९) द्वारा **कक्षा पाँचको मेरो नेपाली किताबमा प्रयुक्त नमुना अभ्यासको विश्लेषणात्मक अध्ययन** शीर्षकमा शोधकार्य गरिएको छ । यो शोधकार्यको उद्देश्य कक्षा पाँचको नेपाली किताबमा समावेश भएका नमुना अभ्यासलाई पाठ्यक्रम अनुरूपताको आधारमा विश्लेषण गर्नु रहेको छ । जसमा नमुना अभ्यासलाई ज्ञान, बोध तह तथा व्यवहारिक सीप समेट्ने सीपमूलक र व्यवहारिक, सरलदेखि जटिलको क्रममा राखेको, भाषिक सीपका दृष्टिले सन्तुलन मिलाउन खोजेको कुरालाई सबल पक्ष मान्दै सुनाइ तथा बोलाइ सीपमा जोड दिने तथा चित्रात्मक अभ्यासमा अझ बढी जोड दिनुपर्ने निष्कर्ष निकालिएको छ ।

पराजुली (२०६९) द्वारा **कक्षा छको हाम्रो नेपाली किताब रसिलो नेपाली भित्र सामाविष्ट नमुना अभ्यासको अध्ययन** शीर्षकमा शोधकार्य गरिएको छ । जसको उद्देश्य दुवै पाठ्यपुस्तकमा नमुना अभ्यासको तुलनात्मक अध्ययन गर्नु रहेको छ । यसमा तुलनात्मक अध्ययन गरी हाम्रो नेपाली किताबमा शब्दार्थ बढी रहेको, दुवैले शब्दभण्डार र शब्दवर्गसँग सम्बन्धित अभ्यासलाई

बढी जोड दिएको, व्याकरण अभ्यासलाई हाम्रो नेपालीले राम्रोसँग प्रस्तुत गरेको र दुवैले सुनाइ, बोलाइ, पढाइ र लेखाइलाई महत्त्व दिएको निष्कर्ष निकलिएको छ ।

विभिन्न तहमा अनुसन्धान सम्बन्धी भएका फरक फरक अध्ययनले पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासका कमी कमजोरी साथै उपयोगितालाई औंल्याएको पाइन्छ । प्रस्तुत शोध शीर्षकहरूलाई केलाएर हेर्दा भाषिक मूल्याङ्कनका सम्बन्धमा राम्रैसँग अनुसन्धान भएको देखिए पनि भाषिक सीपसँग सम्बन्धित गुणात्मक पक्षहरू समेट्न सकेको देखिँदैन । भाषाका चारै सीपको विकास गर्नका साथै विषयवस्तुको सही ढङ्गबाट शिक्षण गर्नका लागि नमुना अभ्यासको उपयोग आवश्यक हुन्छ । नमुना अभ्यास सम्बन्धी गरिएका विभिन्न अध्ययनहरूले फरक फरक दृष्टिकोण तथा आधारहरूबाट अभ्यासको विश्लेषण गरेको पाइन्छ । यस्ता शोधकार्यबाट विद्यार्थीहरूको सिर्जनात्मक क्षमताको विकास गर्न, भाषिक सीप प्राप्त गर्न मद्दत गर्नेछ । नमुना अभ्यासको वर्गीकरण तथा विश्लेषणात्मक अध्ययनबाट विद्यार्थीहरूको आदानात्मक तथा प्रदानात्मक भाषिक सीप सम्बद्ध पक्षलाई समान महत्त्व दिन र त्यस अनुसार नमुना अभ्यासलाई सन्तुलित बनाउन सम्बन्धित पक्षलाई सुझ प्रदान गर्नेछ । यस अध्ययनबाट नमुना अभ्यासलाई उपयुक्त र स्तरयुक्त बनाउनु पाठ्यपुस्तक परिमार्जनकर्तालाई आवश्यक सुझाव प्रदान गरी समय सापेक्ष पाठ्यपुस्तक निर्माण गर्न मद्दत पुग्नेछ । त्यसैले यस अध्ययनबाट नेपाली पाठ्यपुस्तकमा समावेश गरिएका अभ्यास सम्बन्धी व्यवहारिक र सीपमूलक धारणा निर्माण गर्न सकिनेछ भन्ने अपेक्षा गरिएको छ ।

## २.२ पूर्वकार्यको उपयोगिता/कार्यान्वयन

नमुना अभ्यास सम्बन्धी गरिएका विभिन्न अध्ययनहरूले तुलनात्मक अध्ययन, पाठ्यक्रमको अनुरूपात्मक अध्ययन, समग्र नमुना अभ्यासको विश्लेषणात्मक अध्ययन शीर्षकमा गरिएका अध्ययनहरू पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माणमा उपयोगी हुने गर्दछन् । अध्ययनबाट निकालिएका निष्कर्षहरूका आधारमा पाठ्यक्रम तथा पाठ्यपुस्तकमा देखिएका कमीकमजोरी पत्ता लगाई कमजोरी निराकरण गर्न मद्दत मिल्दछन । पाठ्यक्रमले निर्देश गरे अनुसार विषयवस्तुको संयोजन गरी सोही अनुरूपको नमुना अभ्यास भए नभएको, पाठ्यक्रमको उद्देश्यले समेट्न सके नसकेको कुरा थाह पाउन पनि नमुना अभ्यास सम्बन्धी अध्ययन उपयोगी हुने देखिन्छ । यस अध्ययनले शिक्षक विद्यार्थी तथा पाठ्यक्रमविद्हरूलाई थप सामग्रीका रूपमा प्रत्यक्ष सहयोग गर्नेछ ।

नमुना अभ्यास सम्बन्धी गरिएका प्रस्तुत पूर्वकार्यहरूले शिक्षकलाई शिक्षण सिकाइ कार्यकलापमा तथा विद्यार्थीहरूलाई भाषिक सीप हासिल गर्न मद्दत पुग्ने देखिन्छ । प्रस्तुत पूर्वकार्यहरूबाट निकालिएका निष्कर्षहरूका आधारमा नमुना अभ्यासलाई विभिन्न दृष्टिकोणबाट अध्ययन विश्लेषण गरिएको भए तापनि परिमार्जित पाठ्यक्रम अनुरूपको यस पाठ्यपुस्तक कक्षा

सातको नेपाली पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासहरूको अध्ययन कार्य नभएकाले यो अध्ययन पाठ्यक्रम निर्माता, पाठ्यपुस्तक निर्माता, शिक्षक तथा विद्यार्थीका लागि उपयोगी सावित हुने अपेक्षा गरिएको छ ।


**२.३ सैद्धान्तिक/धारणात्मक संरचना**

भाषा सिकाइले सिकारुमा भाषिक ज्ञान नदिएर भाषिक सीपमा दक्षता हासिल गर्न मद्दत गर्दछ । जसका लागि अभ्यास अनिवार्य सर्तका रूपमा रहन्छ । भाषा पाठ्यपुस्तकको महत्त्वपूर्ण पक्ष नै अभ्यास हो । अभ्यासबाट नै विद्यार्थीमा भाषिक सीपको विकास हुन्छ र ऊ दक्ष बन्न सक्दछ (भण्डारी र अन्य, २०६८:२१७) । अभ्यासलाई भाषा सिकाइको मेरुदण्डको रूपमा लिइन्छ । भाषाका चारै सीपलाई अत्यन्त महत्त्वपूर्ण रूपमा लिइन्छ । भाषाका सम्पूर्ण दक्षता हासिल गर्न अभ्यास नगरी सम्भव हुँदैन (गेलाल, २०६८:१०) । भाषा सिकाइलाई ज्ञानमुखी बनाउनु पर्ने भएकोले भाषा सिकाइमा नमुना अभ्यासलाई महत्त्वपूर्ण सामग्रीका रूपमा लिनु पर्दछ । भाषा अभ्यास तथा पुनरावृत्तिबाट सिकिने विषयवस्तु भएकाले पाठ्यपुस्तकमा समावेश गरिने अभ्यासहक पनि अभ्यासोन्मुख हुनुपर्ने र सम्बन्धित विषयवस्तुको नजिक रहेर सिर्जनात्मक र वैज्ञानिक ढाँचामा निर्माण गरिनुपर्दछ । जसबाट अध्ययन अनुसन्धानका क्षेत्रमा नयाँ सिकाइको सिद्धान्त निर्माण गर्न मद्दत मिल्दछ ।

भाषा सिकाइका सैद्धान्तिक आधारका रूपमा प्याभलभ र स्किनरको व्यावहारवादी सिद्धान्त तथा पियाजे, कोहलर लगायतको मनोवादी सिद्धान्तका मान्यताहरू रहेका छन् । निरन्तर अभ्यासले नै सिकाइलाई व्यवस्थित र विश्वसनीय बनाउँदै लैजाने भएकाले सैद्धान्तिक अवधारणात्मक ढाँचा अनुरूप पाठ्यपुस्तकमा अभ्यासलाई समावेश गर्नुपर्दछ । नमुना अभ्याससँग सम्बन्धित विषयवस्तु भएकाले अभ्यास तथा पुनरावृत्ति वा सिकाइको सिद्धान्तसँग नजिक रहेर विश्लेषण गर्न सकिन्छ । स्किनरको कार्यवाहक सम्बन्ध प्रत्यावर्तनको सिकाइ सिद्धान्तले पटक पटकको अभ्यास तथा पुनरावृत्तिबाट सफलता प्राप्त गर्न सकिने । कुरालाई जोड दिएको छ । उनको परेवा र मुसामाथिको प्रयोगले यसै कुराको पुष्टि गर्दछ  स्किनरले स्किनर बाकसभित्र मुसालाई राखेर पटक पटकको अभ्यासबाट मात्र लिभर थिच्न सफल भएको कुरा प्रयोगबाट देखिएको छन् । त्यसैगरी सिकाइ पनि पटक पटकको अभ्यासबाट प्राप्त हुने कुरा हो ।

पाठ्यक्रमले भाषा पाठ्यपुस्तकको निर्माण नै अभ्यासपरक रूपमा गर्नुपर्ने हुन्छ । अनिमात्र पाठ्यक्रमको राखेको उद्देश्य पूरा हुन सक्छ । यस शोधकार्यमा कक्षा सातको नेपाली भाषा पाठ्यपुस्तकमा प्रयुक्त नमुना अभ्यासहरू पाठ्यक्रमको मर्म अनुरूप भए नभएको, भाषिक सीपलाई उजागर गर्न सक्षम भए नभएको विषयमा पाठ्यक्रम र पाठ्यपुस्तकका आधारमा विश्लेषण गरिएको छ ।

यस शोधकार्यको आवधारणात्मक ढाँचालाई चित्रात्मक रूपमा तल देखाइएको छ ।




आधारभूत शिक्षा पाठ्यक्रमले नि.मा.वि. तह कक्षा सातको नेपाली भाषा पाठ्यक्रम तयार गरी वि.सं. २०७१ सालदेखि लागु गरेको छ । यस पाठ्यपुस्तकमा प्रयुक्त नमुना अभ्यासहरू पाठ्यक्रम अनुरूप भए नभएको, भाषिक सीप विकास गर्ने नगर्ने जस्ता समस्यामा आधारित भएर निष्कर्ष निकाल्ने प्रयास गरिएको छ ।

## अध्याय तीन

## अध्ययनको विधि र प्रक्रिया

### ३.१ अध्ययनको संरचना र विधि

यस शोधकार्यका लागि पुस्तकालयीय, तुलनात्मक, व्याख्यात्मक तथा विश्लेषणात्मक विधिहरूको प्रयोग गरिएको छ । विभिन्न सामग्रीहरूको सङ्कलन गरी त्यसको व्याख्या गरिएको छ साथै सम्बन्धित पाठ्यपुस्तकबाट तथ्याङ्क सङ्कलन गरी त्यसको व्याख्या विश्लेषण गरिएको छ । यो शोधकार्य गुणात्मक प्रकृतिको रहेको छ ।

### ३.२ जनसङ्ख्या र नमुना

वर्तमान कक्षा सातको नेपाली पाठ्यपुस्तक यस अध्ययनको जनसङ्ख्याका रूपमा रहेको छ भने त्यसभित्रका तोकिएका नमुना अभ्यासहरु नमुनाका रूपमा रहेका छन् ।

### ३.३ नमुना छनोट प्रक्रिया

प्रस्तुत शोध अध्ययनमा समावेश गरिएका नमुना विद्यार्थीहरू चिट्ठा प्रणालीबाट छनोट गरिएको छ । सम्बन्धित विद्यालयका कक्षा सातमा अध्ययनरत नेपालीभाषी विद्यार्थीहरूमध्येबाट चिट्ठा प्रणालीबाट छनोट गरिएकाले यो अध्ययन यादृच्छिक नमुना छनोट प्रक्रियामा आधारित रहेको छ ।

### ३.४ तथ्याङ्क सङ्कलनका स्रोत

प्रस्तुत शोधकार्य प्राथमिक तथा द्वितीय स्रोतको सामग्रीको प्रयोगमा आधारित रहेको छ । खासगरी प्राथमिक सामग्रीको शुद्धता र स्तरीयतामा नै अनुसन्धान निर्भर हुने भएकाले प्राथमिक स्रोतबाट सङ्कलित सामग्रीलाई वस्तुगत बनाई पूर्णता प्रदान गर्न द्वितीय स्रोतको समेत उपयोग गरिएको छ ।

#### क. प्राथमिक स्रोत

प्रस्तुत अध्ययन कक्षा सातको नेपाली पाठ्यपुस्तकमा प्रयुक्त नमुना अभ्यासको अध्ययनमा केन्द्रित छ । खासगरी भाषिक सीप अभिवृद्धि गर्न नमुना अभ्यासहरू के कति उपयुक्त छन् भन्ने कुरामा यो अध्ययन पूर्ण रूपमा केन्द्रित भएको हुनाले सम्बन्धित पाठ्यपुस्तकलाई नै प्राथमिक स्रोत सामग्रीका रूपमा उपयोग गरी तथ्याङ्क सङ्कलन गरिएको छ ।

**ख. द्वितीयक स्रोत**

प्राथमिक स्रोतका अलावा तथ्य सङ्कलन गर्न द्वितीय स्रोतको पनि सहयोग लिइएको छ। यस क्रममा विभिन्न पाठ्यपुस्तकहरू, शिक्षक निर्देशिका, शोधपत्रहरू, सन्दर्भ पुस्तकहरू खोजी गरी अध्ययन गरिएको छ।

**३.५ तथ्याङ्क सङ्कलनका प्रक्रिया, साधन**

यस शोधकार्य तयार गर्न पुस्तकालयीय विधिको प्रयोग गरिएको छ। पुस्तकालयबाट विभिन्न पुस्तक, अभ्यास सम्बन्धित पुस्तकहरू तथा शोधपत्र अध्ययन गरिएको छ। त्यसैगरी कक्षा सातको भाषा पाठ्यपुस्तक र पाठ्यक्रमको अध्ययनबाट पुस्तकमा भएका नमुना अभ्यासको तालिका निर्माण गरिएको छ। नमुना अभ्यासलाई विद्या अनुसार भाषाका चारै सीपमा आधारित अभ्यासहर छुट्याइएको छ। यसै आधारमा रहेर निष्कर्ष निकालिएको छ।

**३.६ तथ्याङ्कको व्याख्या र विश्लेषण प्रक्रिया**

यस अध्ययन पुस्तकालयीय अध्ययन विधिमा केन्द्रित छ। यस क्रममा प्राप्त तथ्याङ्कलाई वर्णनात्मक विधिबाट अध्ययन व्याख्या र विश्लेषण गरिएको छ। भाषा पाठ्यपुस्तकमा भएका अभ्यासलाई भाषिक सीप अभिवृद्धिका दृष्टिले विश्लेषण गरिएको छ।

# अध्याय चार

## नतिजा/परिणाम र छलफल

### ४.१ परिचय

भाषालाई कुशल ढङ्गले व्यवहार गर्ने कला नै भाीषक सीप हो । भाषिक सीपमा अभ्यस्त बनाउनका लागि अभ्यासको धेरै महत्त्व हुन्छ । अभ्यासले नै मानिसलाई भाषिक व्यवहार गर्न सक्षम बनाउँछ । भाषालाई व्यवहार गर्न चाहिने सीपहरू मध्ये सुनाइ, बोलाइ पढाइ र लेखाइ भाषाका आधारभूत सीप हुन् । ती मध्ये सुनाइ र पढाइ ग्रहणात्मक सीप हुन् भने बोलाइ र लेखाइ अभिव्यक्तिगत सीप हुन् । त्यस्तै सुनाइ र बोलाइ मौखिक सीप हुन् पढाइ र लेखाइका लिपिबद्ध सीप हुन् (शर्मा र भण्डारी, २०६८:१०८) । यी चारओटै सीपको एकअर्कामा अन्योन्याश्रित सम्बन्ध हुन्छ । एउटा सीपको अभावमा अर्को सीपको अस्तित्व नै लोप भएर जान सक्ने देखिन्छ । भाषा शिक्षणका क्रममा गरी चारओटा सीपलाई समान महत्त्व दिएर अगाडि लैजान सके नै भाषा शिक्षणको अभिष्ट पूरा हुन्छ । भाषा शिक्षण सीप भए तापनि सर्वप्रथम अरू कसैले बोलेको सुन्न पाउनु पर्छ अनि मात्र सुनाइ सीपको विकास हुन्छ । सुनाइ सीपको विकास भएपछि बोलाइ र बोलाइमा अभ्यस्त भएपछि लेखाइ र पढाइ सीपको विकास हुन सक्छ (पाण्डेय, २०५३:३)

भाषा शिक्षणमा विषयवस्तु गौण र भाषिक सीपहरू प्रमुख रहन्छन् । सुनाइ र बोलाइ सरल एवम् पूर्ववर्ती सीप हुन् भने पढाइ र लेखाइ तीभन्दा जटिल उत्तरवर्ती सीप हुन् । यिनीहरूको क्रमजस्तो भए पनि कक्षाको स्तरअनुसार सबै सीपहरूको शिक्षण गर्नु अवश्यक हुन्छ अनि कक्षा वा स्तर वृद्धि हुँदै जाँदा ती सीपहरू पनि क्रमशः स्तरीकृत हुँदै जान्छन् । अर्को किसिमले भन्ने हो भने भाीषक सीपको विकास नै भाषिक कलाको विकास पनि हो । त्यसैले भाषिक सीप र भाषिक कलाका बीचमा पर्यावाची सम्बन्ध छ र दुवै एकअर्कासित अन्तर सम्बन्धित देखिन्छन् । सीप तथा कला जति अभ्यास गऱ्यो त्यति समृद्ध र परिष्कृत हुँदै जाने भएकाले भाषिक सीप वा भाषिक कलाको विकासमा अभ्यासको सर्वाधिक महत्त्व रहन्छन् (शर्मा र भण्डारी, २०६८:१०८) । सुनाइ सीपको विकास गराउनका लागि श्रुतिबोध, श्रुतिवर्णन, श्रुतिरचना, श्रुतिउच्चारण, श्रुतिलय, श्रुतिप्रश्नोत्तर श्रुति कथाकथन जस्ता अभ्यास गराउनु उपयुक्त देखिन्छ । त्यस्तै अभ्यासमा आधारित भएर शिक्षण गरेको खण्डमा नै सुनाइ र सीपमा दक्षता हासिल गर्न सकिन्छ । सुनाइ सीपको सम्बन्ध सबै सीपसँग अन्योन्याश्रित छ भन्ने कुरा माथिको कथनबाट प्रष्ट हुन्छ । यसपछिको बोलाइ सीप विकासमा पनि सुनाइ नै आधारभूत सीप बोलाइ हे । यो सीप विकासका लागि कुराकानी, अन्तर्वार्ता, संवाद, मौखिक प्रश्नोत्तर वस्तु, वस्तु वा चित्र वर्णन, कथा

कथन, यात्रा, वर्णन, मौखिक प्रतिवेदन, विभिन्न खेल, वादविवाद, नाट्यात्मक अभिनयजस्ता अभ्यासहरूको आवश्यकता पर्दछ ।

लेखाइ र पढाइ सीप सुनाइ र बोलाइभन्दा केही कठिन सीप हुन् । लिपिवद्ध दृश्यात्मक भाषामा उतारिएका ज्ञान एवम् सूचनालाई मस्तिष्कले सङ्गठित गरेर अर्थबोध गर्ने कला पढाइ सीप हो । आवश्यक मानिन्छ । यो सीप विकासका लागि मौन पठन, सस्वर पठन, लयात्मक पठन, द्रुत पठन, भाव पहिचानजस्ता अभ्यासहरूको आवश्यक कता पहिचानजस्ता अभ्यासहरूको आवश्यकता पर्दछ । यस्तै मनिसको सामान्य अभिव्यक्ति बोलाइ सीपबाट हुने भए पनि यस सीपमा दक्षता हासिल गर्न लेखाइ सीप आवश्यक हुन्छ । सुनेका जानेका पढेका र अनुभव गरेका वा भोगेका कुराहरूलाई स्थायित्व वा लेखाइ लिपि चिह्नमा प्रकट हुने हुनाले भाषाका चार सीपमध्ये यो अन्तिम तर महत्त्वपूर्ण उपाय मानिन्छ (पौडेल, २०६६:३०९) । यो सीप विकासका लागि अनुलेखन, श्रुतिलेखन, हस्तलेखन, अनुभव तथा घटना लर्णन, चिठी र निवेदन लेखन, सारांश लेखन, निबन्ध लेखन जस्ता अभ्यासहरूको आवश्यकता पर्दछ ।

भाषा विविध सीपहरूका निपूर्णता प्राप्तिका लागि अभ्यासको आवश्यकता भएको हो । अभ्यासलाई भाषा सिकाइको मेरुदण्ड मानिन्छ । त्यसैले भाषा सिकाइमा नमुना अभ्यास महत्त्वपूर्ण सामग्रीको रूपमा देखिन्छ । भाषाको ज्ञान र सीपको स्थायित्वका लागि निरन्तर रूपले अभ्यास गर्नु जरुरी छ । धैरैजसो विषयमा शिक्षणको निम्ति पाठको प्रयोगभन्दा अभ्यास गराउनु उचित देखिन्छ । भाषा पाठ्यपुस्तकमा प्रत्येक पाठ्यविषयके अध्ययन गरे पश्चात त्यस विषयवस्तुसँग सम्बन्धित सीप उजागर गर्ने किसिमका गरे पश्चात त्यस विषयवस्तुसँग सम्बन्धित सीप उजागर गर्ने किसिमका अभ्यास दिइएको हुन्छ । जुन अभ्यासको कार्य विषयवस्तुको ज्ञानभन्दा पनि भाषिक सीपको अभिवृद्धिमा केन्द्रित हुन्छ (गेलाल, २०६८:१७) ।

नमुना अभ्यासको प्रयोग खासगरी 'गर र सिक' भन्ने धारणाबाट अभिप्रेरित भई पाठ्यपुस्तकमा समावेश गरिएका हुन्छन् । लेखाइ सीपका लागि उपयोगी हुने सामग्रीहरूको व्यस्थाले अभ्यासलाई अझ बढी प्रभावकारी बनाएको हुन्छ । यस्ता सामग्रीहरू व्याकरण, शब्दभण्डार र पठनबोधसँग सम्बन्धित गराएर राखिन्छन् । व्याकरणसम्बन्धी अभ्यासहरू अघि सारिएका हुन्छन् । शिक्षण सिकाइबाट विद्यार्थीले के कति सीप सिकाइ हासिल गरे भन्ने जानकारीका लागि नमुना अभ्यास मिलाइए समस्या समाधान गर्न सक्ने हुनु पर्दछ । यस्ता अभ्यासबाट भाषाको ज्ञान सीपको मूल्याङ्कन गर्न सकिन्छ । शिक्षक र विद्यार्थीहरूको शैक्षिक कार्यक्रमबाट निरन्तर रूपमा अघि बढाउँन अभ्यासले नै मद्दत गर्दछ । शिक्षण सिकाइ कार्यलाई व्यवस्थित गर्न र निर्माणात्मक मूल्याङ्कनलाई सहज बनाउन अभ्यासको महत्त्वपूर्ण भूमिका रहन्छ ।

भाषा पाठ्यपुस्तकमा विभिन्न विषय क्षेत्रका विधाहरू समावेश गरिनुको उद्देश्य विभिन्न भाषिक सीपमा कुशलता प्राप्त गराउनुका पनि हो। अन्य विषयका सिकारुलाई जस्तो भाषाका सिकारुलाई निर्देशिन र प्रयोगबाट मात्र सिकाउन सिकाउन सम्भव हुँदैन। त्यसका लागि प्रशस्त अभ्यासको व्यवस्था गरिएको हुनुपर्दछ। भाषा पाठ्यपुस्तकमा राखिएका अभ्यासहरू भाषिक सीपका साथै पठनबोधसँग सम्बन्धित हुनुपर्दछ। पाठ्यवस्तुअनुसार अभ्यास राखिने हुनाले विद्याको प्रतिनिधित्व हुने गरी अभ्यासको निमाण गरिएको हुन्छ। विषयगत र पठनबोध जस्ता सामग्री राखेर पनि तिनीहरूले भाषिक सीप उजागर गर्ने किसिमका अभ्यासहरू राखिनु पर्दछ। भाषिक सीप उजागर गर्ने किसिमका अभ्यासहरू राखिनु पर्दछ। भाषिक सामग्रीका रूपमा शब्दभण्डार, किसिमका अभ्यासहरू राखिनु पर्दछ। भाषिक सामग्रीका रूपमा शब्दभण्डार, भाषिक संरचना, वाक्यात्मक संरचना र वाक्यांश आदिलाई अभ्यासमा समावेश गरिन्छ। विषयगत सामग्रीको धारणा र विचारलाई स्पष्ट पार्ने गरी बोधसँग समाहित हुने सामग्रीहरू समावेश गरिएको हुन्छ।

### ४.२ छलफल/व्याख्या

### ४.२.१ पाठगत आधारमा नमुना अभ्यासको अध्ययन

### ४.२.२ पाठ एक 'परिचय' कवितामा समाविष्ट नमुना अभ्यास

कविता लयात्मक विधा हो। कविता लयवद्ध वाचन र श्रवण गरेर साहित्यिक आनन्द लिन सकिन्छ। लयात्मक एकालापको कथनपद्धतिलाई कविताको रूपमा चिनिन्छ (भण्डारी र पौडेल, २०६६:१)। यस्ता अभ्याहरूलाई भाषिक सीपसँग अन्तरसम्बन्धित बनाएर राख्नु नै भाषा पाठ्यपुस्तकको ध्येय हो। कविता शिक्षणलाई सरल बनाएर राख्नु नै भाषा पाठ्यपुस्तक ध्येय हो। कविता शिक्षणलाई सरल र प्रभावकारी बनाउन विविध क्रियाकलाप गर्न सकिन्छ। यसबाट कल्पनात्मक, भावनात्मकताको विकासमा सहयोग पुग्दछ। कविता सिर्जनाका लागि शब्द भण्डारको भूमिका महत्त्वपूर्ण हुने भएकाले शब्दार्थ तथा शब्द भण्डारमा विशेष क्रियाशील गराउनु पर्दछ।

### ४.२.३ सुनाइ र बोलाइ सीपसँग सम्बन्धित अभ्यास

यस पाठमा विद्यार्थीहरूमा सुनाइ र बोलाइ सीप विकास गराउन निम्न अभ्यासहरू राखिएको छ :

प्रश्न खः तलका शब्द शुद्ध उच्चारण गर (ऐ)

हर्दम, सदैव, ज्वाला, अत्याचारी, प्रलय, अस्त, पुञ्ज, देश, द्रोही

माथि प्रश्न 'क' को अभ्यासले विद्यार्थीहरूलाई शुद्ध उच्चारण गर्न र शब्दका फरक अर्थ बुझ्न सहयोग गर्ने हुँदा बोलाइ सीपमा मद्दत गर्ने तथा प्रश्न 'ख' को अभ्यासले पनि शुद्ध

उच्चारण पठन र वाचन सीप विकास गराउन सुनाइ, बोलाइ र पढाइ तीनै सीपमा सक्षम बनाउनु पर्दछ ।

### ४.२.४ पढाइ र लेखाइ सीपसँग सम्बन्धित अभ्यास

विद्यार्थीमा लेखाइ सीपको विकास गराउन अथवा उच्चारण, पठन र वाचन सीप विकास गराउन सुनाइ, बोलाइ र पढाइ तीनै सीपमा सक्षम बनाउनु पर्दछ । त्यसैले लेखाइ तथा पढाइ सीपमा बढी अभ्यास गराउनुका लागि यस पाठमा निम्न अभ्यासहरू समावेश गरिएको छ ।

प्रश्न (क) 'परिचय' कविता गति, यति र लय मिलाएर पढ (नेपाली २)

प्रश्न (ख) ठीक शब्द छानेर खाली ठाउँ भर (नेपाली ४)

अ. नेपालीहरूको आत्मा ………. छ । (अजर, अमर, अस्त)

आ. हामी नेपालीहरू ………. गिरिमा चढ्न सिपालु छौँ (कठिन, जगत, प्रकृति)

प्रश्न (ग) तलका शब्द शुद्धसँग उच्चारण गर र वर्णको भिन्नताले हुने फरक अर्थ शिक्षकलाई सोधेर बुझः (ऐ)

तर/तर/दर    चल/छल/जल    चार/झार/जार/सार

प्रश्न (घ) तलका प्रश्नको उत्तर लेखः (नेपाली ३)

अ. कविले नेपालको परिचय कसरी दिएका छन् ?

आ. दोस्रो श्लोकमा कविको कस्तो इच्छा प्रकट भएको छ ?

इ. कवितामा कुन कुन उद्देश्य पूरा गर्न माथ ताक्ने कुरा गरिएको छ ?

ई. 'परिचय' कविताबाट प्राप्त हुने मूल सन्देश के हो ?

प्रश्न (ङ) भाव विस्तार गर (नेपाली : ३)

शिक्षा मेरा जगत् भएको गर्नु रक्षा सदैव
दीक्षा यै हो परहित गरु आखिरी श्वाससम्म ।

प्रश्न (च) लामो उत्तर लेख (नेपाली ३)

अ. 'परिचय' कवितामा श्लोकलाई वाक्यमा लेख ।

आ. कवितामा आधारमा नेपालीका विशेषता केके हुन्, वर्णन गर ।

प्रश्न (छ) तलका शब्दलाई अर्थ खुल्ने गरी वाक्यमा प्रयोग (नेपाली : ४)

गिरी, प्रलय, अमर, पुञ्ज, देश द्रोही

प्रश्न (ज) कविताको तेस्रो श्लोक कापीमा सार (नेपाली : ४)

माथि दिइएका प्रश्न क र ग ले विद्यार्थीमा शुद्ध वाचन र उच्चारण सीप विकास गर्न सहयोग पुऱ्याउँछ । यी सीपहरू पढाइ सीपसाग सम्बन्धित रहेको देखिन्छ भने प्रश्न ख, घ, ङ, च ले विद्यार्थीहरूमा पढाइ र लेखाइ सीपको विकस गर्ने अपेक्षा राख्न सकिन्छ किनभने पाठको

राम्रोसँग पढाइ भएपछि मात्र खाली ठाउँ भर्न र उत्तर (लामो वा छोटो लेख्ने अभ्यास गर्न सकिन्छ । पढाइ सीपको प्राप्तिपछि मात्र विद्यार्थीमा लेखाइ सीपको विकास हुन्छ । यस्ता अभ्यासले विद्यार्थीमा सूक्ष्म रूपले पढ्ने बानी बसाल्ने भएकाले पढाइ सीपमा पनि यी अभ्यास उपयोगी छन् ।

### ४.२.५ निष्कर्ष

'परिचय' कवितामा प्रयुक्त अभ्यास शब्दभण्डार तथा उच्चारण हिज्जेमा राखिएका अभ्यासहरू भाषाका चारओटै सीप विकास गर्नका लागि समावेश गरेको पाइन्छ । सुनाइ र बोलाइ सीपका लागि शब्दको शुद्ध उच्चारण गर्ने अभ्यास उपयुक्त हुन्छ । पढाइ सीपका लागि सस्वर वाचन गर्ने अभ्यास उपयुक्त छ साथै खाली ठाउँ भर्ने, छोटो उत्तर लेख्ने अभ्यासले पनि लेखाइभन्दा पढाइ सीपको विकास गर्ने देखिन्छ । जम्मा सोह्रओटा अभ्यास भएको यस पाठमा दशओटा अभ्यास लेखाइ र पढाइ सीपमा आधारित छन् । यद्यपि लेखाइ सीपले अगाडिका तीनओटै सीपलाईसँगै लैजाने भएकाले यस पाठमा प्रयुक्त नमुना अभ्यासले भाषिक सीप विकास गर्ने देखिन्छ । जम्मा सोह्रओटा अभ्यास भएका यस पाठमा दसओटा अभ्यास लेखाइ र पढाइ सीपमा आधारित छन् । यद्यपि लेखाइ अगाडिका तीनओटै सीपलाई सँगै लैजाने भएकाले यस पाठमा प्रयुक्त नमुना अभ्यासले भाषिक सीप विकास गर्ने देखिन्छ ।

## ४.३ पाठ दुई 'मामालाई सुधार्ने भान्जो' कथामा समाविष्ट नमुना अभ्यास

कथा भाषा पाठ्यपुस्तकमा प्रयुक्त विधामध्ये रोचक विधामध्ये रोचक विधा भएकाले यसबाट भाषिक सीपहरूको विकास गर्न प्रत्यक्ष सहयोग पुग्दछ । कथा शिक्षणको प्रयोजन साहित्यिक आश्वादन गराउँनु, भाषिक परिष्कारका साथै स्वस्थ मनोरञ्जन दिनु, विषयबोध र रुचि सम्बर्द्धन गर्नुका साथै नैतिक उपदेश, अनुशासन, चरित्र निर्माण र सिर्जनशील दक्षमताको विकास गराउनु हो (शर्मा र पौडेल, २०६०:१९८) । कथा शिक्षणबाट कथानात्मक अभिव्यक्ति सीपको अभिवृद्धि गर्न, कल्पना शक्तिको विकास गराउनका साथै पठन बोध, श्रुतिबोध गराउन सकिन्छ । यस्ता सीप प्राप्तिका लागि कथन, कथा श्रवण, कथाको अनुकृत लेखन गराउन सकिन्छ । कथाका माध्यमबाट सस्वर तथा मौन पठन, पठनबोध, प्रश्नोत्तर, बुँदाटिपोट, सारांश लेखन, घटनाक्रम मिलाउने, कठिन शब्दको उच्चारण अर्थ र प्रयोग गर्ने, श्रुतिलेखन, अनुलेखन गर्ने जस्ता कार्यकलाप समेटेर निर्माण गरेका नमुना अभ्यासले नै भाषिक सीपलाई उजागर गर्न सक्दछ ।

### ४.३.१ सुनाइ र बोलाइ सीपसँग सम्बन्धित नमुना अभ्यास

यस पाठमा भएका सुनाइ र बोलाइ सीपसँग सम्बन्धित नमुना अभ्यास निम्नानुसार छन् ।
प्रश्न (क) उत्तर भन (पृष्ठ १०)

अ. मामाले भान्जालाई के सिकाउँथ्यो ?

आ. छोराले आमालाई के भन्यो ?

इ. खरायोले समाचार भन्यो कि भनेन ?

प्रश्न (ख) माथिको कथा पालैपालो गरी पढेर कथामा सुनाऊ र साथीले पढेको पनि सुन ।

प्रश्न (ग) तलका शब्द शुद्धसँग उच्चारण गर । वर्णको फरकले हुने अर्थको भिन्नाता कक्षा छलफल गर । (पृष्ठ १२)

| | | |
|---|---|---|
| तार/टार | घोडा/गोडा/जोड | करायो/खरायो |
| आमा/मामा | फल/बल/मल | तरर/दरर/थरर |

प्रश्न (घ) तलका शब्द ठीसँग उच्चारण गर (पृष्ठ १२)

हत्तेरी, चर्तिकला, पत्याएन, क्षतिपूर्ति, मिष्ठान्न, पिँध, प्रस्ताव

प्रश्न (ङ) कसले कसलाई भनेको हो ? पाठका आधारमा खोजेर भनः (पृष्ठ १०)

अ. तपाईलाई र सहयोग गर्ने हुन्न ।

आ. होइन, कसलाई खबर पठाउनु भयो ?

इ. त्यसो भए मेरो बिहे गराइदेऊ न त ।

माथिका प्रश्न 'क', 'ख' र 'ङ' ले विद्यार्थीहरूमा राम्रोसँग पढ्ने र भनिएका कुरालाई ध्यानपूर्वक सुन्ने बानीको विकास गर्नलाई सुनाइ र बोलाइ सीपको विकासमा सहयोग पुऱ्याउँछ भने प्रश्न 'ग' र 'घ' ले विद्यार्थीमा राम्ररी सन्न, सही उच्चारण गर्न र तिनका अर्थ बुझ्न सघाउ पुऱ्याउँछ । जसले सुनाइ र बोलाइ दुवै सीपको एकैपटक अभ्यास पऱ्याउँछ ।

### ४.३.२ पढाइ र लेखाइ सीपसँग सम्बन्धित नमुना अभ्यास

यस पाठमा पढाइ र लेखाइ सीपसँग सम्बन्धित निम्न अभ्यासहरू छन् ।

प्रश्न (क) पाठका आधारमा ठीक शब्द राखेर खाली ठाउँ भर (पृष्ठ १०)

अ. अरू मानिसलाई .......... ठीक होइन । (ढाँट्न, पिट्नु, ठग्नु)

आ. मामा रतयानिंदै भान्जाकहाँ पुग्यो र ........ माग्न थाल्यो । (पैसा, खानेकुरा, क्षतिपूर्ति)

इ. ओहो मामा ! तपाईले फालेपछि म नदीको........ पुगेँ । (किनारमा, माझमा, पिँधमा) ।

प्रश्न (ख) उत्तर लेख (पृष्ठ ११)

अ. भान्जो ठग मामालाई के भन्थ्यो ?

आ. ठग र उसकी श्रीमतीबीच नि भनाभन भयो ?

इ. बोरामा हालिरएको मान्जो कसरी उम्कियो ?

ई. मान्जाले मामालाई बोरामा किन खुकुलै बाँध्यो ?

उ. भान्जाले ठग मामालाई कसरी सुधाऱ्यो ?

प्रश्न (ग) पाठबाट लट्ठी हत्तेरी जस्ता अन्त्यमा दीर्घ इकार हुने दस ओटा शब्द खोजेर लेख । (पृष्ठ १२)

प्रश्न (घ) भिनाजु, सिपालु जस्ता अन्त्यमा ह्रस्व उकर हुने र भाइजू, आफू जस्ता दीर्घ उकार हुने पाँच पाँच शब्द साथीहरूसँग छलफल गरेर लेख : (पृष्ठ १२)

माथिका प्रश्न क र च ले विद्यर्थीहरूमा पढाइ र लेखाइ सीपको विकास गराउन सहयोग पुऱ्याउँछ । यी सीपहरू पढाइ र लेखाइ सीपसँग सम्बन्धित छन् । पाठको पढाइ राम्रोसँग गरेर प्रष्ट कुरा बुझेपछि मात्र उत्तर लेखन जोडा मिलाउनु वाक्य बनाउन, उल्टो र उस्तै अर्थ छुट्याउने अभ्यास गर्न सकिन्छ । तसर्थ यस्ता अभ्यासले विद्यार्थीलाई शब्दज्ञान गराउने भए पनि यसमा पाठको गहन् अध्ययन गर्न आवश्यक हुन्छ । त्यसैले यस्ता अभ्यासबाट लेखाइ सीप कम र पढाइ सीपको बढी विकास हुन देखिन्छ ।

### ४.३.३ निष्कर्ष

प्रस्तुत 'मामालाई सुधार्ने भान्जो' कथामा राखिएका नमुना अभ्यासहरू कथा शिक्षणको उद्देश्य अनुरूप नै रहेको देखिन्छ । व्याकरण अभ्यासहरू बाहेक १६ ओटा अभ्यास भएको यस पाठमा पढाइलाई प्रमुख मानेर त्यसै अनुरूप अभ्यासको समावेश गरिएको पाइन्छ । कथा पढेर उत्तर भन्ने, कथा पढ्ने, उत्तर लेख्ने, शब्द भण्डार, उखानको प्रयोगजस्ता अभ्यासहरू समावेश गरेर बोलाइ पढाइ र लेखाइ जस्ता भाषिक सीपलाई समानुपातिक ढङ्गले समावेश गरिएको पाइए तापनि सुनाइ सीपमा आधारित नमुना अभ्यासको भने कमी रहेको देखिन्छ । नमुना अभ्यासकै माध्यमबाट विद्यार्थीलाई उखानको ज्ञान हुने र त्यसमा अभ्यास गराउनाले विद्यार्थीको पढाइ र लेखाइमा थप निरन्तरता ल्याउने देखिन्छ ।

### ४.४ पाठ तीन 'साँस्कृतिक एकताको पर्व : छठ' प्रबन्धमा प्रयुक्त नमुना अभ्यास

गद्य भाषामा लेखिएको जीवन जगतकै विषयवस्तु मानव विचारलाई प्रस्तुत गरिएको लघु कुलेवरमा संरचित साहित्यिक विद्यालाई प्रबन्धका रूपमा लिइन्छ (भण्डारी र अन्य २०६६:४५३) । यस विधाको मुख्य प्रयोजन विद्यार्थीमा गद्यात्मक अभिव्यक्तिको बोध दक्षमताका साथै उद्यात्मक लिखित अभिव्यक्ति क्षमताको विकास गर्नु हो । यसको सिकाइमा क्रममा निर्दिष्टसित र स्वतन्त्र रूपमा लेखन अभ्यास गराउनु पर्दछ । गद्यात्मक अभिव्यक्तिको अभ्यास गराउँदा मौन पठन, प्रश्नोत्तर, छलफल, व्याख्या आीदको उपयोग गर्नुपर्दछ । यसका अतिरिक्त प्रबन्ध शिक्षणका क्रममा अभ्यासका रूपमा सस्वर पठन, बुँदाटिपोट, सारांश, भाव विस्तार, व्याख्याका साथै शब्दोच्चारण, कठिन शब्दको अर्थ पहिचान र वाक्यमा प्रयोग, श्रुतिलेखन तथा अनुलेखन जस्ता अभ्यास गराउनु

आवश्यक हुन्छ (आधारभूत शिक्षा पाठ्यक्रम, २०६९) । शब्दभण्डार शिक्षणका लागि भने प्रबन्ध निकै प्रभावकारी विधा मानिन्छ ।

### ४.४.१ सुनाइ र बोलाइ सीपसँग सम्बन्धित अभ्यास

प्रस्तुत प्रबन्धमा सुनाइ र बोलाइ सीपको विकासका लागि निम्न अभ्यासहरूको प्रयोग गरिएको छ :

प्रश्न (क) एक वाक्यमा उत्तर भन (पृष्ठ १९)

अ. छठ कसले मनाउने पर्व हे ?

आ. छठमा कुन कुन देवताको पूजा हुन्छ ?

इ. छठको मुख्य व्रत कति दिनको हुन्छ ?

इ. सूर्यलाई अर्घ दिदा राख्नै पर्ने मुख्य सामग्रीहरू केके हुन् ?

प्रश्न (ख) कक्षामा ‘साँस्कृति एकताको पर्वः छठ’ प्रबन्ध पालैपालो पढेर सुनाऊ र साथीले पढेको सुन । (पृष्ठ २२)

प्रश्न (ग) शुद्धसँग उच्चारण गर र कापीमा सार (पृष्ठ २२)

ल्होसार, धर्मावलम्वी, शुक्ल पक्ष, अपम्रश, आपराह्न व्रतालु, साष्टाङ्ग, दण्डवत, गुप्तवास, कृतज्ञता ।

प्रश्न (घ) तलका शब्दको अर्थ भन : (पृष्ठ २१)

जाग्राम, कन्दूल, वनवास, समुदाय, पुकार्नु, कामना, उपयुक्त अभ्यासहरू बोलाइ सीपका लागि उपयुक्त देखिन्छन् । यस्ता अभ्यास गर्न सर्वप्रथमक सुनाइ सम्बन्धी अभ्यास हुन जरुरी छ । भाथिको प्रश्न (क) ले विद्यार्थीमा पढाइ र लेखाइ सीपको विकास गराउन सहयोग पुऱ्याँछ । प्रश्न (ख) ले सुनाइ र बोलाइ सीप विकास गराउन सहयोग गर्दछ भने प्रश्न (ग) ले शुद्ध उच्चारण गर्न लेखाइ सीपको विकसमा सहयोग गर्दछ ।

### ४.४.२ पढाइ र लेखाइ सीपसँग सम्बन्धित अभ्यास

नेपाली भाषा पाठ्यपुस्तकमा प्रयोग भएका अभ्याहरूमध्ये पढाइ र लेखाइसँग सम्बन्धित अभ्यास प्रमुख मानिन्छन् । यिनै सीपको आधारमा रहेर यस पाठमा निम्न अभ्यासहरू राखिएको छ :

प्रश्न (क) पाठबाट उपयुक्त शबद खोजेर खाली ठाउँ भर : (पृष्ठ २०)

अ. ब्रतको दोस्रो दिन साँझमा ........... पुजा हुन्छ ।

आ. छठको दिन ............. हरू रातभर जाग्रामा बस्छन् ।

इ. सूर्य पूजकहरूमा ............. को मेदभाव हुँदैन ।

ई. हिजोआज ........... पनि सूर्य उपासनाको पर्वमा सहभागी हुन थालेका छन् ।

प्रश्न (ख) ठीक उत्तरमा (√) ठीक चिनो लगाऊ : (पृष्ठ २०)

अ. छठको विशेषता कुन होइन ?

१. पारिवारिक मिलन दुई सबै धर्म मान्नेहरूको साझा आस्था

३. छिमेकी र आफन्तहरूसँग शुभकामना आदान र प्रदान

४. ज्येष्ठ महिला सदस्यहरूको नेतृत्वमा ब्रत र पूजा

आ. छठ साँस्कृतिक एकताको पर्व हुने मुख्य आधार कुन हे ?

१. छुवाछुतको भावना नहुनु

२. सद्भाव बढाउनु

३. धेरै जाति र समुदायका मानिसहरू सहभगागी हुनु

४. सबै ब्रतानुहरू प्रकृति पूजक हुनु

प्रश्न (ग) उत्तर लेखः (पृष्ठ २१)

अ. छठ प्रति ब्रतालुहरूको कस्तो आस्था रहेको हुन्छ ?

आ. छठ कहिलेदेखि प्रारम्भ भएको मान्छि ?

इ. छठका दिन गरिने क्रियाकलाप केके हुन् ?

प्रश्न (घ) भाव विस्तार गर (पृष्ठ २१)

छठले विभिन्न धर्म, समुदाय र जातिलाई जोड्ने सेतुको काम गरेको छ ।

प्रश्न (ङ) छठका हरफका विपरीतार्थी शब्दसँग जोडा मिलाई कापीमा सारः (पृष्ठ २१)

प्रश्न (च) पाठको चौथो अनुच्छेद शिक्षकबाट सुने र लेख (पृष्ठ २२)

प्रश्न (छ) पाठको पहिलो अनुच्छेद कापीमा सार (पृष्ठ २२)

पाठ्यपुस्तकमा प्रयुक्त उपर्युक्त अभ्यासमध्ये प्रश्न ‘क र ख ले पढाइ सीप विकासमा बढी जोड दिएका छन् । यस्ता अभ्यासले विद्यार्थीमा गहन अध्ययन गर्ने बानीको विकास हुनुका साथै लेखाइ सीप विकास गर्न पनि सहयोग पुऱ्याउँछन् । नयाँ शब्द बनाउने, उस्तै अर्थ दिने शब्द पत्ता लगाउने, वाक्य बनाउने जस्ता अभ्यासले विद्यार्थीमा पढाइ र लेखाइ दुइटै भाषिक सीपको विकास गर्ने देखिन्छ । प्रश्न ञ र ट का अभ्यासले ध्यानपूर्वक सुनन र लेख्न तथा अनुलेखन गर्ने कुरामा सहयोग पुऱ्याउँदछ ।

### ४.४.३ निष्कर्ष

साँस्कृतिक एकताको पर्व छठ प्रबन्ध राखिएका अभ्यासहरू निबन्ध/प्रबन्ध शिक्षणको उद्देश्य अनुरूप नै रहेको देखिन्छ । व्याकरण अभ्यास बाहेक १७ ओटा अभ्यास समावेश गरिएको

यसपाठमा पढाइ/लेखाइलाई पाठ पढ्ने मानेर त्यसै अनुरूप अभ्यास समावेश गरिएको पाइन्छ। पाठ पढ्ने, उत्तर भन्ने, लामो छोटो उत्तर लेख्ने जोडा मिलाउने, खाली ठाउँ भर्ने, ठीक भनाइ छान्ने, श्रुतिलेखन र अनुलेखन गर्ने, शब्दभण्डार तथा उच्चारण गर्ने जस्ता अभ्यासहरू अभ्यास खण्डमा समावेश गरेर सुनाइ, बोलाइ, पढाइ र लेखाइजस्ता भाषिक सीपलाई समानुपातिक ढङ्गले समावेश गरिएको छ। नमुना अभ्यासकै माध्यमबाट विद्यार्थीलाई नयाँ शब्द निर्माण गर्ने शब्द र अर्थको जोडा मिलाउने, कठिन शब्दको शुद्धोच्चारण गर्ने कार्यले प्रबन्ध शिक्षणको उद्देश्य अनुरूप विद्यार्थीको शब्दभण्डारहरू ज्ञानमा थप निखारता ल्याउने देखिन्छ।

### ४.५ पाठ चार 'आन्तरिक पर्यटन' संवादमा प्रमुक्त नमुना अभ्यास

पाठ्यक्रम समावेश गरिएको छ। संवाद रूपक विधाअन्तर्गत पर्ने भाषा शिक्षणका लागि रोचक र प्रभावकारी विधा मानिन्छ। यस विधा अन्तर्गत एकाङ्की, संवाद वादविवादलाई नि.मा.वि. तहको पाठ्यक्रममा समावेश गरिएको छ। रूपक शिक्षणका मुख्य प्रयोजन तथा अभिव्यक्ति कौशल बढाउनु हो। अतिरिक्त विद्यार्थीलाई जानकारी एवम् सन्देशमूलक सूचना दिनु यसको उद्देश्य हो। साहित्यिक र सास्वादनका लागि पनि रूपक प्रभावकारी मानिन्छ। यसको शिक्षण गर्दा निर्दिष्ट संवाद/वक्तृता वा दैनिकीलाई परिस्थिति पात्र तथा भावानुकूल वाचन, अभिनय एवम् भूमिका निर्वाहको अभ्यास गराउनु पर्दछ। यस क्रममा कथ्य अभिव्यक्ति क्षमता बढाउन सहायक हुने हाउभाउ स्वरको आरोह, अवरोह, आबात गति, यति आदिको ख्याल गर्नु पर्दछ (आधारभूत शिक्षा पाठ्यक्रम, २०६९)। रूपक विधाको अभ्यास गराउँदा प्रश्नोत्तर, कुराकानी, भाव पहिचान, संवाद लेखन, स्वतन्त्र लेखन, अनुलेखन, श्रुतिलेखन, संवाद वा वादविवादको अनुकरणात्मक लेखन, संवादपूर्ति आदि क्रियाकलाप गराउनु पर्दछ।

#### ४.५.१ सुनाइ र बोलाइ सीपसँग सम्बन्धित अभ्यास

यस पाठमा सुनाइ र बोलाइ सीपको विकासका लागि निम्न अभ्यासहरू समावेश गरिएको छ :

प्रश्न (क) उत्तर मन (पृष्ठ ३०)

अ. कुन विद्यालयका विद्यार्थीहरू वनभोज खान गएका हुन् ?

आ. नदी किनारतिर डुल्न कतिजना गए ?

इं संवादको थालनी कसरी भयो ?

प्रश्न (ख) तलका शब्दको अर्थ मन (पृष्ठ ३२)

अवलोकन, नक्सा, सुदूर, चिनारी, इतिहास, भूगोल, संस्कृति

प्रश्न (ग) शुद्धसँग उच्चारण गर (पृष्ठ ३२)

महत्त्वपूर्ण, पर्यटकीय, दृश्यावली, मल्लिकार्जुन, सिँजा उपत्यका, स्वर्गद्धारी, फोक्सुण्डो, शुक्लाफाँटा, स्वयमम्भू, पिण्डेश्वर, मनोरञ्जन

प्रस्तुत अभ्यासका प्रश्न क र ग बोलाइ शिक्षणसँग सम्बन्धित छन् । प्रश्नको उत्तर दिन र शब्दको अर्थ भन्न सूक्ष्म रूपमा पढ्न अनिवार्य भएकाले यस्ता अभ्यासले पढाइ सीपको विकास गर्न पनि सहयोग भएकाले यस्ता अभ्यासले पढाइ सीपको विकास गर्न पनि सहयोग भएकाले यस्ता अभ्यासले पढाइ सीपको विकास गर्न पनि सहयोग पुऱ्याउँछन् । त्यस्तै प्रश्न घले राम्ररी सुत्ने र शुद्ध उच्चारण गर्ने सीपको विकास गर्न मद्दत गर्दछन् ।

### ४.५.२ पढाइ र लेखाइ सीपसँग सम्बन्धित अभ्यास

यस पाठमा पढाइ र लेखाइ सीपसँग सम्बन्धित निम्न अभ्यासहरू समावेश गरिएको छ :

प्रश्न (क) पाठका पात्रहरू बनेर 'आन्तरिक पर्यटन' संवाद हाउभाउसहित पढेर सुनाऊ (पृष्ठ ३२)

प्रश्न (ख) ठी उत्रमा ठीक (√) चिनो लगाऊ (ऐ)

अ. आन्तरिक पर्यटनको फाइदा कुन होइन ?

१. फुर्ति, प्रेरणा र मनोरञ्जन प्राप्त हुने

२. गएका ठाउँको विशेषता थाहा पाइने

३. कल कारखानाको विकास हुने

आ. आन्तरिक पर्यटन पाठको मुख्य उद्देश्य के हो ?

१. नेपालका मुख्य साँस्कृतिक पर्यटकीय स्थलका बारेमा जानकारी गराउनु

२. प्राकृतिक, साँस्कृतिक, धार्मिक एवम् एतिहासिक पर्यटकीय स्थालका बारेमा जानकारी गराउनु ।

३. नेपालका केही प्राकृतिक स्थालका बारेमा ज्ञान गराउनु ।

प्रश्न (ग) छोटो उत्तर लेख (पृष्ठ ३१)

अ. आन्तरिक पर्यटन भनेको के हो ?

आ. यस पाठबाट तिमीले सिकेको मुखय कुरा के हो ?

प्रश्न (घ) पाठका आधारमा आन्तरिक पर्यटनका फाइदाहरूबारे दस वाक्य लेख (ऐ)

प्रश्न (ङ) तल्लो हरफका विपरीतार्थी शब्दसँग जोडा मिलाई कापीमा साएर (ऐ)

पूर्व बिदेश ताजा पहाडी

स्वदेश मघेसी पश्चिम बासी

प्रश्न (च) तलको गद्यांश राम्रा अक्षरमा कापीमा सार (ऐ)

खोटाङको हलेसी, दोलखाको भीमेश्वर एवम् कालिन्चोक मन्दिर र जिरी प्रसिद्ध छन् । सोलुखुम्बुको नाम्चे र खुम्बु क्षेत्र पर्यटकीय दृष्टिले रमणीय छन् । सुनसरीको पिण्डेश्व दन्तकाली, बुढासुब्बा र वराह क्षेत्र पनि नामी ठाउँ हुन् । इलामको कन्याम र माइपोखरी तथा ताप्लेजुङको पाथिभरा मुख्य स्थल हुन् । त्यसैले यस्ता अभ्यासहरू पढाइ र लेखाइ सीपको विकासमा उपयोगी मानिन्छन् ।

### ४.५.३ निष्कर्ष

संवाद रूपक विधा अन्तर्गत पर्दछ । यो विधाको शिक्षण बोलाइ सीप विकासका लागि गरिने भएकाले पाठ पढ्ने क्रममा नै बोलाइ सीपको प्रशस्त अभ्यास गराउनु पर्ने हुन्छ । यस पाठमा व्याकरण अभ्यास बाहेक जममा १५ ओटा अभ्यासहरू कुनै न कुनै रूपमा बोलाइ सीपसँग सम्बन्धित नै देखिन्छन् । पाठमा राखिएको पहिलो अभ्यासले नै विद्यार्थीहरूमा पढाइ र बोलाइ सीपको अभ्यास गराउँछ साथै अरू सीपका अभ्यासलाई समावेश गर्ने क्रममा प्रश्नोत्तर साथै अरू सीपका अभ्यासलाई समावेश गर्न क्रममा प्रश्नोत्तर, वाक्यमा प्रयोग, शुद्ध उच्चारण गर, ठीक उत्तर छान जस्ता अभ्यासहरू समावेश गरिएको छन् ।

## ४.६ पाठ पाँच 'साहित्यकार झमक' जीवनमा प्रयुक्त नमुना अभ्यास

जीवनी विधा विशिष्ट शक्तित्वका जीवनलाई आधार मानी प्रस्तुत गरिन्छ । जीवनीका माध्यमबाट विशिष्ट व्यक्तित्व एवम् चरित्रहरूको मौखिक तथा लिखित वर्णन गर्ने सीपको विकास गराउन सकिन्छ । यो गद्य खास कुनै क्षेत्रमा उल्लेखनीय काम गरि सकेका वा गरिरहेका व्यक्तिका व्यक्तिगत विषयसँग सम्बन्धित हुने हुनाले यसमा चारित्रिक विशेषताको प्रस्तुतिमा जोड दिइन्छ । जीवनी विधाका पाठहरूमा श्रुतिबोध, पठनबोध सस्वर तथा मौन पठन, सारांश लेखन, घटनाक्रम मिलाउनु, क्रियाकलाप गराउनु अनुलेखन, कठिन शब्दको उच्चारण, अर्थ र प्रयोग जस्ता क्रियाकलाप गराउनु पर्दछ (मा.ने.शि.पा., २०६४) । जुन नमुना अभ्यासले सिर्जनात्मक क्षमताको विकास गर्नुका साथै प्रयोजनपरक भाषिक क्षमता हासिल गर्न थप ऊर्जा प्रदान गर्दछ ।

### ४.६.१ सुनाइ र बोलाइ सीपसँग सम्बन्धित अभ्यास

यस पाठमा सुनाइ र बोलाइ सीप विकासका लागि निम्न अभ्यासहरू राखिएको छन् ।

प्रश्न (क) उत्तर भन (पृष्ठ ३९)

अ. झमकको जन्म कहिले र कहाँ भयो ?

आ. झमकलाई के रोग लागेको रहेछ ?

इ. झमकले गोडाले लेखेको पहिलो शब्द के हो ?

ई. झमकको पहिलो पुस्तकको नाम के हो ?

ऊ. झमकको सबैभन्दा बढी चर्चित पुस्तक कुन हो ?

प्रश्न (ख) तलका शब्दले अर्थ भनः (पृष्ठ ४१)

विविध, धर्ती, शिशु, स्नेह, अनन्त, प्रेरक, आकृति, सङ्घर्ष

प्रश्न (ग) कक्षामा माथिको पाठ पालैपालो पढ र साथीले पढेको पनि सुन (पृष्ठ ४२)

प्रश्न (घ) पाठको पाँचौं अनुच्छेद शिक्षकबाट सुनेर तलका प्रश्नको उत्तर भनः (ऐ)

अ. झमकलाई के गर्न मन लाग्थ्यो ?

आ. झमकले कुन अङ्गले पेन्सिल च्यापेर लेख्न लागिन् ?

इ. झमकले 'जीवन काँडा कि फूल' मा कुन कुराको वर्णन गरेको छन् ?

प्रस्तुत अभ्यासका प्रश्न क र घ बोलाइ सीपसँग सम्बन्धित छन् । यस्ता प्रश्नको मौखिक रूपमा उत्तर दिनुपर्ने भएकाले यस्ता अभ्यासले बोलाइ सीपको विकासमा सहयोग पुऱ्याउने भए पनि उत्तर दिन पाठ राम्ररी पढ्नु पर्ने भएकाले पढामा पनि सहयोगी हुन्छन् । त्यस्तै प्रश्न 'ख' को अभ्यासका लागि शब्दको अर्थ भन्न पनि पढ्नुपर्ने हुँदा यस्ता अभ्यास कुनै न कुनै रूपमा पढाइ सीपसँग पनि सम्बन्धित छन् भने प्रश्न 'ग'को अभ्यासले शुद्ध र प्रष्ट गरी पढ्न र अरूले पढेको ध्यानपूर्वक सुन्न प्रेरित गर्दछ । तसर्थ यस्ता आले अभ्यासले बोलाइ र सुनाइ दुवै सीप विकासमा सहयोग पऱ्याउँछन् ।

### ४.६.२ पढाइ र लेखाइ सीपसँग सम्बन्धित अभ्यास

यस पाठमा पढाइ र लेखाइ सीपसँग विकासका लागि निम्न अभ्यास राखिएका छन् ।

प्रश्न (क) उत्तर लेख (पृष्ठ ४०)

अ. झमकको बाल्यकाल कसरी बित्यो ?

आ. 'जीवन काँडा कि फूल' कस्तो कृति हो ?

इ. झमकलेपाएका महत्त्वपूर्ण पुरस्कारहरू कुन कुन हुन् ?

ई. उनलाई काँडाका बीचमा फुलेकी फूल किन भनिएको हो ?

ऊ. झमकको जीवनीबाट लिने प्रेरणा के हो ?

प्रश्न (ख) पाठबाट दस दस ओटा दीर्घ इकार उकार हुने शब्द खोजेर लेख (पृष्ठ ४२)

माथिका प्रश्न 'क' को अभ्यास विद्यार्थीले लेखनका रूपमा मात्र अभ्यास गरे तापनि यसको अभ्यासका लागि पढाइको अत्यन्त आवश्यक पर्दछ । त्यसैले यस्ता अभ्यासले पढाइ र लेखाइ सीप विकासमा सहयोग पुऱ्याउँछन् । यद्यपि वाक्य बनाउ अभ्यासका लागि पाठमा भएका वाक्यको अर्थ बुझेर पढ्न र प्रयोग सन्दर्भ शब्दको पहिचान गर्न पाठ पढ्न आवश्यक पर्दछ भने ह्रस्व दीर्घ शब्दको पहिचान गर्न पाठ पढ्न आवश्यक पर्ने हुँदा यी अभ्यास लेखाइका साथै पढाइ

सीपमा पनि सहयोग पुऱ्याउने खालका देखिन्छन् भने प्रश्न ज को अभ्यास लेखाइ सीपका साथै बोलाइ सीप विकास गर्न पनि सहयोगी देखिन्छ ।

### ४.६.३ निष्कर्ष

'साहित्यिकार झमक'को जीवनीमा राखिएका नमुना अभ्यासहरू जीवनी शिक्षणको उद्देश्यअनुरूप नै रहेका देखिन्छन् । व्याकरण अभ्यासबाहेक पन्ध्र ओटा अभ्यास समावेश गरिएको यस पाठमा पढाइलाई प्रमुख मानेर त्यसै अनुरूप अभ्यासको समावश गरिएको पाइन्छ । पाठ पढेर उत्तर भन्ने, उत्तर लेख्ने, वाक्य बनाउने, शब्दभण्डार तथा उचरणका अभ्यासहरू समावेश गरेर सुनाइ, बोलाइ पढाइ र लेखाइ जस्ता भाषिक सीपलाई समानुपातिक ढङ्गले समावेश गरिएको छ ।

## ४.७ पाठ सात 'एउटै मुटु एउटै मर्म' गीतमा प्रयुक्त नमुना अभ्यास

कविता लयधर्मी विधा हो भने गीत कविताअन्तर्गतको एउटा पाटो हो । कविता लयवद्ध वाचन र श्रवण गरेर साहित्यिक आनन्द लिन सकिन्छ । भाषा पाठ्यपुस्तकमा कविता विधालाई पनि महत्त्वका साथ स्थान दिइएको हुन्छ । कविता शिक्षणलाई उद्देश्यहरूलाई निम्नानुसार प्रस्तुत गरेका छन् (क) बालबालिकामा लय भाव र तालका साथै सस्वर वाचन गर्ने योग्यताको विकास गर्नु (ख) कविताप्रति रुचि संवर्द्धन गर्नु (ग) सिर्जनात्मक लेखनका लागि उत्प्रेरित गर्नु (घ) कल्पनाशक्तिको विकास गर्नु (ङ) विद्यार्थीहरूको बौद्धिक विकास गर्नु (ज) उच्चारण, शब्दभण्डार तथा वाक्य रचनाजस्ता भाषिक विशेषताहरूसँग परिचित गराउनु (झ) सर, द्वन्द्व, ललङ्कारको आनन्द लिने सामर्थ्य बढाउनु (ञ) विश्लेषणात्मक क्षमताको विकास गर्नु आदि । कविता सिकाइ गर्दा विशेषत लययुक्त सस्वर वाचन, भाव पहिचान प्रश्नोत्तर, भावार्थ वा भाव विस्तार आदिका क्रियाकलाप गराउनुका साथै कविताको अनुकरणात्मक र सिर्जनात्मक लेखनतिर प्रवृत्त गराउनु उपयुक्त हुन्छ (आधारभूत शिक्षा पाठ्यक्रम, २०६९) ।

### ४.७.१ सुनाइ र पढाइ सीपसँग सम्बन्धित अभ्यासहरू

प्रस्तुत पाठमा सुनाइ र पढाइ सीपँग सम्बन्धित अभ्यासहरू निम्न छन् :

प्रश्न (क) कक्षामा पाठको गीत लय हालेर पालैपालो पढ र साथीले पढेको पनि सुन । (पृष्ठ ४६)

प्रस्तुत अभ्यास भाषाको पढाइ सीपसँग सम्बन्धित भए पनि यसले सुनाइ । सीपको पनि विकास गर्न सहयोग पुऱ्याउँछ । यस्ता अभ्यासले विद्यार्थीमा सुने र सिक्ने बानीको पनि विकास गराउँछ ।

### ४.७.२ बोलाइ सीपसँग सम्बन्धित अभ्यासहरू

उपयुक्त पाठका बोलाइ सीपको विकासका लागि निम्न अभ्यासहरू समावेश गरिएको छ ।

प्रश्न (क) उत्तर देऊ (पृष्ठ ४६)

अ. दिलको सबाई उस्तै हुन् भन्ने आधार के हो ?

आ. सबै मानिस उस्तै हुन् भन्न आधार के हो ?

इ. कसले के गरेर पाप गर्दैछ ?

ई. यस पाठको मुख्य आशय के हो ?

प्रश्न (ख) शुद्धसँग उचचारण गर : (पृष्ठ ४६)

ढोका, मन्दिर, भाषाका बोलाइ सीपसँग सम्बन्धित छन् । जुन प्रस्त अभ्यासले विद्यार्थीहरूको स्पष्ट बोल्न अभ्यास गराउने गर्दछ । कठिन शब्दको उचरणले भने स्पष्ट पढ्न पनि सघाउ पुऱ्याउँछ ।

### ४.७.३ पढाइ र लेखाइ सीपसँग सम्बन्धित अभ्यासहरू

प्रस्तुत पाठमा पढाइ र लेखाइ सीपसँग सम्बन्धित निम्न अभ्यासहरू गरिएको छ ।

प्रश्न (क) खाली ठाउँ भरी गीतका हरफ पूरा गर (पृष्ठ ४६)

सबैको .... हाड र मासु ....... र ....... दिल ....... ईश्वर ............ नभन ।

प्रश्न (ख) भाव विस्तार गर (ऐ)

ढोकाको अघि धुलामा बसी म कति गाउँला ?

हे प्रभू! तिम्रो मन्दिरभित्र कहिले आउँला ?

प्रश्न (ग) उदाहरण हेर तलका गीतका हरफलाई वाक्यमा लेख (पृष्ठ ४६)

उदाहरणः ढोकाको अति धुलामा बसी म कति गाउँला ?

म ढोकाको अघि धुलामा बसी कति गाउँला ?

आँगनी छेऊ गाइने गाउँछ दिलको सबाई

अछुत भाइ हिर्दय हुन्छ सारङ्गी बजाई ।

प्रश्न (घ) उही अर्थ हुने एकएक ओटा शब्द लेख । (ऐ)

ढोका ईश्वर भेद प्रेम

प्रश्न (ङ) तल्लो हरफका विपरीतार्थी शब्दसँग जोडा मिलाई कापीमा लेख ।

अछुल, देह भेद पस्नु पाप

समानता छुन आत्म धर्म निस्कनु

प्रश्न (च) उदाहरण देखाए जस्तै गरी शब्द बनाऊ (ऐ)

उदाहरण हाउ र मासु = हाडमासु

रङ र रोगन = रङ रोगन

| | | |
|---|---|---|
| माल र सामान | ज्ञान र विज्ञान | दाल र भात |
| हात र खुट्टा | बुद्धि र विवेक | कलम र कापी |
| हाट र बजार | नाम र काम | पढाइ र लेखाइ |
| गाउँ र बैँसी | घर र गोठ | साँझ र बिहान |

प्रश्न (छ) अर्थ खुल्ने गर्रा वाक्यमा प्रयोग गर (पृष्ठ ४७)

प्रश्न (ज) पाठ हेरेर सच्याऊ (ऐ)

दील, ईश्वर, अछूत, गाउँछ, आगनी, भाई

प्रश्न (झ) गीतको तेस्रो र चौथोँ कापीमा सारः (ऐ)

प्रस्तुत अभ्यास अन्तर्गतका प्रश्न क ख घ ङ र छ का अभ्यासहरू भाषका पढाइ र लेखाइ सीपसँग सम्बनिधत छन् । सामान्य यी अभ्यास लेखनका लागि बृहत पठन गर्नुपर्ने भएकाले यी अभ्यासहरूले पढाइ सीपमा बढी जोड दिएका छन् । त्यसै गरी प्रश्न ग, च, ज, र झ का अभ्यासहरू भाषाको लेखाइ सीपसँग बढी सम्बन्धित छन् । यस्ता अभ्यासहरूले विद्यार्थीलाई सिर्जन्तम बनाउँछ भने लेखाइ सीपको पनि विकास हुन्छ ।

### ४.७.४ निष्कर्ष

'एउटै मुटु एउटै मर्म' गीत सामाजिक सद्‌भाव र एकताको भावना सम्प्रेषण गर्ने कविताको एक पाटो हो । यस कवितामा प्रयुक्त अभ्यासअन्तर्गत शब्दभण्डार, उच्चारण र उजागर गर्ने खालका पाइन्छन् । सुनाइ, बोलाइ, पढाइ, लेखाइ तथा पढाइ सुनाइ गरेर सीपहरूलाई एकअर्कासँग सम्बन्धित बनाएर प्रस्तुत गरिएका अभ्यासहरू उपयुक्त नै छन् । पढाइ सीपका लागि पाठ लय हालेर पढ्ने र शुद्धसँग उच्चाराण गर्ने अभ्यास उपयुक्त छन् । त्यस्तै खाली ठाउा भर्ने, गीतका हरफलाई वाक्यमा लेख्ने, उयही अर्थ हुने शब्द लेख्ने, विपरीतार्थी शब्दसँग जोडा मिलाउने तथा शब्द जोडेर समास गर्ने देखिन्छ । जममा बाह्र ओटा नमुना अभ्यास भएको यस पाठमा नौ ओटा पढाइ र लेखाइ सीपलाई सँगै लैजाने भएकाले यस पाठमा प्रयुक्त नमुना अभ्यासहरू भाषिक सीप विकास गराउने देखिन्छन् ।

## ४.८ पाठ सात 'सात दिने सभा' कथामा प्रयुक्त नमुना अभ्यास

कथाका माध्यमबाट सस्वर तथा मौन पठन, पठनबोध प्रश्नोत्तर, बुँदाटिपोट, सारांश घटनाक्रम मिलाउने, कठिन शब्दको उच्चारण अर्थ र वाक्यमा प्रयोग, श्रुतिलेखन, अनुलेखनजस्ता

कार्यकलाप गराउनु पर्दछ (आधारभूत शिक्षा पाठ्यक्रम, २०६८९)। यस्ता कार्यकलापमा समेटेर निर्माण गरेका नमुना अभ्यासले नै भाषिक सीपलाई उजागर गर्न सक्दछ।

### ४.८.१ सुनाइ र बोलाइ सीपसँग सम्बन्धित अभ्यासहरू

यस पाठमा सुनाइ र बोलाइ सीपको विकासमा लागि निम्न अभ्यासहरू समावेश गरिएको छ।

प्रश्न (क) उत्तर भन (पृष्ठ ५२)

अ. पाटी किन चुहिन थालेको हो ?

आ. पानी पर्दा गङ्गा र सागर कहाँ ओत लाग्थे ?

इ. गङ्गाको घरमा शुक्रबार बेलुका के हुन्थ्यो ?

ई. सात दिने सागमा गङ्गाले के कुरा राखी ?

उ. सागरले सभामा पाटी बारे के भन्यो ?

ऊ. सभाध्यक्षले पाटीबारे के भने ?

प्रश्न (ख) तलका शब्द ठीकसँग उच्चारण गर। (पृष्ठ ५४)

भत्केको, भतामुङ्ग, ज्वरो, मुसलधारे, पाटीपौवा, सभाध्यक्ष, निर्धक्क, हप्ता, निधो, उद्घोषक, बिसर्जन

प्रश्न (ग) गङ्गाले भत्केको पाटीबारे सभामा भनेका कुरा शिक्षकबाट सुन र बुझ (पृष्ठ ५३)

प्रश्न (घ) पाठका आधारमा कक्षामा छलफल गर (पृष्ठ ५३)

अ. पाटी भत्कनु किन ठीक होइन ?

आ. सभामा सागर र जुरेलीले पाटीका विषयमा केके भने ?

इ. जङ्गाले भत्केको पाटीका बारेमा सभामा प्रस्ताव रारतनाले के भयो ?

### ४.८.२ पढाइ र लेखाइ सीपसँग सम्बन्धित अभ्यासहरू

यस पाठमा पढाइ र लेखाइ सीपको विकास गर्नका लागि निम्न अभ्यासहरू समावेश गरिएका छन् :

प्रश्न (क) ठीक उत्तरमा ठीक चिनो (√) लगाऊ (पृष्ठ ५२)

अ. गङ्गाकी आमालाई किन बिसन्चो भयो ?

क. रुघाखोकी लागेर ख. पानीमा रुझेर ग. बाटामा लडेर

आ. गङ्गाले सागरसँग किन बढी कुरा गरिन ?

क. सागरले कुरा नसुनेकाले ख. सागरले कुरा नबुझेकाले

ग. सागर र आफूभन्दा ठूलो भएकले

इ. यस कथाको मुख्य सन्देश के हो ?

क. हामीले हाम्रो घरमात्र जोगाउनु पर्छ ?

ख. हामीले पाटी, पँधेरो बाटो, पाठशाला आदि जोगाउनु पर्छ ।

ग. हामीले आफ्नो सामान मात्र जोगाउनु पर्छ ।

प्रश्न (ख) कसले कसलाई भनेको हो पत्ता लगाएर लेख (ऐ)

अ. हाम्रो बर नभए पनि बाटामा हिँड्दा पानी पर्दा दौडदै गएर ओत लागेर बस्न पाइन्थ्यो ।

आ. बस्ने ठाउँ नभएपछि मुसलधारे पानी परे पनि नबस्ने ।

इ. आजको सबैभन्दा नयाँ विषय भत्केको पाटी छ ।

ई. मैले अरू कुरा के भनूँ ? मलाई लागेको कुरा यस्तै हो ।

प्रश्न (ग) उत्तर लेख (पृष्ठ ५३)

अ. पाटीको छानो के भएर भत्कियो ?

आ. गङ्गालाई किन ज्वरो आएको थियो ?

इ. सात दिने समामा के केका बारेमा छलफल हुन्थ्यो ?

प्रश्न (घ) यस कथाका पात्रहरूमध्ये तिमीलाई कसको विचार किन मन पर्‍यो लेख (ऐ)

प्रश्न (ङ) माथिको पाठ कक्षामा पालैपालो पढेर सुनाऊ (ऐ)

प्रश्न (च) तलका शब्दलाई पाठ हेरेर सच्याऊ (ऐ)

गंगा, आमासँग, जोरो, अरू, हप्ता, सम्बोधन, विचार, महत्त्वपूर्ण

प्रशन (छ) पाठबाट श र ष भएका शब्द तथा 'व' लेखिने र 'व' उच्चारण हुने शब्द खोज (ऐ)

माथिका प्रश्नमध्ये प्रश्न 'क'को अभ्यास विद्यार्थीको बोलाइ सीप विकासका लागि गरे पनि उक्त अभ्यास बढी मात्रामा पढाइ सीपसँग सम्बद्ध छ । यसको अभ्यासका लागि गहन पढाइको पनि आवश्यकता पर्दछ । त्यस्तै प्रश्न ख को अभ्यासले विद्यार्थीलाई शुद्धसँग उच्चारण गर्ने सीप सिकाउने देखिन्छ भने प्रश्न 'ग' को अभ्यास गर्न राम्ररी सुन्नु पर्ने र सुनेका कुरा बुझेर अरूलाई बुझाउन सक्नुपर्ने भएकाले यो अभ्यास सुनाइ सीप विकासका लागि बढी उपयोगी मानिन्छ । यसै गरी पढाइ र लेखाइ सीप अन्तर्गत प्रश्न क, ख र ग का अभ्यास गर्न पाठको गहिराइसम्म पुगेर पढ्नु पर्ने हुँदा यी अभ्यास पढाइ र लेखाइ सीप विकास गराउन उपयोगी सिद्ध मानिन्छ । यी प्रश्नले पनि शब्दभण्डारको ज्ञान दिने देखिन्छ । त्यस्तै गरी प्रश्न झ पढाइ सीप विकास गर्न र प्रश्न ञ शुद्ध लेख्ने सीप सिकाउने खालको छ ।

**४.८.३ निष्कर्ष**

'सात दिने सभा' कथा नैतिक कथा हो । यस कथाले विद्यार्थीमा सामाजिक तथा सार्वजनिक सम्पदाको सदुपयोग सबैले गर्नुपर्दछ भन्ने बानीको विकास गराउन खोजेको छ । यस

कथामा राखिएका नमुना अभ्यासहरू कथा शिक्षणको उद्देश्य अनुरूप नै रहेको देखिन्छ । व्याकरण अभ्यास बाहेक पन्ध्रओटा अभ्यास समावेश गरिएको यस पाठमा पढाइलाई लेखाइपछिको स्थानमा राखिएको पाइन्छ यद्यपि उत्तर भन्ने, ठीक वाक्य छान्ने, भनाइ पत्ता लगाउने, आफ्नो विचार दिएर उत्तर लेख्ने साथै शब्दभण्डारको अभ्यासलाई विशेष जोड दिई शब्दका अर्थ तथा विपरीतार्थक शब्द लेख्ने, शुद्ध पारेर सार्ने जस्ता अभ्यासहरू समावेश गरेर सुनाइ, बोलाइ, पढाइ, लेखाइ जस्ता भाषिक सीपलाई समानुपातिक ढङ्गले समावेश गरिएको पाइए पनि सुनाइ र बोलाइ सीपमा आधारित नमुना अभ्यासको भने कमी पाइएको छ । कथा शिक्षणको मर्म अनुरूप नमुना अभ्यासमा कथा लेखन तथा घटनाक्रम मिलाउने जस्ता अभ्यास राखिएको नपाइएकाले भाषिक सीपको विकसमा थोर समस्या देखिएको छ ।

### ४.९ पाठ आठ 'प्रकृतिको सुन्दर स्थल खप्तड' प्रबन्धमा प्रयुक्त नमुना अभ्यास

गद्य भाषामा लेखिएको जीवन जगतकै विषयवस्तु, भाव विचारलाई प्रस्तुत गरिएको लघु कलेवरमा संरचित साहित्यिक विधालाई प्रबन्धका रूपमा लिइन्छ (भण्डारी र अन्य, २०६६:४५२) । शब्दभण्डार लागि भने प्रबन्ध निकै प्रभावकारी विधा मानिन्छ ।

### ४.९.१ सुनाइ र बोलाइ सीपसँग सम्बन्धित नमुना अभ्यासहरू

यस पाठमा सुनाइ र बोलाइ सीपसँग सम्बन्धित अभ्यासहरू निम्नानुसार छन् ।

प्रश्न (क) उत्तर भनः (पृष्ठ ६०)

अ. नेपालको भूगोलको विशेषता के हो ?

आ. खप्तड किन प्रसिद्ध छ ?

इ. खप्तड स्वामीको आश्रम कुन जिल्लामा पर्दछ ?

ई. खप्तड त्रिवेणीमा कहिले मेला लाग्दछ ?

प्रश्न (ख) तलका शब्दको अर्थ भनः (पृष्ठ ६२)

महत्त्वपूर्ण बथान, कुण्ड, पाटन, भण्डार, उर्वर पङ्क्तिवृध

प्रश्न (ग) कक्षामा माथिको पाठ आलोपालो गरी पढ र साथीले पढेको पनि सुन । (ऐ)

प्रश्न (घ) पाठको दोस्रो अनुच्छेद शिक्षकबाट सुनेर लेख ।

### ४.९.२ पढाइ र लेखाइ सीपसँग सम्बन्धित अभ्यासहरू

यस पाठमा पढाइ र लेखाइ सीपसँग सम्बन्धित अभ्यासहरू निम्नानुसार छ ।

प्रश्न (क) ठीक उत्तरमा ठीक चिनो (√) लगाऊ (पृष्ठ ६१)

अ. खप्तडको बारेमा तलको कुन भनाइ बेठिक छ ?

क. खप्तडको पश्चिममा डोटी जिल्ला पर्छ ।

ख. खप्तडको पूर्वमा बाजुरा जिल्ला पर्छ ।

ग. खप्तड मध्य पहाडी क्षेत्रको निकुञ्ज हो ।

घ. खप्तडको दक्षिणमा अछाम जिल्ला पर्छ ।

आ. खप्तडको मुख्य विशेषता के हो ?

क. खप्तड सुदूर पश्चिमको साँस्कृतिक मण्डार हो ।

ख. खप्तड सुदूर पश्चिमाञ्चलको जैविक विविधताको भण्डार हो ।

ग. खप्तड सुदूर पश्चिमाञ्चलको प्राकृति विविधताको भण्डार हो ।

घ. खप्तड सुदूर पश्चिमाञ्चलको प्रकृति, सँस्कृति र जैविक विविधताको भण्डार हो ।

प्रश्न (ख) पाँच वाक्यमा उत्तर लेखः (ऐ)

अ. भूगोलको आधारमा खप्तडको परिचय देऊः

आ. जैविक विविधता भनेको के हो ?

इ. प्राकृतिक दृष्टिको खप्तड कस्तो छ ?

ई. खप्तड के कस्तो जैविक विविधता पाइन्छ ?

प्रश्न (ग) भाव विस्तार गरः (ऐ)

खप्तड प्रकृतिको अनुपम भण्डार हो ।

प्रश्न (घ) शुद्धगरी उच्चारण गर र कापीमा साः (ऐ)

स्तनघारी, भौगोलिक, सर्वोच्च, पश्चिमाञ्चल, राष्ट्रिय, निकुञ्ज, सहस्र लिङ्ग, स्वर्णगङ्गा, सिद्धाश्रम, पूर्णिमा कीटपतङ्ग, समृद्धि

प्रश्न (ङ) पाठ हेरेर पदयोग र वियोग मिलाई कापीमा सार (ऐ)

नेपालसरकार, कीट पतङ्ग, पाँचदशक, मुख्यकार्यालय, ती मध्ये वन्य जन्तु हरू, देश हरू मध्ये, वर्षा याम, सदाबहार

माथिका प्रश्नमध्ये सुनाइ र बोलाई सीप अन्तर्गत गर्ने प्रश्न क र ख बोलाइ सीपसँग बढी नजिता छन् गन प्रश्न 'ग' सुनाइ र पढाइ सीपसँग जोडिएको छ । त्यसैगरी प्रश्न छ सुनाइ र लेखाइ सीपसँग जोडिएका छन् । प्रश्न ख र ग का अभ्यास गर्न गहन पढाइका साथै लेखाइ सीप आवश्यक हुने हुँदा यी अभ्यासहरू उच्च बौद्धिकताको मापन गर्न सक्षम देखिन्छन् ।

### ४.९.३ निष्कर्ष

'प्रकृतिको सुन्दर स्थल : खप्तड' प्रबन्धमा राखिएका नमुना अभ्यासहरू प्रबन्ध शिक्षणका उद्देश्य अनुरूप नै रहेको देखिन्छ । व्याकरण अभ्यासबाहेक १६ ओटा अभ्यास समावेश गरिएको यस पाठमा पढाइ र लेखाइलाई प्रमुख मानेर त्यसै अनुरूपका अभ्यास गरिएको यस पाठमा पढाइ

र लेखाइलाई प्रमुख मानेर त्यसै अनुरूपको अभ्यास समावेश गरेको पाइन्छ। उत्तर भन्ने, ठीक उत्तर छान्ने, छोटो उत्तर लेख्ने, भाव विस्तार गर्ने, वाक्य बनाउने, शब्द भण्डार र उच्चारण गर्ने जस्ता अभ्यासहरू समावेश गरेर सुनाइ, बोलाइ, पढाइ र लेखाइजस्ता भाषिक सीपलाई समानुपातिक ढङ्गले समावेश गरिएको छ। नमुना अभ्यासकै माध्यसकै माध्यमबाट शब्द निर्माण, उपसर्ग र प्रत्ययको प्रयोग कठिन शब्दोच्चारण गर्ने जस्ता कार्यले प्रबन्ध शिक्षणको उद्देश्य अनुरूप विद्यार्थीको शब्द भण्डारगत ज्ञानमा थप निखरता ल्याउने देखिन्छ। समग्रमा सरलदेखि जटिलसम्मका प्रश्नहरूको अभ्यास राखिएको यस पाठका अभ्यासहरू भाषिक सीप विकासका दृष्टिकोणी उपयोगी देखिन्छन् ।

### ४.१० पाठ नौ 'साथीलाई चिठ्ठी' प्रयुक्त नमुना अभ्यास चिठ्ठी

विद्यार्थीमा चिठ्ठीद्वारा स्वतन्त्र अभिव्यक्तिको विकास गरी कुनै पनि सन्देश अरूले राम्ररी बुझ्न सकून् भन्ने लेखाइ, भन्न चाहेको कुराको स्पष्ट अभिव्यक्ति, आदर, अभिवाद गरी लेख्न सक्ने खुबी आदिको विकास हुन्छ। पत्र रचना लेख्य क्रियाकलाप भएकाले यसअन्तर्गत घरायसी चिठ्ठी, कार्यालयीय र व्यापारिक क्षेत्रमा विभाजन गरी अभ्यासात्मक ढङ्गको क्रियाकलापद्वारा शिक्षण गरिन्छ। यसका साथै चिठी शिक्षणमा नमुनाको उपयोग गरी तिनको ढाँचा र अङ्गको सोदाहरण परिचय समेत दिई सोहीअनुरूप अभ्यास गराउनु पर्दछ। चिठी व्यवहारिक र प्रयोजनपरक विधा भएकाले यसमा पनि कार्यकलापमुखी अभ्यासहरूको संयोजनमा जोड दिइनु पर्दछ।

### ४.१०.१ सुनाइ र लेखाइ सीपसँग सम्बन्धित अभ्यास

यस पाठमा प्रयुक्त सुनाइ र लेखाइ सीपसँग सम्बन्धत अभ्यासहरू निम्नानुसार छन् ।

प्रश्न (क) पाठको दोस्रो अनुच्छेद शिक्षकबाट सुनेर लेख। (पृष्ठ ६९)

प्रश्न (ख) ठीक उत्तरमा ठीक चिनो (√) लगाऊ। (पृष्ठ ६७)

अ. माछा कस्तो जन्तु हो ?

क. स्तनधारी, अमेरुदण्डीय र स्थलचर

ख. स्तनधारी, अमेरुदण्डीय र उभयचर

ग. स्तनधारी, मेरुदण्डीय र जलचर

आ. वनमान्छे कुन वर्गमा पर्ने प्राणी होला ?

क. स्तनधारी र जलचर

ख. स्तनधारी र उभयचर

ग. स्तनधारी र स्थलचर

### ४.१०.२ पढाइ र लेखाइ सीपसँग सम्बन्धित अभ्यास

यस पाठमा पढाइ र लेखाइ सीपसँग सम्बन्धित अभ्यासहरू निम्नानुसार छन् :

प्रश्न (क) उत्तर लेख (पृष्ठ ६८)

अ. सङग्रहालयमा केके राखिएका रहेछन् ?

आ. मांसाहारी जन्तुहरू केके हुन् ?

इ. कस्ता जन्तुलाई स्तनधारी भन्निछ ?

ई. मेरुदण्ड भनेको के हो र मेरुदण्डीय प्राणीमा केके पर्दछन् ।

प्रश्न (ख) तिमी आफूले जाडो विदाको छुट्टीमा गरेको कुनै भ्रमणको छोटो वर्णन गरी पाठको चिठीको उत्तर देऊ (ऐ)

प्रश्न (ग) विद्यालयले आयोजना गरेको वनभोज कार्यक्रमको वर्णन गरी साथीलाई चिठी लेख ।

प्रश्न (घ) कक्षामा पाठको चिठी पढेर सुनाऊ (ऐ)

प्रश्न (ङ) तलका शब्द ठीकसँग उच्चारण गर र कापीमा सार: (पृष्ठ ६९)

मेरुदण्ड, पृथ्वी, चर्मशिल्प, अस्ट्रिज, मुढा, जढीबुटी, जमामसी

प्रश्न (च) पाठबाट अन्त्यमा दीर्घ इकारको मात्र हुने दसओटा शब्दहरू खोजेर लेख (ऐ)

अ. यो चिठी कसले कसलाई लेखेको हो ?

आ. राष्ट्रिय प्राकृतिक विज्ञान सङ्ग्रहालय कहाँ छ ?

इ. शैक्षिक भ्रमणमा कति जना गएका थिए ?

ई. शैक्षिक भ्रमणको समूह नेताको थियो र उसले के काम गऱ्यो ?

### ४.१०.३ बोलाइ सीपसँग सम्बन्धित अभ्यास

(पृष्ठ ६९) प्रश्न (क) 'सङ्ग्रहालय' सङ्ग्रह र आलय दुई शब्दले बनेको छ। तलका शब्दमा 'आलय' जोड्दा बन्ने शब्द भन: अनाथ, देव, शिव, शौच, निर्देशन, कार्य ।

माथिका प्रश्नमध्ये सुनाइ र लेखाइका क र ख प्रश्नहरूमा 'क' सुनाइ र लेखाइ सीपसँग सम्बन्धित छ भने 'ख' लेखाइका साथै पढाइ सीपसँग पनि मिल्दोजुल्दो छ। यी अभ्यास बढी मात्रामा लेखाइ सीसँग सम्बन्धित भए पनि पढाइका अभावमा भने समस्यामूलक बन्न पुग्दछन् । अभ्यासमा भएका बोलाइ सीप अन्तर्गतका प्रश्न क को अभ्यासले शब्दभण्डार क्षमताको विकासमा सहयोग गर्दछ भने शुद्ध उच्चारण गर्न पनि यो अभ्यास उपयुक्त देखिन्छ। चिठी विधाको पाठ भएकाले विद्यार्थीमा चिठी लेखनका लागि राखिएका अभ्यास चिठी शिक्षणको मर्म अनुरूपका छन् साथै यस्ता खाले अभ्यासबाट विद्यार्थीको उच्च दक्षताको मूल्याङ्कन गर्न पनि सहयोग पुग्ने

देखिन्छ। अभ्यास खण्डमा नै सिर्जनात्मक अभ्यासमा थप चिठी लेख्ने र शुभकामना पत्र तयार गर्ने अभ्यासले विद्यार्थीलाई सिर्जनशील बनाउने प्रयास गरेको पाइन्छ।

### ४.११ पाठ दस 'सुन उगेल्ने भाले' कथामा प्रयुक्त नमुना अभ्यास

कथा शिक्षकबाट कथनात्मक अभिव्यक्ति, सीपको वृद्धि गर्न, कल्पना शक्तिको विकास गराउन साथै पठन बोध, श्रुतिबोध गराउन सकिन्छ। यस्ता सीप प्राप्तिका लागि कथा कथन, कथा श्रवण, कथाको अनुकृत लेखन आदि गरानउ सकिन्छ। कथामा मध्यमबाट सस्वर तथा मौनपठन, पठन बोध, प्रश्नोत्तर, बुँदाटिपोट, सारांश, घटनाक्रम मिलाउने, कठिन शब्दको उच्चारण, अर्थ र प्रयोग, श्रुतिलेखन, अनुलखनजस्ता कार्यलाप गराउन सकिन्छ (आधारभूत शिक्षा पाठ्यक्रम २०६९)। यस्ता कार्यकलाप समेटेर निर्माण गरेका नमुना अभ्यासले नै भाषिक सीपलाई उजागर गर्न सक्छ।

### ४.११.१ सुनाइ र बोलाइ सीपसँग सम्बन्धित अभ्यास

यस पाठमा सुनाइ र बोलाइ सीपको विकास गर्नका लागि निम्न अभ्यासहरू समावेश गरिएको छ :

प्रश्न (क) तलका शब्द शुद्धसँग उच्चारण गर (पृष्ठ७६)

उपत्यका, आपुङ्गी, महत्त्वाकाङ्क्षी, पेरुङ्गो, बन्दोबस्त माङ्ख्यालुङ, आपट्टे

प्रश्न (ख) डोरोबाट डोर्री बनेजस्तै तलका शब्दबाट बन्ने शब्द भनः (पृष्ठ ७६)

ठको, गाग्रो, कोदालो, डालो, गेडो, ताउलो

प्रश्न (ग) एकबाट पहिलो वा प्रथम दुईबाट दोस्रो भए झैँ तीन चार पाँच छ, सात, आट नौ, दस, बीस, पचास र सयबाट केके बन्छन्, सार्थीसँग छलफल गरेर ज्ञन (ऐ)

प्रश्न (घ) पहिलो र दोस्रो व्यक्तिले समाप्त नसकेको भालेलाई तेस्रो व्यक्तिले बाँधमा राखेर दरवारमा ल्याउन सक्नुको कारण बारे कक्षाका साथीहरूसँग छलफल गरेर पालैपालो भनः (ऐ)

प्रश्न (ङ) उत्तर भन (पृष्ठ ७५)

अ. ससाना राज्यका राजालाई के भनिन्थ्यो ?

आ. राजाले सुनका डल्ला कसलाई बाडे ?

इ. भाले खोज्न राजाले के गरे ?

ई. दोस्रो र तेस्रो व्यक्ति भाले खोज्न कतातिर लागे ?

उ. तेस्रो व्यक्तिले भालेलाई केके सुनायो ?

ऊ. राज्यको नयाँ सेनापतिको गयो ?

माथिको प्रश्न क, ख, ग, घ का अभ्यासहरू बोलाई सीपसँग सम्बन्धित छन्। यस्ता अभ्यासबाट शुद्ध र प्रष्ट गरी बोल्ने सीपको विकास छन्। त्यस्तै नयाँ शब्द निर्माण गरी भन्न र आवश्यक तर्क गर्न पनि उक्त अभ्यासले सहयोग पुऱ्याउँछन्। त्यसैगरी प्रश्न ङ को अभ्यास बोलाइ सीपका साथसाथै पढाइ सीपसँग पनि नजिक रहेको छ। प्रश्नका उत्तर राम्ररी भन्नका लागि पाठ राम्ररी पढ्नु पर्ने भएकाले यो अभ्यासले पढाइ सीपमा पनि सहयोग गर्ने देखिन्छ।

**४.११.२ पढाइ र लेखाइ सीपसँग सम्बन्धित अभ्यास**

प्रस्तुत पाठमा पढाइ र लेखाइ सीपको विकासका लागि निम्न अभ्यासहरू समावेश गरिएको छ।

प्रश्न (क) कसले कसलाई भनेको हो ? पाठका आधारमा लेख (पृष्ठ ७५)

अ. यसले तिमीहरूको समस्या समाधान गर्नेछ।

आ. कुखुरा न हो, त्यो पतिङ्गरले छोपिएर पनि बस्न सक्छ।

इ. भाले त्यहीको खोँचमा लुकेको हुनुपर्छ। म त्यतै खोजी गर्छु।

ई. उल्टै केही नगरीकन काँधमा खुल्लै राखेर पो भालेलाई ल्यायौँ।

प्रश्न (ख) उत्तर लेख (ऐ)

अ. राज्यहरूबीच किन झगडा र कचिङ्गल भइरहन्थ्यो ?

आ. उपहार पाएका भालेका केके विशेषता थिए ?

इ. भाले कसरी पेरुङगोबाट फुत्कियो ?

ई. पहिलो र दोस्रो व्यक्तिले किन भाले समाउन सकेनन् ?

उ. तेस्रो व्यक्तिले कसरी भाले समातेर ल्यायो ?

ऊ. पशुपन्छी पनि कस्तो व्यवहार चाहँदा रहेछन् ?

प्रश्न (ग) भाव विस्तार गर (पृष्ठ ७६)

कसैलाई पनि हप्काएर दप्काएर, लखेटेर, दुःख दिएर आफ्नो बनाउन सकिँदैन। मीठो बोली बचन र व्यवहारले प्रभावित पारेर आफ्नो पार्न सकिन्छ।

प्रश्न (घ) पाठको कथा पालैपालो पढ र साथीले पढेको पनि सुन (ऐ)

प्रश्न (ङ) तलका शब्दलाई शुद्धसँग लेख (पृष्ठ ७७)

पेरुगो, कचिंगल, पतिंगर, संझना, झंटनु, फंचट

प्रश्न (च) पाठको पाँचौं अनुच्छेद शिक्षकबाट सुनेर लेखः (ऐ)

प्रश्न (छ) तलको वाक्यहरूलाई पाठ हेरेर सच्याऊ (ऐ)

त्यस व्यक्तिले नम्र भएर भनो, मैले यो चरा कराउदै आएको देखे। मैले यसलाई लीसोपाशो जाल थापेर र लखेटेर समाउन शकिदैन् भन्ने थाह पाए।

माथिका प्रश्नहरूमध्ये क, ख, ग, घ का अभ्यासले पढाइ र लेखाइ सीपसँग सम्बन्धित छन्। पाठको राम्रोसँग अध्ययन पश्चात मात्र माथिका अभ्यास गर्न सकिने भएकाले प्रस्तुत अभ्यासले पढाइ र लेखाइ सीपको विकास गर्ने देखिन्छ। अभ्यास लेखाइ सीपका साथै सुनाइ र पढाइ सीपसँग पनि सम्बन्धित भएकाले यस्ता अभ्यासले एकीकृत र पढाइ सीपसँग पनि सम्बन्धित भएकाले यस्ता अभ्यासले एकीकृत रूपमा सुनाइ बोलाइ पढाइ र लेखाइ सीपसँग सम्बन्धित छ। यस्तो अभ्यासले विद्यार्थीमा शुद्ध गरी लेख्ने सीपको विकास गराउँछ।

### ४.११.३ निष्कर्ष

'सुन उगेल्ने भाले' कथा वृद्धि पुऱ्याएर काम गर्नु पर्ने सन्देशले भरिएको सामाजिक अनुरूप नै देखिन्छन्। व्याकरण बाहेक १५ ओटा अभ्यास भएको यस पाठमा पढाइलाई प्रमुख मानेर त्यसै अनुरूप अभ्यास एको छ। कथा पढ्ने, शिक्षकबाट सुनेर लेख्ने उत्तर भन्ने र लेख्ने, भाव विस्तार गर्ने, भनाइ पत्ता लगाउने, पर्याय र विपर्याय शब्द लेख्ने, शुद्ध गर्ने जस्ता अभ्यासहरू समावेश गरी सुनाइ, बोलाइ, पढाइ लेखाइजस्ता भाषिक सीपलाई समान सथान दिने प्रयास गरिए पनि सुनाइ, बोलाइ र पढाइका तुलनामा लेखाई कापीका अभ्यासहरू कमी पाइन्छ। यद्यपि तथा शिक्षणको मर्म अनुरूप नमुना अभ्यास राखिएकोले उद्देश्य अनुरूप भएका देखिन्छ।

## ४.१२ पाठ एघार 'उद्योगलाई भन्दा कृषिलाई जोड' वादविवादमा प्रयुक्त नमुना अभ्यास

वादविवाद शिक्षणको अभ्यास गराउँदा प्रश्नोत्तर कुराकानी, हाउभाउ, भाव पहिचान, संवाद वा वादविवादको अनुकरणात्मक लेखन, संवादपूर्ति, वाद विवाद लेखन, स्वतन्त्र लेखन, श्रुति लेखन, अनुलेखन आदि क्रियाकलाप गराउनु पर्दछ। यसको मौखिक अभ्यास गराउँदा कथ्य अभिव्यक्ति क्षमता बढाउन सहायक हुने हाउभाउ स्वरको आरोह अवरोह, आघात, गति यति आदिको ख्याल गर्नुपर्दछ।

### ४.१२.१ सुनाइ र बोलाइ सीपसँग सम्बन्धित अभ्यास

यस पाठमा सुनाइ र बोलाइ सीपसँग सम्बन्धित अभ्यासहरू निम्न छन्।

प्रश्न (क) तलका शब्दको अर्थ भन: (पृष्ठ ८७)

स्रोत, कल्यण, ठोकुव खण्डन पुँजी

प्रश्न (ख) पाठमा जस्तै चिट्ठा हालेर उद्योगलाई भन्दा कृषिलाई जोड वादविवाद हाउभाउ सहित पालैपालो पढेर सुनाऊ र साथीले पढेको पनि सुन (पृष्ठ ८८)

प्रश्न (ग) शुद्धसँग उच्चारण गर (पृष्ठ ८८)

व्यवस्थापन, मध्यम वर्गीय, अर्थतन्त्र, परम्परागत, प्राथमिक, निर्भरता

### ४.१२.२ पढाइ र लेखाइ सीपसँग सम्बन्धित अभ्यास

प्रश्न (क) छोटो उत्तर भनः (पृष्ठ ८५)

अ. वाद विवाद भनेको के हो ?

आ. वाद विवाद कसरी सञ्चालन गरिन्छ ?

इ. तिमीलाई वाद विवाद प्रतियोगिता मन पर्छ वा मन पर्दैन, कारण सहित स्पष्ट पार ।

प्रश्न (ख) कुन कसको भनाइ हो, जोडा मिलाऊ (ऐ)

| | |
|---|---|
| अरूणा तामाङ | कसैमाथि व्यक्तिगत आक्षेप लगाउन पाइने छौँ |
| रियाल अहमद | यो औद्योगिक गुण हो । |
| रीतिका बस्नेत | विकसित राष्ट्रहरू उद्योगमा भैँ आधुनिक प्रविधि द्वारा खेती गर्दछन् । |
| चित्रकला यादव | नेपालको अर्थतन्त्रको मेरुदण्ड कृषि हो । |
| सञ्जय चौधरी | कच्चा पदार्थ पनि यही उपलब्ध हुन्छ । |

प्रश्न (ग) ठीक उत्तर ठीक चिनो (√) लगाऊः (पृष्ठ ८६)

अ. सभा कसले सञ्चालन गर्छ ?

क.समाध्यक्षले, ख. उद्घोषकले, ग. प्रमुख अतिथिले, घ. समाध्यक्षको निर्देशनमा उद्घोषकले

आ. 'उद्योगमा धेरैकाम मेसिनबाट गरिन्छ' भन्ने वाक्य कसले भनेको

क. सञ्जय चौधरी, ख चित्रकला यादव, ग. रीतिका बस्नेत

घ. रियाज अहमद

प्रश्न (घ) उत्तर लेख : (पृष्ठ ८६)

अ. पाठमा 'कृषिलाई जोड दिनुपर्ने' भन्नेहरूमध्ये कसको तर्फ नि राम्रो लाग्यो ?

आ. अरूको कुरा कसले राम्ररी खण्डन गरेको छ ?

इ. तिम्रो विचारमा नेपालमा कृषिको विकास कि उद्योगको विकास गर्नुपर्छ, किन ?

ई. तिमी निर्मायक भएको भए कसलाई कनि जिताउँथ्यौं ?

प्रश्न (ङ) तलको अनुच्छेदमा भएका क्ष र छ य सम्बन्धी त्रुटि सच्चाएर सारः

शिक्षयक सेवा आयोगले दछ्य शिक्षक छनोट गर्न विज्ञापन गरेको छ । विज्ञानपन अनुसार निवेदकले कसैमाथि आच्छेप नलगाई फाराम मर्नुपर्छ रे ।

प्रश्न (च) शुद्ध गरेर कापीमा सारः (ऐ)

प्रविधि, उन्नती, बेवास्था, बैज्ञानिक, आदर्नीय, औद्योगिक, राष्ट्र

माथिका सुनाइ र बोलाइ सीपसँग सम्बन्धित अभ्यासमध्ये प्रश्न 'क' बोलाइ सीपसँग नजिक सम्बन्धित भए पनि शब्दको अर्थ बुझ्न पाठ पढ्नैपर्ने भएकाले पढाइ सीपसँग पनि

सम्बन्धित छ भने प्रश्न 'ख' सुनाइ, बोलाइ र पढाइ सीपलाई सहयोग पुऱ्याउने खालको छ। त्यस्तै प्रश्न 'ग' बोलाइ सीप विकास गराउन उपयोगी मानिन्छ। यस्ता अभ्यासले पढाइ र लेखाइ सीप विकासमा सहयोग पुऱ्याउने देखिन्छ।

### ४.१२.३ निष्कर्ष

वादविवाद बोलाइ सीपमा आधारित विधा भएकाले यस विधाको भएकाले यस विधाको शिक्षण गर्ने क्रममा कक्षाकोडामा नै बोलाइ सीपको अभ्यास गराउनु पर्दछ। यस पाठमा जम्मा १७ ओटा अभ्यास समावेश गरी सुनाइ लेखाइ, बोलाइ लेखाइ, पढाइ लेखाइ गरेर सबै सीपलाई लेखाइसँग सम्बन्धित गराएर तथा छुट्टा पनि प्रस्तुत गरिएको छ। मौखिक र लिखित उत्तर दिने, प्रत्यय जोडी शब्द बनाउने, शुद्ध उच्चारण गर्ने, भनाइ पहिचान गर्ने, शब्दलाई वाक्यमा प्रयोग गर्ने जस्ता अभ्यासहरूले भाषाका चारै सीपको विकास गर्नमा सहयोग पुऱ्याउने देखिन्छ।

## ४.१३ पाठ बाह्र 'सुनौलो भोलि' गीतमा प्रयुक्त नमुना अभ्यासहरू

कविता लयात्मक विधा हो भने गीत कविता विधाअन्तर्गतको एउटा पाटो हो। प्रस्तुत पाठलाई कविताका सापेक्षतामा हेर्न सकिन्छ। कविता लयबद्ध वाचन र श्रवण गरेर साहित्यिक आनन्द लिन सकिन्छ। लयात्मक एकालापको कथनपद्धतिको प्रयोग गरेर जीवन जगतको वा मानवीय मनको भावनाको सौन्दर्यपूर्ण अभिव्यक्तिलाई कविताको रूपमा चिनिन्छ (भण्डारी र पौडेल, २०६६:१)। यस्ता अभ्यासहरूलाई भाषिक सीपसँग अन्तरसम्बन्धित बनाएर राख्नु नै भाषा पाठ्यपुस्तकको ध्येय हो।

### ४.१३.१ सुनाइ र बोलाइ सीपसँग सम्बन्धित अभ्यासहरू

यस पाठमा सुनाइ र बोलाइ सीपसँग सम्बन्धित निम्न अभ्यासहरू रहेका छन्।

प्रश्न (क) उत्तर भन (पृष्ठ ९२)

अ. झ्याउँकिरी के गर्दै छ ?

आ. देशमा कस्तो घाम उदाउँदै छ ?

इ. नयाँ नेपाल कसले बसाउँदै छ ?

प्रश्न (ख) गीतकारले भोलिको नेपाल कस्तो हुने कल्पना गरेका छन् :

गीतका आधारमा वर्णन गरः (पृष्ठ ९३)

प्रश्न (ग) तलका शब्दको उल्टो अर्थ हुने शब्द पाठबाट खोज र भनः

औँसी, सन्ध्या, हाँस्ने, पुरानो (ऐ)

प्रश्न (घ) तलका शब्द ठीकसँग उच्चारण गरः (पृष्ठ ९४)

झ्याउँझयाउँ, झ्याउँकिरी, मुर्चुङ्गो, पुर्ने (पूर्णिमा), हृदय, इन्द्रेणी

### ४.१३.२ पढाइ र लेखाइ सीपसँग सम्बन्धित अभ्यास

यस पाठमा पढाइ र लेखाइ सीपसँग सम्बन्धित अभ्यास निम्न छन्:

प्रश्न (क) पाठको गीत लय मिलाई गाएर सुनाऊ (पृष्ठ ९२)

प्रश्न (ख) उत्तर उत्तर (पृष्ठ ९३)

अ. तिम्रो हाम्रो जीवन राम्रो हुने सङ्केत के हो ?

आ. झिल्के घाम कस्तो आकाशमा उदाउन लागेको छ ?

इ. वेदना र चेतना केके हुदै छन् ?

प्रश्न (ग) गीतमा हरफलाई वाक्यमा मिलाएर लेखः (ऐ)

झ्याउँझयाउँ गर्दै झ्याउँकिरीले
मुर्चुङ्गे घुन बजाउँदैछ
झल्मल झल्मल जुनकिरीले
पुर्नेको जुन सजाउँदै छ ।

प्रश्न (घ) भाव विस्तार गर (ऐ)

डाँडापारि ढल्किदै छ
बेदनाको रात कालो ।
हिमचुलीमा सल्किदैछ
चेतनाको प्रातः उज्यालो

प्रश्न (ङ) अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर (ऐ)

प्रश्च (च) कविताको पहिलो अंश राम्रा अक्षरमा सार (पृष्ठ ९४)

माथिका सुनाइ र बोलाइ अन्तर्गतका प्रश्न क, ख र ग का अभ्यासहरू बोलाइ सीपको विकास गराउन उपयोगी देखिए पनि यी अभ्यास पढाइ सीपसँग पनि नजिक छन् । पाठको राम्ररी अध्ययन नगरी उक्त अभ्यास गर्न नसकिने हुँदा बोलाइका साथै पढाइ सीपमा पनि सहयोगी देखिन्छन् । त्यस्तै प्रश्न घ को अभ्यास बोलाइ सीपका लागि सहयोगी देखिन्छन् । त्यस्तै प्रश्न घ को अभ्यास बोलाइ सीपका लागि उपयुक्त छ । त्यस्तै पढाइ र लेखाइ अन्तर्गतका प्रश्न क अन्य सीपभन्दा पढाइ सीपका लागि उपयुक्त छ भने प्रश्न ख, ग, घ र ङ पढाइ र लेखाइ दुइटै सीपका लागि उपयोगी छन् । त्यस्तै प्रश्न च लेखाइ सीपसँग बढी नजिक रहेकाले यो लेखाइ सीपका लागि उपयोगी अभ्यास मानिन्छ ।

### ४.१३.३ निष्कर्ष

'सुनौलो भोलि' गीतमा प्रयुक्त अभ्यास, शब्दभण्डार, उच्चारण र हिज्जेमा राखिएका अभ्यासहरू भाषाका चारओटै सीपको विकास गर्नका लागि समावेश गरेको पाइन्छ। बोलाइ सीपका लागि उत्तर मन तथा अप्ठ्यारा शब्दको उच्चारण गर्ने अभ्यास उपयुक्त छन्। पढाइ सीपका लागि पाठ लय हालेर पढ्ने अभ्यास उपयुक्त छ साथै उल्टो अर्थ हुने शब्द लेख्ने, सच्याएर लेख्ने, वाक्य बनाउने र कवितालाई वाक्यमा लेख्ने जस्ता अभ्यासले पढाइका साथै लेखाइ सीपको विकास गर्ने देखिन्छ। जम्मा १२ ओटा अभ्यास भएको यस पाठमा जम्मा ६ ओटा पढाइ र लेखाइ सीपमा आधारित अभ्या गए पनि लेखाइ सीपले अन्य तीन ओटै सीपलाई सँगै लैजाने भएकाले यस पाठमा प्रयुक्त नमुना अभ्यासहरू भाषिक सीप विकास गर्ने देखिन्छ तर सुनाइका अभ्यासलाई भने त्यति ध्यान दिएको देखिँदैन्।

## ४.१४ पाठ तेह्र 'अलेक्जेन्डर फ्लेमिङ' जीवनीमा प्रयुक्त नमुना अभ्यास

जीवनी विधा विशिष्ट व्यक्तित्वका जीवनलाई आधार मानी प्रस्तुत गरिन्छ। यो गद्य विधा खास कुनै क्षेत्रमा उल्लेखनीय काम गरिसकेका वा गरि रहेका व्यक्तिका व्यक्तिगत विषयसँग सम्बन्धित हुने हुनाले यसमा चारित्रिक विशेषताको प्रस्तुतिमा जोड दिइन्छ। यस विधामा माध्यमबाट विशिष्ट व्यक्तिहरूका जीवन चरित्रको मौखिक तथा लिखित वर्णन गर्ने सीपको विकास गराउन सकिन्छ। यसमा लिखित तथा मौखिक अभिव्यक्तिको विकास गर्ने खालका बोध, सारांश लेखन, सप्रसङ्ग व्याख्या भाव प्रष्ट पार्ने, श्रुतिबोध, सस्वर तथा मौन पठन, कठिन शब्दको उच्चारण अर्थ र प्रयोग, बुँदाटिपोट, सिलसिला मिलाएर घटना क्रमको प्रस्तुति गर्ने भाषिक सीप विकासका क्रियाकलापसँग सम्बन्धित नमुना अभ्यासहरू समावेश गर्नु सान्दर्भिक देखिन्छ (आधारभूत शिक्षा पाठ्यक्रम, २०६९)। कुनै पनि व्यक्तिको चरित्र निर्माण एवम् सकारात्मक भावनाको विकास गरी जीवनलाई विशिष्ट मार्ग निर्देशन गर्नु पनि जीवनी शिक्षणको महत्त्वपूर्ण पक्ष हो। यसमा भएका नमुना अभ्यासले विद्यार्थीहरूमा सिर्जनात्मक क्षमताको विकास गर्नका साथै प्रयोजनपरक भाषिक क्षमता हासिल गर्न थप ऊर्जा प्रदान गर्नेछ।

### ४.१४.१ सुनाइ र बोलाइ सीपसँग सम्बन्धित अभ्यासहरू

यस पाठमा सुनाइ र बोलाइ सीपसँग सम्बन्धित निम्नानुसार अभ्यासहरू राखिएका छन्:
प्रश्न (क) उत्तर भन (पृ ९८)

अ. मुसा र साङ्लालाई कसरी नियन्त्रण गर्न सकिन्छ ?

आ. अलेक्जेन्डर फ्लेमिङको जन्म कहाँ र कहिले भएको थियो ?

इ. लेसोजाइम के हो र यो के मा पाइन्छ ?

ई. प्रथम विश्वयुद्ध कहिलेदेखि कहिलेसम्म भयो ?

उ. फ्लेमिङको मृत्यु कहिले भयो ?

प्रश्न (ख) तलका शब्दलाई ठीकसँग उच्चारण गर (पृष्ठ १०१)

आविष्कार, अलेक्जेन्डर, अपरिष्कृत, जीवणुशास्त्री, सङ्क्रमण, हृदयाघात

### ४.१४.२ पढाइ र लेखाइ सीपसँग सम्बन्धित अभ्यास

यस पाठमा पढाइ र लेखाइ सीपसँग सम्बन्धित निम्न अभ्यासहरू राखिएका छन् ।

प्रश्न (क) ठीक उत्तरमा ठीक चिनो (√) लगाऊ (पृ ९९)

अ. जैविक नियन्त्रण विधि भनेको के हो ?

क. जीवजन्तु मार्ने विधि

ख. जीमाणु संरक्षण गर्ने विधि

ग. एउटा जीवको सहयोगले अर्को जीवलाई नियन्त्रण गर्ने विधि

आ. प्रथम विश्वयुद्धमा फ्लेमिङले के भएर काम गरे ?

क. सेनापति भएर

ख. बेलायतको प्रधानमन्त्री भएर

ग. घाइते बेलायती सेनाको उपचार गर्ने डाक्डर भएर

प्रश्न (ख) पाठका आधारमा मिल्दो शब्द राखेर खाली ठाउँ भर (ऐ)

अ. पहिलो ........... औषधी .......... हो ।

आ. पेनिसिलिनका .............. अलेक्जेन्डर फ्लेमिङ हुन् ।

इ. सन् ........... देखि ........... सम्म संसारभर चलेको युद्धलाई प्रथम ...... भनिन्छ ।

प्रश्न (ग) उत्तर लेख (ऐ)

अ. जैविक नियन्त्रण विधि भनेको के हो ?

आ. काकाले 'इच्छापत्र' नगरिदिएको भए फ्लेमिङ के बन्थे होला ?

इ. अलेक्जेन्डर फ्लेमिङ कसरी डाक्टर भए ?

ई. पेनिसिलिनको आविष्कार कसरी भयो ?

प्रश्न (घ) कक्षामा माथिको पाठ पालैपालो पढेर सुनाऊ (पृ १०१)

प्रश्न (ङ) पाठको पहिलो अनुच्छेद शिक्षकबाट सुनेर लेख (ऐ)

प्रश्न (च) पाठबाट श.ब. हुने शब्द खोजेर लेख (ऐ)

प्रश्न (छ) पाठको दोस्रो अनुच्छेद पढेर सुनाऊ (ऐ)

प्रश्न (ज) स्वास्थ्य क्षेत्रमा प्रयोग हुने तलका प्राविधिक शब्द पढ र अर्थ बुझ जैविक नियन्त्रण विधि, प्रतिजैविकी, लेसोजाइम, रासायनिक, निमोनिया, जीवाणु, शल्य चिकित्सा, जीवाणु शास्त्र, परजीवी ।

माथिका सुनाइ र बोलाइ अभ्यास अन्तर्गतको प्रश्न क पढाइ र बोलाइ सीपसँग पनि सम्बन्धित छ भने प्रश्न ख शुद्ध उच्चारण गर्ने सीप सिकाउने बोलाइ सीपसँग सम्बन्धित छ । झट्ट हेर्दा बोलाइ सीपका जस्ता देखिए पनि यी अभ्यास गर्न पढाइ सीपको पनि आवश्यकता हुन्छ । त्यस्तै पढाइ र लेखाइ सीप अन्तर्गतका प्रश्न क, ख, ग, का अभ्यासहरू गर्न पाठको गहन अध्ययन गर्नुपर्ने हुन्छ । तसर्थ यी अभ्यास पढाइ र लेखाइ सीपका लागि उपयुक्त छन् ।

### ४.१४.३ निष्कर्ष

जीवनी शिक्षणबाट विद्यार्थीमा जीवनी लेखन तथा शब्दार्थको ज्ञान राम्रोसँग गराउन सकिन्छ । भाषाको जुनसुकै विधा भए पनि अभ्यास गर्नाले भाषिक सीपमा प्रत्यक्ष वा अप्रत्यक्ष कुनै न कुनै सहयोग पुऱ्याइरहेको हुन्छ । यस पाठमा रहेका जम्मा १५ ओटा नमुना अभ्यासहरू पनि कुनै न कुनै रूपमा भाषिक सीपको विकास गर्ने खालका नै देखिएका छन् । उत्तर भन, उत्तर लेख, खाली ठाउा भर, ठीक अर्थ छान, वाक्य बना पाठबाट शब्द खोजेर टिपजस्ता अभ्यासले विद्यार्थीमा रहेको सीपमा निखरता ल्याउने देखिन्छ । यसका अतिरिक्त जीवनी लेखनलाई सिर्जनात्मक अभ्यासमा राखेर विद्यार्थीमा स्वतन्त्र लेखाइ सीपको विकास गराउने प्रयास गरेको देखिन्छ ।

## ४.१५ पाठ चौध 'बोधिसत्वको कथा' कथामा प्रयुक्त नमुना अभ्यासहरू

कथा शिक्षणबाट कथानात्मक अभिव्यक्ति सीपको विकास गर्न, यस्ता सीप प्राप्तिका लागि कथा कथन, कथा श्रवण, कथाको अनुकृत लेखन आदि गराउन सकिन्छ । कथाका माध्यमबाट सस्वर तथा मौन पठन, पठन बोध प्रश्नोत्तर, बुँदाटिपोट, सारांश, घटनाक्रम मिलाउने, कठिन शब्दको उच्चारण, अर्थ र प्रयोग श्रुतिलेखन, अनुलेखन जस्ता कार्यकलाप गराउनु पर्दछ (आधारभूत शिक्षा पाठ्यक्रम, २०६९) । यस्ता कार्यकलाप समेटेर निर्माण गरेको नमुना अभ्यासले नै भाषिक सीपलाई उजागर गर्न सक्छ ।

### ४.१५.१ सुनाइ र बोलाइ सीपसँग सम्बन्धित अभ्यास

यस पाठमा सुनाइ र बोलाइ सीपको विकास गर्नका लागि निम्न अभ्यासहरू समावेश गरिएको छ :

प्रश्न (क) उत्तर भन (पृष्ठ १०६)

अ. वोधिसत्वका गुरु किन छक्क परे ?

आ. वोधिसत्वका चेला को थिए ?

इ. वोधिसत्व र अजित कहाँ गए ?

ई. बधिनीको छेउमा के थिए ?

उ. वोधिसत्वले ध्यानदृष्टिले के हेरे ?

ऊ. वोधिसत्व अर्को जन्ममा को भएर जन्मिए ?

प्रश्न (ख) तलका शब्द ठीकसँग उच्चारण गर (पृ १०८)

हिँडडुल, डमरु, अन्यत्र, मर्यादा, कुपुत्र, बोधिसत्व, करुणा, हिंस्रक

**४.५.३ पढाइ र लेखाइ सीपसँग सम्बन्धित अभ्यास**

प्रस्तुत पाठमा पढाइ र लेखाइ सीपको विकासका लागि निम्न अभ्यासहरू समावेश गरिएको छ :

प्रश्न (क) उत्तर लेख (पृ १०७)

अ. बालक कालमा बोधिसत्व कस्तो स्वभावका थिए ?

आ. वनको गुफामा कस्तो दृश्य देखियो ?

इ. बोधिसत्वले अजितलार्य के खोज्न लगाए ?

ई. मर्न लागेकी बघिनी कसरी बाँची ?

उ. बोधिसत्वको स्तूप भएको ठाउँको के महत्त्व छ ?

प्रश्न (ख) भाव विस्तार गर (ऐ)

सज्जन व्यक्तिहरू आफ्नो दुःख सहन सक्छन् तर अरूका दुःख भने देख्न पनि सक्दैनन् ।

प्रश्न (ग) पाठको सातौ अनुच्छेद पढ र तल सोधिएका प्रश्नको उत्तर भन (ऐ)

अ. गुफाको मुखनिर के थियो ?

आ. बघिनीले अरूलाई किन दुध चुस्न दिइन ?

इ. डमरुहरू केको आसले माउको नजिक जान्थे ?

ई. बघिनीले डमरुलाई कस्तो व्यवहार गरी ?

प्रश्न (घ) बोधिसत्व कथाका मुख्य मुख्य घटनाको सूची बनाऊ (ऐ)

प्रश्न (ङ) ‘बोधिसत्व परोपकारी महात्मा हुन्’ पाठका आधारमा यस भनाइलाई प्रष्ट पार ।

प्रश्न (च) पाठको कथा पालैपालो पढेर सुनाऊ (ऐ.)

प्रश्न (छ) पाठबाट ण, श, ष, स, त्र, ज्ञ भएका शब्द खोज र लेख

प्रश्न (ज) दृष्टि, कृपा जस्ता ‘ऋ’ भएका पाँच ओटा शब्द साथीसँग छलफल गरी लेख (ऐ)

माथिका सुनाइ र बोलाइ अभ्यास अन्तर्गतका प्रश्न ‘क’ बोलाइ सीपसँग सम्बन्धित अभ्यास भए पनि उक्त अभ्यासले बोलाइका साथै पढाइ सीपको पनि विकास गराउने देखिन्छ । त्यस्तै प्रश्न ‘ख’ बोलाइ सीपसँग सम्बन्धित छ । यस्ता अभ्यासले शुद्ध र प्रष्ट उच्चारण सीप

कौशल प्रदान गर्दछन् । पढाइ र लेखाइ अभ्यासअन्तर्गतको प्रश्न 'ग' को अभ्यास पनि लेखाइ सीपभन्दा बढी पढाइ र बोलाइ सीपसँग सम्बन्धित छ । अन्य अभ्यासहरूमा प्रश्न 'क' र 'ख' र लेखाइ सीपसँग बढी बजिक छ किन भने पाठको राम्रोसँग अध्ययन गरेपछि मात्र उक्त अभ्यास गर्न सकिन्छ । यसैगरी प्रश्न 'घ' मा घटनाको क्रमैसँग वर्णन गर्न पनि अपरिहार्य भएकोले उक्त अभ्यास पढाइ र लेखाइ सीप विकासका लागि उपयुक्त मानिन्छ । प्रश्न ङ, लेखाइ सीपसँग बढी पढाइ सीपसँग कम मात्र सम्बन्धित छन् यद्यपि पढाइबिना ती अभ्यास गर्न असम्भव प्राय छ ।

### ४.१५.३ निष्कर्ष

वोधिसत्वको कथा नैतिकता र परोपकारका गुणले युक्त कथा हो । यस कथाले विद्यार्थीमा सच्चरित्रताको विकास गर्न सहयोग गर्ने देखिन्छ। यसमा प्रयुक्त नमुना अभ्यासहरू कथा शिक्षणको उद्देश्य अनुरूप नै रहेका देखिन्छ । जम्मा १४ ओटा अभ्यास समावेश गरिएका यस पाठमा कथा पढ्ने, उत्तर भन्ने, लेख्ने, पर्याय र विपर्याय शब्द लेख्ने, वाक्यमा प्रयोग गर्ने जस्ता अभ्यास समावेश गरेर सुनाइ, बोलाइ, पढाइ र लेखाइजस्ता भाषिक सीपलाई समानुपातिक ढङ्गले समावेश गरिएको पाइन्छ । यद्यपि सुनाइ र बोलाइ सीपमा आधारित नमुना अभ्यासको भने कमी पाइन्छ । कथा शिक्षणको मर्म अनुरूप राखिएका अभ्यासले भाषिक सीपमा निखरता ल्याउने देखिन्छ ।

## ४.१६ पाठ पन्ध्र 'म सौर्य ऊर्जा हुँ' प्रबन्धमा प्रयुक्त नमुना अभ्यास

गद्य भाषामा लेखिएको जीवन जगतकै विषयवस्तु, भाव विचारलाई प्रस्तुत गरिएको लघु कलेवरमा संरचित साहित्यिक विधालाई प्रबन्धको रूपमा लिइन्छ (भण्डारी र अन्य, २०६६:४५३) । शब्दभण्डार शिक्षणका लागि भने प्रबन्ध निकै प्रभावकारी विधा मानिन्छ ।

### ४.१६.१ सुनाइ र बोलाइ सीपसँग सम्बन्धित अभ्यासहरू

यस पाठमा सुनाइ र बोलाइ सीप विकासका लागि निम्न अभ्यासहरू समावेश गरिएको छ ।

प्रश्न (क) उत्तर भन (पृष्ठ ११४)

अ. ऊर्जा भनेको के हो ?

आ. कुन ऊर्जाको भण्डार सीमित छ ?

इ. कति नेपालीले बिजुली बाल्न पाएका छन् ?

ई. कुन ऊर्जाको सहयोगले बोट विरुवा हुर्कन्छन् ?

प्रश्न (ख) पाठका आधारमा तलका शब्दको अर्थ भन (पृष्ठ ११५)

वितरण, वातावरण, दियालो, ध्वाँसो, सीमित, धनराशि

प्रश्न (ग) ठीकसँग उच्चारण गर र कापीमा सार (ऐ)

पेट्रोल, सौर्य ऊर्जा, ब्याट्री, चार्ज, अक्षय, वैकल्पिक, समुद्री छाल सोला ड्रायर, दूर सञ्चार, भूक्षय, सम्यता, नवीकरणीय

### ४.१६.२ पढाइ र लेखाइ सीपसँग सम्बन्धित अभ्यासहरू

उपयुक्त पाठमा पढाइ र लेखाइ सीपको विकासका लागि निम्न अभ्यासहरू समावेश गरिएको छ :

प्रश्न (क) ठीक बेठिक छुट्याऊ (पृष्ठ ११४)

अ. जल विद्युत विकासका लागि अथाह धनराशि खर्च हुन्छ ।

आ. ऊर्जा भनेको शक्तिको स्रोत हो ।

इ. हावा, खोला, ताल आदि स्रोतबाट प्राप्त ऊर्जा अक्षय हुदैन ।

ई. सौर्य ऊर्जाको प्रयोग दिनानुदिन बढ्दो छ ।

प्रश्न (ख) उत्तर लेख (ऐ)

अ. ऊर्जाक प्रचलित स्रोतहरू केके हुन् ?

आ. ऊर्जा ऊर्जालाई नवीकरणीय ऊर्जा भनिन्छ ?

इ. कस्तो ऊर्जा किन सस्तो मानिएको हो ?

ई. सौर्य ऊर्जा उपभोगका फाइदाहरू केके छन् ?

प्रश्न (ग) भाव विसर गर (ऐ)

म (सूर्य) अक्षय र नवीकरणीय ऊर्जाको अनन्त भण्डार हुँ ।

प्रश्न (घ) सौर्य ऊर्जाबाट कुन कुन काम गर्न सकिन्छ । दस वाक्यमा वर्णन गर (ऐ)

प्रश्न (ङ) कक्षामा माथिको पाठ आलोपालो गरी पढेर सुनाऊ र साथीले पढेको पनि सुन (ऐ)

प्रश्न (च) ठीक हिज्जे भएको शब्द छानेर लेख (पृष्ठ ११६)

| | | | |
|---|---|---|---|
| अत्याधिक | अत्याधिक | अत्यधीक | अतधिक |
| प्रतीशत | पर्तिशत | प्रतिसत | प्रतिशत |
| प्रकृतिक | प्राकृतिक | प्राकृतीक | प्राक्रितिक |

प्रश्न (छ) पाठको अन्तिम अनुच्छेद कापीमा सार (ऐ)

माथिका सुनाइ र बोलाइ अभ्यास अन्तर्गतका प्रश्न 'क' बोलाइ सीपसँग नजिक भए पनि यो अभ्यास बोलाइका साथै पढाइ सीप सिकाउन उपयुक्त छ। प्रश्न 'ख' अर्थ भन्न सिकाउने अभ्यास भएकाले यो पनि पढाइ र बोलाइ सीप सिकाइमा उपयोगी मानिन्छ। त्यस्तै प्रश्न 'ग' बोलाइ र लेखाइ सीपसँग सम्बन्धित छ। पढाइ र लेखाइ अन्तर्गतका प्रश्न क, ख, ग र घ का

अभ्यासहरू भाषाको पढाइ सीपका साथै लेखाइ सीपसँग सम्बन्धित छन्। प्रस्तुत अभ्यासले विद्यार्थीमा मौलिक र सिर्जनात्मक लेखन क्षमताको विकास गराउँछ।

### ४.१६.३ निष्कर्ष

'म सौर्य ऊर्जा हुँ' प्रबन्धमा राखिएका नमुना अभ्यासहरू प्रबन्ध शिक्षणको उद्देश्य अनुरूप नै रहेको देखिन्छ। व्याककरण अभ्यास बाहेक जम्मा १५ ओटा अभ्यास समावेश गरिएको यस पाठमा सुनाइ र बोलाइलाई भन्दा पढाइ र लेखाइ सीपलाई मुख्य मानेर त्यसै अनुरूपमा अभ्यास समावेश गरिएको छ। पाठ पढ्ने, अनुच्छेदद लेख्ने, उत्तर भन्ने र लेख्ने, भाव विस्तार गर्ने जोडा मिलाउने, खाली ठाउँ भर्ने ठीक बेठिक छुट्याउने वाक्य बनाउने नयाँ शब्द बनाउने लगायतका अभ्यासहरू समावेश गरेर सुनाइ, बोलाइ, पढाइ र लेखाइ जस्ता भाषिक सीपलाई समानुपातिक ढङ्गले समावेश गर्ने प्रयास गरिएको छ। कठिन शब्दोच्चारण गर्ने र प्राविधिक शब्दको ज्ञान दिने तथा सिर्जनात्मक अभ्यासमा पनि प्रबन्ध लेख्ने अभ्यास राख्ने कार्यले प्रबन्ध शिक्षणको उद्देश्य अनुरूप विद्यार्थीको शब्दभण्डारगत ज्ञानमा थप निखरता ल्याउने देखिन्छ।

### ४.१७ पाठ स्रोह 'रिस र राक्षस' कथामा प्रयुक्त नमुना अभ्यास

कथा शिक्षणका लागि कथा कथन, कथा श्रवण, कथाको अनुकृत लेखन आदि गराउन सकिन्छ।

### ४.१७.१ सुनाइ र बोलाइ सीपसँग सम्बन्धित अभ्यास

यस पाठमा सुनाइ र बोलाइ सीपसँग सम्बन्धित निम्नानुसारका अभ्यास समावेश गरिएका छन्।

प्रश्न (क) उत्तर भन (पृष्ठ १२०)

अ. बलराम, श्रीकृष्ण र सात्यकि किन जङ्गलतर्फ गएका छन् ?

आ. पहिलो, दोस्रो र तेस्रा प्रहरमा कोको पाले सबे ?

इ. बलरामसँगको लडाइँमा राक्षस कत्रो भयो ?

ई. श्रीकृष्णले राक्षसलाई कहाँ राखे ?

उ. श्रीकृष्ण राक्षरसँग लडे कि लडेनन् ?

प्रश्न (ख) राक्षस बढेर भीमकाय हुनुको कारण र घटेर खेलौना जत्रो हुनुको कारणबारे छ सात वाक्यमा बयान गर (पृष्ठ १२१)

### ४.१७.२ पढाइ र लेखाइ सीपसँग सम्बन्धित अभ्यास

यस पाठमा पढाइ र लेखाइ सीपसँग सम्बन्धित अभ्यासहरू निम्न

प्रश्न (क) कसले कसलाई भनेका के हो ? लेख (पृष्ठ १२०)

अ. बरु नदीमा जल बिहार गरौ हुन्न ?

क. सात्यकिले श्रीकृष्णलाई

ख. श्रीकृष्णले बलरामलाई

ग. श्रीकृष्णले सात्यकिलाई

आ. म तिमीलाई साथी बनाएर आफैसँग राख्छु ल ।

अ. किन श्रीकृष्ण, बलराम र सात्यकि सेनाका छि लागेनन् ?

आ. फुच्चे राक्षस कसरी भीमकाय भयो ?

इ. राक्षस के गदा बढ्दो र के गर्दा घट्दो रहेछ ?

ई. यस कथाबाट के शिक्षा पाइन्छ ?

प्रश्न (ग) यस कथाका मुख्य मुख्य घटना कापीमा टिपेर कक्षाम सुनाऊ (ऐ)

प्रश्न (घ) कक्षामा माथिको पाठ पालैपालो पढेर साथीलाई सुनाऊ (ऐ)

प्रश्न (ङ) तलका शब्द ठीकसँग उच्चारण गर र कापीम लेख (पृष्ठ १२२)

हिंस्रक राक्षस जङ्ग्रङ्ङ, अजङ्ग, पुल्टुङ बाजी, शक्तिशाली, प्रहर, आक्रमण

प्रश्न (च) टहटह, भीमकाय जस्ता अजन्त उच्चारण हुने र छप्ल्याङछुप्लुङ पाठबाट खोज (ऐ)

प्रश्न (छ) पाठको चौथो अनुच्छेद राम्रो अक्षरमा कापीमा सार (ऐ)

प्रश्न (ज) मृग श्रीकृष्णजस्ता 'ऋ' लागेको अरू पाँच शब्द कक्षामा छलफल गरेर लेख (ऐ)

माथिका अभ्यासहरूमध्ये सुनाइ र बोलाइ अन्तर्गतका प्रश्न क र ख का अभ्यास बोलाइ सीपसँग सम्बन्धित छन् । यद्यपि प्रश्न ख बोलाइ साथै पढाइ सीपका लागि पनि उपयोगी छ । त्यस्तै पढाइ र लेखाइ सीप अन्तर्गतका क, ख र ग का अभ्यास गर्न गहन पठनको आवश्यकता पर्ने हुँदा यी पढाइ र लेखाइ सीप विकासका लागि उपयुक्त छन् ।

### ४.१७.३ निष्कर्ष

'रिस र राक्षस' कथा पौराणिक कथा हो । यस कथाले विद्यार्थीमा विवेक पुऱ्याएर काम गर्नु पर्ने भावना जागृत गराउँछ । यस कथामा राखिएको नमुना अभ्यासहरू कथा शिक्षणको उदेश्यअनुरूप नै रहेको देखिन्छ । यस पाठमा व्याकरण अभ्यासदेखि बाहेक १४ ओटा अभ्यास समावेश गरिएको छ । खासगरी पाठकलाइ नै प्रमुख मानेर त्यसै अनुरूपको अभ्यास राखेर सुनाइ, बोलाइ, पढाइ र लेखाइजस्ता भाषिक सप सिकाउने प्रयास गरिएको छ । उत्तर भन्ने, उत्तर लेख्ने, आफ्नो विचार दिएकार उत्तर लेख्ने साथै भनाइ पत्ता लगाउने लगायत शब्द भण्डारको अभ्यासलाई जोड दिएर पर्याय, विपर्याय शब्द लेख्ने, अनुकरणत्मक, हलन्त, अजन्त शब्द खोजेर लेख्ने, वाक्यमा प्रयोग गर्ने जस्ता अभ्यासहरू समावेश गरिएको यस अभ्यासमा सबै भाषिक

सीपलाई समानुपातिक ढङ्गले समावेश गरिएको पाइए पनि सुनाइ र बोलाइ सीपमा आधारित नमुना अभ्यासको भने कमी पाइएको छ। शब्दालाइ शुद्ध अच्चारण गर्ने अभ्यास र पाठ पढ्ने अभ्यासको प्रयोग गरिएको गरिनु तथा नमुना अभ्यासकै माध्यमबाट विद्यार्थीमा उच्चारण र पढाइको अभ्यास गरी भाषिक निखारता ल्याउने प्रयास गरिएको पाइन्छ।

### ४.१८ पाठ सत्र 'प्रधानाध्यापकलाई निवेदन'मा प्रयुक्त नमुना अभ्यास

निवेदकलाई चिठी विधाअन्तर्गतको एक उपविधीका रूपमा लिन सकिन्छ। कुनै पनि कुराको स्वीकृति लिनु परेमा, कार्य समान्न गर्ने, सहयोग लिनु परेमा सम्बन्धित कार्यालय प्रमुख समक्ष निवेदन पेश गरिन्छ। निवेदन लेखनका निम्ति, मिति सम्बोधन र पद, कर्यालयको नाम र ठेगाना, विषय, निवेदनको व्यहोरा, निवेदकको नाम, ठेगना स्पष्ट उल्लेख गरिएको हुनुपर्छ। निवेदन शिक्षण लेखाइ र सीपँग सम्बन्धित भए पनि यसले विद्याथीहरूमा विचार समप्रेषण, नेतृव क्षमता र लेखन शैलीको विकास गर्न मद्दत पुग्ने देखिन्छ।

### ४.१८.१ सुनाइ र बोलाइ सीपसँग सम्बन्धित अभ्यास

निवेदन खासगरी सिर्जनात्मक लेखनसँग सम्बन्धित विषय भएकाले यसमा सुनाइ र बोलाइका अभ्यासहरू प्रशस्त राखिएका हुँदैनन्। यस पाठमा प्रयुक्त सुनाइ र बोलाइ सीपसँग सम्बन्धित अभ्यासहरू निम्नानुसार छन् :

प्रश्न (क) उत्तर भन (पृष्ठ १२४)

अ. यो निवेदन कसले कसलाई लेखेको हो ?

आ. निवेदनमा के कुराको माग गरिएको छ ?

इ. निवेदनहरूले मागको आधार के पेश गरेका छन् ?

ई. विद्यालयले खेल खेलाउँदा हुने फाइदा के हो ?

उ. विद्यालयहरूले खेलकुद प्रतियोगिता किन सञ्चालन गरेका होलान् ?

### ४.१८.२ पढाइ र लेखाइ सीपसँग सम्बन्धित अभ्यास

निवेदन लेखन कार्यकलाप भएकाले यहाँ पढाइ र लेखाइका अभ्यास भने प्रशस्त राखिएका हुन्छन्। यस पाठमा प्रयुक्त अभ्यासहरू निम्न छन् :

प्रश्न (क) तलका विषयमा निवेदन लेख (पृष्ठ १२४)

अ. आफू गरिब र प्रतिभाशाली भएको व्यहोरा अनुरोध गरेर विद्यालयबाट दिइने गरिब तथा जेहेनदार छात्रवृत्ति पाउन अनुरोध गरी प्रधानाध्यापकलाई निवेदन लेख :

आ. खेलकुद सप्ताहमा आफूलाई मन परेको खेलमा भाग खेलकुद शिक्षकलाई सम्वोधन गरेर निवेदन लेख।

प्रश्न (ख) कक्षामा पाठको निवेदन पढेर साथीहरूलाई सुनाऊ (ऐ)

प्रश्न (ग) ठीकसँग उच्चारण गर र कापीमा सार (ऐ)

जिल्लाव्यापी, प्रतियोगिता, प्रदर्शन, प्रतियोगितात्मक

प्रश्न (घ) पाठको चिठी राम्रा अक्षर बनाएर कापीमा सार (ऐ)

प्रश्न (ङ) तलको निवेदन ढाँचा हेर र माथिको निवेदनसँग रुजु गर (पृष्ठ १२४)

यस किसिमका निवेदन लेखनका अभ्यासले विद्यार्थीमा औपचारिक लेखनको अभ्यास बढ्छ । निवेदन लेख्दा शिष्ट शैलीमा लेखिने भएकाले विद्यार्थीमा औपचारिक तथा शिष्ट भाषाको प्रयोग गरी लेख्न मद्दत पुऱ्याउँछ । त्यसैगरी उपसर्ग र प्रत्यय जोडी नयाँ शब्द बनाउने, वाक्यमा प्रयोग गर्ने विपरीतार्थक शब्द लेख्ने पाठ सार्ने जस्ता अभ्यासले विद्यार्थीमा पढाइ तथा लेखाइ सीपको विकास गर्ने देखिन्छ ।

### ४.१८.३ निष्कर्ष

यस निवेदनमा राखिएका अभ्यासहरू विद्यार्थीलाई निवेदन लेखनकै लागि विशेष जोड दिने खालका राखिएकाले धेरै अभ्यासहरू लेखन सीपसँग सम्बन्धित रहेका छन् । यसका साथै भाषाका चारओटै सीपलाई निवेदन विधामा पनि समावेश गर्नका लागि शब्दार्थ पठन लेखन, पाठको सस्वर वाचन, कठिन शब्दको श्रुति उच्चारण जस्ता अभ्यास राखेर अझ उत्कृष्ट पार्ने प्रयास गरिएको छ । कार्यमूलक व्याकरण बाहेकका ९ ओटा अभ्यास नै विद्यार्थीका लागि प्रशस्त हुने देखिन्छ । सिर्जनात्मक अभ्यासमा रहेको निवेदन लेखनले पनि विद्यार्थीलाई सिर्जनशील बनाउन थप सहयोग गरेको देखिन्छ ।

### ४.१९ पाठ 'अठार आबाल ब्रहमचारी षडानन्द' जीवनीमा प्रयुक्त नमुना अभ्यास

नमुना अभ्यासले विद्यार्थीहरूमा सिर्जनात्मक क्षमताको विकास गर्नुका साथै प्रयोजनपरक भाषिक क्षमता हासिल गर्न थप ऊर्जा प्रदान गर्दछ ।

### ४.१९.१ सुनाइ र बोलाइ सीपसँग सम्बन्धित अभ्यास

यस पाठमा सुनाइ र बोलाइ सीपसँग सम्बन्धित निम्न अभ्यासहरू समावेश गरिएका छन्:

प्रश्न (क) एक वाक्यमा उत्तर भन (पृष्ठ १३०)

अ. पडानन्दलाई किन युग पुरुष भनिएको हो ?

आ. उनको जन्म कहाँ र कहिले भयो ?

इ. षडानन्दले विद्यालयको स्थापना कहाँ र कहिले गरे ?

ई. षडानन्दले स्थापना गरेका विद्यालयको मुख्य विशेषता के थियो ?

उ. गुठीको सञ्चालनको कुरा केमा लेखेको पाइन्छ ?

ऊ. षडानन्द कहाँ र कहिले स्वर्ग भए ?

प्रश्न (ख) तलका शब्दको अर्थ भन (पृष्ठ १३२)

अमर, गहन, अध्यापन, नित्य, केन्द्र, कीर्ति, शासक

प्रश्न (ग) ठीकसँग उच्चारण गर (ऐ)

दृष्टिकोण, ताम्रपत्र, धर्म पत्रिका, रुद्राक्ष, पर्यावरण, व्यवस्थापना, पुराण, धर्मशाला, राष्ट्रिय, पुरस्कार, प्रेरक व्यक्तित्व, विद्याध्ययन, चतुर्दशी

### ४.१९.२ पढाइ र लेखाइ सीपसँग सम्बन्धित अभ्यास

उपर्युक्त पाठमा समावेश गरिएका पढाइ र लेखाइ सीपसँग सम्बन्धित अभ्यास निम्न छन् ।

प्रश्न (क) जोडा मिलाऊ (पृष्ठ १३०)

| | |
|---|---|
| षडानन्द सीताराम गुठीको व्यवस्थापन | राष्ट्रिय पुरस्कारको स्थापना |
| पर्यावरणको संरक्षण | मेला |
| षडानन्दको कीर्ति फैलाउने काम | सिद्धि प्राप्ति |
| राम नवमी र बाला चतुर्दशी | षडानन्द संस्कृत माध्यमिक विद्यालय |
| गायत्री उपासना र योग साधना | धर्म पत्रिका |
| जनस्तरबाट स्थापित नेपालको पहिलो विद्यालय | जगेडाको वन |

प्रश्न (ख) ठीक उत्तरमा ठीक (√) चिनो लगाऊ (पृष्ठ १३१)

अ. षडानन्दले गरेका समाज सेवाका कामहरूमध्ये मुख्य काम कुन हो ?

क. पर्यावरण संरक्षण    ख. सतीप्रथाको अन्त्य

ग. विद्यालयको स्थापना    घ. मठ मन्दिरको निर्माण

आ. त्यसबेला विद्यालय स्थापना गर्न मुख्य कठिनाइ के थियो ?

क. देशमा राणा शासन थियो ?

ख. शिक्षा र चेतनाको कमी थियो ?

ग. राणा शासकहरूबाट स्वीकृति लिन सजिलो थिएन ।

घ. राजधानी काठमाडौँमा नै विद्यालय थिएन ।

प्रश्न (ग) सङ्क्षिप्त उत्तर लेख (ऐ)

अ. दुधे बालक छँदा षडानन्दको जीवनमा घटेको घटना के थियो ?

आ. षडानन्दले कहाँ कहाँ विद्यालय कस्तो थियो ?

इ. षडानन्दले स्थापना गरेको विद्यालय कस्तो थियो ?

ई. षडानन्दका बारेमा के कस्ता कामहरू हुँदै ाछन् ?

प्रश्न (घ) कक्षामा माथिको पाठ पालैपालो पढ र साथीले पढेको पनि सुन (ऐ)

प्रश्न (ङ) ठीक हिज्जे भएका शब्द छान (ऐ)

| | | | |
|---|---|---|---|
| विद्याध्ययन | विध्याध्ययन | विद्याध्यन | विद्याध्ययन |
| राष्टिय | राष्ट्रिय | राष्ट्रीय | रास्ट्रिय |
| अनुकरणीय | अनुकरणीय | अनुकरणिय | अनकन्टार |

माथिका सुनाइ र बोलाइ अभ्या अन्तर्गतको प्रश्न क र ख सुनाइका साथै बोलाइ र पढाइ सीपसँग पनि सम्बन्धित छन् । प्रश्न क र ख को अभ्यास गर्न पाप राम्ररी पढ्नु पर्दछ भने प्रश्न 'ग' बोलाइ सीप विकासका लागि उपयोगी भनिन्छ । पढाइ र लेखाइ अन्तर्गतका प्रश्न क, ख, ग का अभ्यास गर्न पाठको गहन अध्ययन गर्नुपर्ने हुँदा उक्त अभ्यास पढाइ र लेखाइ सीप विकासमा उपयोगी छन् । वाक्य बनाउन वाक्यको प्रयोग सन्दर्भ जान्न आवश्यक भएकाले पढाइका साथै लेखाइ सीपमा यस्ता अभ्यास उपयोगी सिद्ध हुन्छन् ।

### ४.१९.३ निष्कर्ष

'आबाल ब्रह्मचारी षडानन्दको' जीवनीमा राखिएका नमुना अभ्यासहरू जीवनी विधाको उद्देश्य अनुरूप नै रहेको देखिन्छ । व्याकरण अभ्यास बाहेक १४ ओटा अभ्यास समावेश गरिएको यस पाठमा लेखाइलाई प्रमुख मानेर त्यसै अनुरूपका अभ्यासहरू समावेश गरिएको छ । पाठ पढ्ने, उत्तर भन्ने, उत्तर लेख्ने, जोडा मिलाउने, सबैभन्दा ठीक उत्तर छान्ने, पर्याय र विपर्याय छुट्याउने, वाक्य बनाउने, घटनाक्रम मिलाउने, शब्दभण्डार र उच्चारणका अभ्यासहरू समावेश गरेर सुनाइ, बोलाइ, पढाइको प्रत्यक्ष लेखाइ सीपसँग सम्बन्धित बनाएर भाषिक सीपलाई समानुपातिक ढङ्गले विकास गर्ने किसिमका अभ्यासहरू समावेश गरिएको छ । अभ्यासकै माध्यमबाट श्रुति लेन, कठिन शब्दको उच्चारण गर्ने जस्ता कार्यले विद्यार्थीको सुनाइ, बोलाइ, पढाइ र लेखाइ सीपमा थप निखरता ल्याउने देखिन्छ ।

## ४.२० पाठ उननाइस 'सभ्यता' कवितामा प्रयुक्त नमुना अभ्यास

कविता शिक्षण गर्दा विशेषत लययुक्त सस्वर वाचन, भाव पहिचान प्रश्नोत्तर, भावार्थ र भाव विस्तार आदिका क्रियाकलाप गराउनुका साथै कविताको अनुकरणात्मक र सिर्जनात्मक लेखन तिर प्रकृत्त गराउनु उपयुक्त हुन्छ (आधारभूत शिक्षा पाठ्यक्रम, २०६९) । यस्ता अभ्यासहरूलाई भाषिक सीपसँग अन्तरसम्बन्धित बनाएर राख्नु नै भाषा पाठ्यपुस्तकको ध्येय हो ।

### ४.२०.१ पढाइ र बोलाइ सीपसँग सम्बन्धित अभ्यास

यस पाठमा पढाइ र बोलाइ सीपसँग सम्बन्धित निम्न अभ्यासहरू समावोश गरिएका छन्:

प्रश्न (क) 'सभ्यता' कविता लय हालेर पढ (पृष्ठ १३५)

प्रश्न (ख) ठीकसँग उच्चारण गर र कापीमा सार (पृष्ठ १३६)

प्वाँख, खैजडी, गुनिउँ, खोक्रो, भव्य, ऋषिवाणी, संस्कार, नियुक्क, वस्त्रजाल

### ४.२०.२ लेखाइ सीपसँग सम्बन्धित अभ्यास

यस पाठमा लेखाइ सीपसँग सम्बन्धित अभ्यास निम्न छन् :

प्रश्न (क) छोटो उत्तर लेख (पृष्ठ १३५)

अ. कवयित्रीले केलाई नक्कली प्वाँख भनेकी छिन् ?

आ. नेपाली नम गजलाई किन खोक्रो भनिएको हो ?

इ. घर पोले खरानी सिकाउनु भनेको के हो ?

प्रश्न (ख) कविताको पहिलो श्लोकलाई वाक्यमा लेख (ऐ)

प्रश्न (ग) भाव विस्तार गर (ऐ)

चहलपहल नौलो सभ्यताले बढायो ।

समय जति त खाने लाउनेमै बितायो ।

मन मगज छ खोक्रो बाहिरी भव्य बोक्रो ।

मलिन छ ऋषि वाणी धर्म संस्कार थोत्रो ।

प्रश्न (घ) सभ्यता कविताको सन्देश के हो ? पाँच वाक्यमा लेख (ऐ)

प्रश्न (ङ) कविताको दोस्रो श्लोक राम्रो अक्षरमा कापीमा सार (ऐ)

प्रश्न (च) पाटबाट 'ब' बोलेर 'च' लेखिने 'व' बोलेर 'ब' लेखिने 'व' बोलेर 'व' लेखिने शब्दहरू खोज (ऐ)

माथिको अभ्यासका पढाइ र बोलाइ सीपसँग सम्बन्धित प्रश्न 'क' पढाइ सीपसँग सम्बन्धित छ । यस अभ्यासले लयवद्ध वाचन गर्ने सीप विकासमा सहयोग पुऱ्याउने देखिन्छ भने प्रश्न 'ख' बोलाइका साथमा लेखाइ र पढाइ सीपसँग पनि सम्बन्धित छ । लेखाइ सीपअन्तर्गतका क, ख, ग र घ का अभ्यास गर्न पाठको गहिराइसम्म पुगेर पढ्नुपर्ने भएकाले यी अभ्यासलाई पढाइ र लेखाइ सीपसँग एकीकृत रूपमा लैजाने प्रयास भएको देखिन्छ । यसलाई पाठमा प्रयोग भएका वाक्यहरूको अर्थ बुझ्न जरुरी भएकाले पढाइ सीपलाई पनि यस प्रश्नले साथमा लैजाने देखिन्छ ।

### ४.२०.३ निष्कर्ष

'सभ्यता' कविता हाम्रो संस्कृति र देशभक्तिको भावनाको भरिपूर्ण कविता हो । यस कविता हो । यस कवितामा प्रयुक्त अभ्यास अन्तर्गत शब्दभण्डार, उच्चारण र हिज्जेमा राखिएका अभ्यासहरू भाषाका चारओटै सीप विकास गर्नका लागि समावेश गरिएको पाइन्छ । पढाइ बोलाइ,

पढाइ, लेखाइ गरेर भाषिक सीपहरूलाई एकअर्कासँग सम्बन्धित बनाएर प्रस्तुत गरिएका अभ्यासहरू उपयुक्त देखिन्छन् । बोलाइ सीपका लागि न्यून अभ्यास भए पनि पढाइ सीपका अभ्यासले बोलाइ सीपमा सहयोग पुऱ्याउने देखिन्छ । पढाइ सीपका लागि कविता लय हालेर पढ्ने अभ्यास उपयुक्त छ । साथै खाली ठाउँ भर्ने व्याक्यमा प्रयोग गर्ने, पर्यायवाची र विपरीतार्थक शब्द लेख्ने अभ्यासले लेखाइका साथै पढाइ सीपमा पनि मद्दत गर्ने देखिन्छ । जम्मा १४ ओटा अभ्यास भएको यस पाठमा २ ओटा पढाइ र बोलाइ सीपका अभ्यास र १२ ओटा लेखाइ सीपसँग सम्बन्धित अभ्यास भए पनि लेखाइ सीपले आगाडिका तीनओटै सीपलाई सँगै लैजाने भएकाले यस पाठमा प्रयुक्त नमुना अभ्यासहरू भाषिक सीप विकास गर्न उपयुक्त देखिन्छन् ।

### ४.२१ पाठ बीस 'नेपालको धार्मिक वास्तुकला' प्रबन्धमा प्रयुक्त नमुना अभ्यास

गद्य भाषामा लेखिएको जीवन जगतकै विषयवस्तु, भाव विचारलाई प्रस्तुत गरिएको लघु आयाममा संरचित साहित्यिक विधालाई प्रबन्धमा रूपमा लिइन्छ (भण्डारी र अन्य, २०६६:४५३) । यस विधाले साहित्यको सरलदेखि गहनम क्षेत्रलाई पनि समेट्न सक्छ । यो तथ्यपरक, सूचनात्मक र जानकारी मूलक हुन्छ । यस विधाको मुख्य प्रयोजन विद्यार्थीमा गद्यात्मक अभिव्यक्तिको बोध क्षमताका सार्थ गद्यात्मक लिति अभिव्यक्ति क्षमताको विकास गर्नु हो । यसको सिकाइका क्रममा निर्दिष्ट प्रबन्धका पाठको उपयोग गर्नुका साथै खास विषय शीर्षक दिई निर्देशित र स्वतन्त्र रूपमा लेखन अभ्यास गराउनु पर्दछ । गद्यात्मक अभिव्यक्तिको अभ्यास गराउँदा मौन पठन, प्रश्नोत्तर, छलफल, व्याख्या आदिको उपयोग गर्नुपर्छ । यसका अतिरिक्त प्रबन्ध शिक्षणका क्रममा अभ्यासका रूपमा सस्वर पठन, बुँदाटिपोट, सारांश, भाव विस्तार, व्याख्याका साथै शब्दोच्चारण, कठिन शब्दको अर्थ पहिचान र वाक्यमा प्रयोग, श्रुति लेखन तथा अनु लेखन जस्ता अभ्यास गराउनु आवश्यक हुन्छ (आधारभूत शिक्षा पाठ्यक्रम २०६९) । शब्दभण्डार शिक्षणका लागि भने प्रबन्ध निकै प्रभावकारी विधा मानिन्छ ।

### ४.२१.१ सुनाइ र पढाइ सीपसँग सम्बन्धित अभ्यास

प्रस्तुत पाठमा सुनाइ र पढाइ सीपसँग सम्बन्धित अभ्यास निम्न छन् ।

प्रश्न (क) कक्षामा माथिको पाठ पालैपालो पढ र साथीले पढेको पनि सुन (पृष्ठ १४४)

प्रश्न (ख) शिक्षबाट सुनेर लेख (पृष्ठ १४५)

स्तुप, चैत्य, गुम्बा, सत्तल, शैली, टुँडाल, वास्तुकला वर्गाकार

प्रश्न (ग) अ. कला केलाई भनिन्छ ?

आ. हलेसीको गुफा र गुम्बा कस्ता कला हुन् ।

इ. हिन्दु धार्मिक वास्तुकलामा केके पर्दछन् ।

ई. वौद्ध देवालयमा केके पर्दछ ?

उ. गुम्बा कुन धर्मको देवालय हो ?

ऊ. इसाई धार्मिक देवालयको नाम के हो ?

### ४.२१.२ बोलाइ सीपसँग सम्बन्धित अभ्यास

यस पाठमा समावेश गरिएका बोलाइ सीपसँग सम्बन्धित अभ्यास निम्न छन् ।

प्रश्न (क) तलका शब्दको अर्थ भन (पृष्ठ १४४)

देवालय, प्रवेशद्धार, अनुपम, निर्माण, सामग्री, आराधना, प्रार्थना, उत्कृष्ट, बेजोड, धैर्य, धातु

प्रश्न (ख) तलका शब्दहरू ठीकसँग उच्चारण गर (पृष्ठ १४५)

गुम्बज, प्राङ्गण, गिर्जाघर, मस्जिद, पृष्ठभूमि, प्रदक्षिणा, धर्मचक्र, भवचक्र, स्तम्भ, प्रजा, चक्षु, विशिष्ट, जुहारत, अष्ट, षट्भुजात्मक

प्रश्न (ग) उत्तर भन (पृष्ठ १४२)

### ४.२१.३ लेखाइ सीपसँग सम्बन्धित अभ्यास

यस पाठमा प्रयुक्त लेखाइ सीपसँग सम्बन्धित अभ्यास निम्न छन् ।

प्रश्न (क) जोडा मिलाऊ (पृष्ठ १४३)

| | |
|---|---|
| हिन्दु धर्म | स्तूम, चैत्य |
| बौद्ध धर्म | गुम्बा |
| इस्लाम धर्म | जिर्जाघर |
| इसाई धर्म | मन्दिर |
| लामा बौद्ध | मस्जिद |
| मिनार | गुम्बा |
| शिखर (टावर) | स्तूप |
| धर्मचक्र | मन्दिर |
| प्रज्ञाचक्षु | मस्जिद |
| गजुर | गिर्जाघर |

प्रश्न (ख) उत्तर लेख (ऐ)

अ. कस्तो कलालाई मानव सिर्जित कला भनिन्छ ?

आ. सत्तल शैलीलाई किन तले शैली भनिएको हो ?

इ. गुम्बामा कस्तो कला हुन्छ क?

ई. कुन कुन कुराले गिर्जाघरलाई वास्तुकलाको चिनारी दिन्छन् ?

माथिका सुनाइ र बोलाइ अन्तर्गतका प्रश्न 'क' सुनाइ र पढाइ सीपसँग सम्बन्धित छ भने प्रश्न 'ख' सुनाइ र लेखाइ सीपसँग सम्बन्धित छ। यस्ता अभ्यासले विद्यार्थीमा अरूले पढेको सुनेर आफूले पनि पढ्ने र लेख्ने सीपको विकासमा सहयोग पुऱ्याउँछ। बोलाइ अन्तर्गतका प्रश्न 'क' र 'ख' शब्दभण्डारको ज्ञान गराउनका साथै विभिन्न शब्दको शुद्धोच्चारण गर्न अर्थ बताउन सक्ने अवसर प्रदान गर्दछ। प्रस्तुत अभ्यासले विद्यार्थीमा सिर्जनात्मक लेखन सीपको विकास गराउँछ। आफ्नो पढाइको सहयोगमा यस्ता अभ्यास गर्ने भएकाले यी अभ्यासहरू पढाइ लेखाइ सीप विकासका लागि उपयुक्त छन्।

### ४.२१.४ निष्कर्ष

नेपालको धार्मिक वास्तुकला प्रबन्धमा राखिएका नमुना अभ्यासहरू प्रबन्ध शिक्षणको उद्देश्य अनुरूप नै रहेको देखिन्छ। व्याकरण अभ्यास बाहेक १४ ओटा अभ्यास समावेश गरिएको यस पाठमा पढाइ र लेखाइलाई प्रमुख मानेर त्यसै अनुसार अभ्यास गरिएको पाइन्छ। पाठ पढ्ने, उत्तर भन्ने, उत्तर लेख्ने, जोडा मिलाउने, ठीक उत्तर छान्ने, वाक्य बनाउने, शब्दभण्डार तथा उच्चारण अभ्यासहरू समावेश गरेएको पाइन्छ। पाठ पढ्ने, उत्तर भन्ने, उत्तर लेख्ने, जोडा मिलाउने, ठीक उत्तर छान्ने, वाक्य बनाउने, शब्दभण्डार तथा उच्चारणका अभ्यासहरू समावेश गरेर सुनाइ, बोलाइ, पढाइ र लेखाइ जस्ता भाषिक सीपलाई समानुपातिक ढङ्गले समावेश गरिएको छ। नमुना अभ्यासका माध्यमबाट विद्यार्थीलाई श्रुति लेखन, उपसर्ग र प्रत्ययको प्रयोग, कठिन शब्दको उच्चारण गर्ने तथा सिर्जनात्मक अभ्यासमा कुनै एक शीर्षकको वर्णन गर्न लगाउने कार्यले प्रबन्ध शिक्षणको उद्देश्य अनुरूप विद्यार्थीको शब्दभण्डारगत ज्ञानमा थप निखरता ल्याउने देखिन्छ।

### ४.२२ पाठ एक्काइस 'बाक्लो दाल' कथामा प्रयुक्त नमुना अभ्यास

कथा साहित्यको रोचक विधा हो। यसबाट भाषिक सीपहरूको विकास गर्न प्रत्यक्ष सहयोग पुग्दछ। कथा शिक्षणबाट भाषा परिष्कारका साथै स्वस्थ मनोरञ्जन, विषयवोध, अभिरुचि सम्वर्द्धन र विश्लेषणात्मक प्रतिभाको. विकास गर्न गराउन सकिन्छ। कथा शिक्षणको प्रयोजन सहित्यिक आवस्वादन गराउनु, भाषिक परिष्कारका साथै स्वस्थ मनोरञ्जन दिनु, विषयवोध र रुचि सम्वर्द्धन गर्नुका साथै नैतिक उपदेश, अनुशासन, चरित्र, निर्माण र सिर्जनशील क्षमताको विकास गराउनु हो (शर्मा र पौडेल, २०६०:१९८)। अतः कथा शिक्षण माध्यमबाट, कथन शैली, पठन सीप, पठन वोध, प्रश्नोत्तर, बुँदाटिपोट, सारांश, घटनाक्रम मिलाउने, कठिन शब्दको उच्चारण अर्थ र प्रयोग, श्रुति लेखन, अनुलेखन, सस्वर तथा मौन पठन जस्ता कार्यकलाप गराउनु पर्छ (

आधारभूत शिक्षा पाठ्यक्रम २०६९) । यस्ता कार्यलाप समेटेर निर्माण गरेका नमुना अभ्यासले नै भाषिक सीपलाई उजागर गर्न सक्छ ।

### ४.२२.१ सुनाइ र बोलाइ सीपसँग सम्बन्धित अभ्यास

यस पाठमा सुनाइ सीपको विकासका लागि निम्न अभ्यास समावेश गरिएका छन् :

प्रश्न (क) 'बाक्लो दाल' कथाका सुरुका नौ अनुच्छेद शिक्षकबाट सुनेर तलका प्रश्नको जवाफ देऊ (पृष्ठ १५३)

अ. कसले 'बाक्लो दाल' खाने कुरा सुनायो ?

आ. मामा किन टोलाए ?

इ. मामाको अनुहार किन निलोकालो भयो ?

ई. हरिहरले कुन कुरा फटाफट भन्न अनुरोध गरे ?

प्रश्न (ख) उत्तर भन (पृष्ठ १५१)

अ. बाक्लो दाल खाने कुरा कसले कोसँग गरेको छ ?

आ. व्यक्तिवादी मनोवृत्ति भनेको के हो ?

इ. बाक्लो दाल शब्द सुन्दा मामा किन संवेदनशील हुन पुगे ?

ई. बाक्लो दाल खाए पछि मित्रको परिवारको स्थिति कस्तो भएछ ?

प्रश्न (ग) शुद्धसँग उच्चारण गर र कापीमा सार (पृष्ठ १५४)

सम्बोधन, स्वीकार्य, च्वास्स बिभ्नु, आकृष्ट, व्यक्तिवादी, मनोवृत्ति, झसङ्ग, स्पष्टीकरण, जिज्ञासु, नङ्ग्रा, बिस्फोट, नामर्द, घिक्कार

### ४.२२.२ पढाइ र लेखाइ सीपसँग सम्बन्धित अभ्यास

प्रस्तुत पाठमा पढाइ र लेखाइ सीपसँग सम्बन्धित अभ्यास निम्न छन् ।

प्रश्न (क) तलका भनाइ कसका हुन् लेख (पृष्ठ १५१)

अ. शुभेच्छा छ भित्र बाक्लो दाल मिठै बनोस् । कहिल्यै नमिठो नहोस् ।

आ. हो म आमाबुबासँग छुट्टिएर बसिसकैं । बस्नै पऱ्यो, के गर्छौं ?

प्रश्न (ख) ठीक उत्तरम ठीक (√) लगाऊ (ऐ)

अ. संयुक्त परिवार भनेको के हो ?

क. एकै घरमा बसेको परिवार

ख. अलग अलग भान्सा भएको एक ठूलो परिवार

ग. आमाबुवासँगस नछुटटिई एउटै मान्सामा खाने परिवार

आ. बाक्लो दाल कथाको मुख्य आश्य के हो ?

क. करिहर र मामाका मित्रले गरेको काम त्यति बेठीक होइन् ।

ख. व्यक्तिवादी सोचका कारण एकल परिवारतिरको झुकाव बढ्दोछ ।

ग. आजकालका मानिसहरू आफ्ना आमाबुवालाई हेला गर्न थालेका छन् ।

प्रश्न (ग) उत्तर लेख (पृष्ठ १५२)

अ. 'बाक्लो दाल' कथाका मामाका मित्रको कथा आफ्ना शब्दमा लेख ।

आ. 'बाक्लो दाल' कथाका मुख्य मुख्य कुरा टिप ।

इ. 'बाक्लो दाल' कथा पढेर तिमीले पाएको शिक्षा के हो ?

**प्रश्न (घ) 'बाक्लो दाल' कथामा य/ए प्रयोग भएका शब्दहरू टिपोट गर ।**

दसौँ अनुच्छेद कापीमा सार

माथि सुनाइ र बोलाइ सीपसँग सम्बन्धित प्रश्न (क) सुनाइ र बोलाइ सीपसँग तथा (ख) बोलाइका साथसाथै पढाइ सीपसँग सम्बन्धित छन् । त्यस्तै प्रश्न (ग) बोलाइका साथै लेखाइ सीपसँग पनि सम्बन्धिट छ । त्यस्तै पढाइ र लेखाइ सीप अन्तर्गका प्रश्न क, ख, र ग का अभ्यासहरू पाठको जहन अध्ययन पछि मात्र गर्न सकिने भएकाले यी अभ्यासले पढाइ र लेखाइ सीपको विकास गर्ने देखिन्छ ।

### ४.२२.३ निष्कर्ष

'बाक्लो दाल' सामाजिक कथा हो । यस कथाले विद्यार्थीमा आफ्नो कर्तव्यको बोध गराउँछ । त्यस्तै विवेक पुऱ्याएर काम गर्नु पर्ने भावनाको विकास गराउँछ । यस कथामा राखिएका नमुना अभ्यासहरू कथा शिक्षणको उद्देश्य अनुरूप नै रहेको देखिन्छ । व्याकरण अभ्यासदेखि बाहेक जम्मा १४ ओटा अभ्यास समावेश गरिएको यस पाठमा पढाइलाई प्रमुख मानेर त्यसै अनुरूप अभ्यासहरू समावेश गरेको पाइन्छ । शिक्षकबाट सुनेर उत्तर र शब्द लेख्ने, पाठका आधारमा भनाइ पत्ता लगाउने, उत्तर भन्ने र लेख्ने साथै शब्द भण्डारको अभ्यासलाई विशेष जोड दिएर शब्दको अर्थ, पर्याय, विपर्याय शब्द लेख्न, वाक्यमा प्रयोग गर्न अनुच्छेदको अनुलेखन गर्न लगाउने जस्ता अभ्यासहरू समावेश गरेर सुनाइ, बोलाइ, पढाइ र लेखाइजस्ता भाषिक सीपलाई समानुपातिक ढङ्गले समावेश गर्ने प्रयास गरिएको पाइए तापनि सुनाइ र बोलाइ सीपमा आधारित नमुना अभ्यासको भने कमी पाइएको छ । कथा शिक्षणको मर्म अनुप नमुना अभ्यासको प्रयोग गरिनु तथा नमुना अभ्यासकै माध्यमबाट कथाका घटनाको वर्णन गर्न लगाउने जस्ता प्रशस्त अभ्यास गराएको भाषिक सीपमा थप निखरता ल्याउने देखिन्छ ।

## अध्याय पाँच : निष्कर्ष, सुझाव तथा उपयोगिता

### ५.१ निष्कर्ष

पाठ्यक्रम समग्र शिक्षा प्रणालीको मेरुदण्ड हो। पाठ्यक्रमकै आधारमा पाठ्यसामग्री पाठ्यपुस्तक निर्माण गरिन्छ। पाठ्यक्रमलाई समय सापेक्ष परिमार्जन परिवर्तन गरिनु अपरिहार्य छ। यसै सन्दर्भमा कक्षा सातको नेपाली पाठ्यपुस्तक आधारभूत शिक्षा पाठ्यक्रम २०६९ ले परिमार्जन गरी वि.सं. २०७१/७२ सालबाट देशभर लागु गरिएको छ। प्रस्तुत कक्षा सातको परिमार्जिन पाठ्यपुस्तकमा समावेश गरिएका नमुना अभ्यासहरूको भाषिक सीप विकासका दृष्टिले उपयुक्तताको अध्ययन गर्न तथ्यगत व्याख्या विश्लेषण गरिएको छ।

सिकारुमा भाषिक सीप विकासका लागि भाषा पाठ्यपुस्तकमा रहेका नमुना अभ्यासको महत्त्वपूर्ण भूमिका हुन्छ। भाषाका चारै सीपको विकास गर्ने उद्देश्य नमुना अभ्यासबाट पूरा गर्ने लक्ष्य लिइएको हुन्छ। त्यसैगरी हिज्जे, वाक्य गठन, वाक्य निर्माण सम्बन्धी अभ्यासमा हिज्जे तथा उच्चारण र व्याकरण अभ्यासले मद्दत पुऱ्याउने देखिन्छ। विभिन्न विषय तथा घटनाक्रम सिलसिला मिलाई वर्णन गर्न, कथा लेख्न, कविता लेख्न, गीत लेख्न, मौखिक अभिव्यक्ति दिन, वादविवाद गर्न सक्ने जस्ता उद्देश्य पूरा गर्न पाठ सम्बद्ध नमुना अभ्यास र सिर्जनात्मक अभ्यासका प्रश्नले सहयोग पुऱ्याउने देखिन्छ। समग्रमा प्रस्तुत पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासहरू स्तरीय देखिन्छन्। वादविवाद, एकाङ्की जस्ता समूहगत रूपमा गरिने कार्यकलाप पाठमा समावेश गरिए पनि अभ्यासमा त्यसलाई न्यून रूपमा समावेश गरेको पाइन्छ।

सिर्जनात्मक अभ्यासमा भने वादविवाद, निबन्ध, प्रबन्ध, संवाद, जीवनी, चिठ्ठी, कथा लेखन जस्ता अभ्यासलाई समावेश गर्नाले कक्षा सातका विद्यार्थीहरूका लागि स्तर अनुकुल बनाउनका साथै क्षमता विकासमा मद्दत पुग्ने देखिन्छ। कतिपय नमुना अभ्यासहरू शिक्षक तथा विद्यार्थीका लागि स्पष्ट निर्देशन नदिइएकाले अन्योल हुने देखिन्छ। समष्टिगत रूपमा हेर्दा नमुना अभ्यासहरू स्तरीय देखिन्छन्, समूहगत कार्यकलापका अभ्यासरु न्यून देखिन्छन्। सामान्यत शब्दभण्डार, उच्चारण र हिज्जे, प्रयोगात्मक तथा सिर्जनात्मक प्रश्नसम्बन्धी धारणा बसाउनुका साथै व्यवहारिक सीप प्राप्त गर्न सहयोग पुग्दछ। भाषिक सीप र दक्षता वृद्धिका लागि नमुना अभ्यासको महत्त्वपूर्ण भूमिका रहन्छ। सुनाइ, बोलाइ सीप अन्तर्गतका उच्चारित ध्वनिहरूको भिन्नता पहिल्याई उच्चारण गर्ने शुद्ध उच्चारण गर्ने, मौखिक उत्तर दिने जस्ता अभ्यासले बोलाइ सीपको उद्देश्य पूरा गर्न सक्दछन्। त्यस्तै विभिन्न किसिमका वर्णन तथा अभिव्यक्तिहरू सुनी तिनका मुख्य कुराहरू भन्न सक्ने जस्ता उद्देश्य नमुना अभ्यासमा दिइएका बोध र उच्च दक्षता सम्बद्ध अभ्यासबाट पूरा हुन सक्ने देखिन्छ। यस अन्तर्गत बुँदाटिपोट गर्ने, आशय बनाउने, भाव

स्पष्ट पार्ने र सारांश लेख्नेजस्ता अभ्यासहरूलाई लिन सकिन्छ । पाठलाई पढ्ने तथा पढेर सुनाउने अभ्यासले पढाइ सीपसँग सम्बन्धित अभ्यास पूरा गर्न मद्दत पुऱ्याउँछ । पढाइ सीप अन्तर्गतका लिखित सामग्रीलाई गति यति मिलाई शुद्ध र स्पष्टसँग सस्वर वाचन गर्न सक्ने उद्देश्य पूर्तिका लागि विभिन्न विधासम्बद्ध सस्वर वाचन गर्ने, लय वाचन गर्ने, हाउभाउ सहित सस्वर वाचन गर्ने जस्ता अभ्यास प्रस्तुत पुस्तकमा समावेश गरिएको देखिन्छ । त्यसैगरी लेखाइ सीपसँग सम्बन्धित हिज्जे र वाक्य गठन मिलाई श्रुति लेखन, अनुलेखन गर्ने जस्ता अभ्यास पनि समावेश गरिएको पाइन्छ ।

पाठ्यपुस्तकमा समावेश गरिएका समग्र नमुना अभ्यासहरूको अध्ययन गर्दा पाठ्यक्रमले निर्धारण गरेका उद्देश्य प्राप्तिमा सहयोग पुग्ने देखिन्छ । भाषाका चारै सीपको विकास गर्न साथै विद्यार्थीको स्तर अनुरूप सिर्जनात्मक कला तथा व्याकरण सम्बन्धी ज्ञान प्राप्त गर्नका लागि पनि अभ्यासहरू उपयुक्त नै देखिन्छन् । यति हुँदाहुँदै पनि तिनमा केही कमी कमजोरीहरू पनि रहेका छन् । समष्टिगत रूपमा हेर्दा नमुना अभ्यासहरू विद्यार्थीको क्षमता अनुकूल छन् । समूहगत कार्यकलापप्रति अभ्यासहरू अपर्याप्त रहेकाले समावेशात्मक दृष्टिले नमुना अभ्यासहरू अपूर्ण देखिन्छन् । प्रस्तुत अध्ययनबाट प्राप्त तथ्यका आधारमा निष्कर्षलाई निम्नानुसार बुँदागत गर्न सकिन्छ :

### ५.१.१ सबल पक्ष

क. आधारभूत शिक्षा पाठ्यक्रम २०६९ अनुसार परिमार्जन गरी पाठ्यक्रमले निर्धारण गरेका सुनाइ, बोलाइ, लेखाइ सीपसँग सम्बन्धित अभ्यासहरू समावेश गरिएका छन् ।

ख. प्रस्तुत पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासहरू विधा अनुरूप नै संयोजन गरिएको छ ।

ग. विधा अनुसार सिर्जनात्मक अभ्यास राखी विद्यार्थीलाई सिर्जनात्मक ज्ञान दिइएको छ ।

घ. सैद्धान्तिक ज्ञानलाई भन्दा व्यवहारिक सीप अभिवृद्धि गर्नेतर्फ नमुना अभ्यास केन्द्रित रहेको छ ।

ङ. नमुना अभ्यासलाई विविधीकरण गरी प्रस्तुत गरिएको छ ।

च. व्याकरण तथा शब्द भण्डारका अभ्यासलाई आगमन विधिबाट सिकाउने प्रयास गरिएको छ ।

छ. नमुना अभ्यासमा पढाइ सीपसँग सम्बन्धित अभ्यास प्रायः पहिला दिइएको छ ।

ज. कथा, कविता, जीवनी, प्रबन्ध, वादविवाद, एकाङ्की, निवेदनजस्ता विधामा विषयवस्तुगत प्रश्नभन्दा भाषिक सीपगत अभ्यासहरू बढी समावेश गरिएका छन् । जसले गर्दा भाषाका चारै सीपको विकास गर्नुका साथै सिर्जनात्मक क्षमता विकासमा पनि मद्दत गर्दछ ।

झ. वादविवाद चिठी, निवेदन पाठमा विधा अनुसारका अभ्यास दिइएको छ ।

ञ. प्रबन्ध विधाबाट शब्दार्थ र मौखिक वर्णन सिकाउनका लागि सो अनुरूप अभ्यासहरू पनि उपयुक्त मात्रामा राखिएको छ ।

ट. अभ्यासहरूलाई सामान्य, शब्दभण्डार, उच्चारण र हिज्जे, कार्यमूलक व्याकरण र सिर्जनात्मक अभ्यास गरेर पाँच तरिकाका अभ्यासहरू दिइएको छ । जसले विद्यार्थीहरूलाई विविध क्षेत्रको ज्ञान अभिवृद्धि गर्न मद्दत पुऱ्याउने देखिन्छ ।

ठ. शब्दभण्डार तथा उच्चारण अभ्यास बेग्ला बेग्लै राखिएकाले विद्यार्थीलाई छुट्टा छुट्टै अभ्यास गरेर अभ्यस्त हुने अवसर मिल्ने देखिन्छ ।

ड. सीपपरक अभ्यास र ज्ञानपरक अभ्यास एकले अर्कालाई सहयोग गर्ने भएकाले सोही अनुसार अभ्यासहरूको तादात्म्यता मिलाई अभ्यास राखिएको छ ।

ढ. प्रायः पाठमा विचारप्रधान उत्तर दिने प्रश्नहरू समावेश गरेर विद्यार्थीको सिर्जनात्मक लेखनमा सहयोग पुऱ्याउने गरी अभ्यासहरूको संयोजन गरिएको छ ।

### ५.१.२ दुर्बल पक्षहरू

क. कक्षा सातको नेपाली पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासमा सबै प्रकारका भाषिक सीपलाई समेट्ने प्रयास गरिए तापनि लेखाइ सीपलाई बढी जोड दिइएको देखिन्छ ।

ख. पाठ्यक्रमले भाषाका चारै सीपको विकास गर्ने उद्देश्य राखेको भए पनि सुनाइ र बोलाइ सीपसँग सम्बन्धित अभ्यास न्यून रहेको देखिन्छ । यो पाठ्यक्रम अनुरूपताका दृष्टिले उपयुक्त देखिँदैन ।

ग. भाषिक सीपको समान महत्त्व भए पनि प्रस्तुत नमुना अभ्यासमा आदानात्मक सीपभन्दा प्रदानात्मक सीपलाई बढी महत्त्व दिइएको देखिन्छ ।

घ. अभ्यासका लागि दिइएका निर्देशनहरू स्पष्ट नभएकाले कतिपय स्थितिमा शिक्षक र विद्यार्थी अलमलिन सक्ने देखिन्छ ।

ङ. यस पुस्तकमा ६ ओटा कथा ४ ओटा कविता अन्तर्गत २ ओटा गीत ४ ओटा प्रबन्ध ३ ओटा जीवनी रहे पनि संवाद, वादविवाद, चिठी निवेदन जस्ता सिर्जनात्मक क्षमता विकास गर्ने खालका पाठहरू एक एक ओटा मात्र रहेकाले सिर्जनात्मक क्षमताको विकास कमै हुने देखिन्छ ।

च. वादविवाद तथा संवाद मौखिक अभिव्यक्तिसँग सम्बन्धित विधा भए पनि बोलाइ सीपको विकास गर्ने खालका अभ्यासको कमी रहेको पाइन्छ ।

छ. प्रबन्ध, संवाद, वादविवाद विधामा सुनाइ सीपसम्बद्ध अभ्यास नहुनलाई कमजोर पक्षको रूपमा लिन सकिन्छ ।

ज. कतिपय व्याख्या वा भाव विस्तार गर्न दिइएका अभ्यासहरू कक्षा सातका विद्यार्थीहरूका लागि जटिल र दुर्बोध्य देखिन्छन् ।

झ. पाठको अन्त्यमा दिइएका व्याकरणका अभ्यासहरूको वर्गीकरण नमिलेको देखिन्छ। यस्ता अभ्यासहरू सरलदेखि जटिलको क्रममा रहेको देखिँदैन ।

ञ. विद्यार्थीहरूमा व्यवहारिक सीपको विकासमा क्रियाकलापमुखी अभ्यासले सहयोग पुऱ्याउँछ तर यहाँ प्रयुक्त अभ्यासहरू न्यून मात्रामा क्रियाकलापमुखी रहेका छन् ।

### ५.२ सुझावहरू

प्रस्तुत अध्ययनबाट निकालिएका सबल र दुर्बल पक्षलाई केलाउँदा निम्न सुझाव प्रस्तुत गर्न सकिन्छ ।

क. अभ्यासमा स्पष्ट निर्देशन दिइनु पर्दछ ।

ख. उच्चारण अभ्यासलाई पाठ सुरु गर्नुभन्दा पहिले राखिनु पर्दछ ।

ग. व्याकरण र शब्द भण्डारका अभ्यासलाई क्रमवद्ध र उपयुक्त स्तरमा प्रस्तुत गरिनु पर्दछ ।

घ. चित्रात्मक अभ्यासहरूको संयोजन गरी वर्णन गर्न लगाउँदा अझ प्रभावकारी हुन्छ ।

ङ. पढाइ तथा मौखिक अभिव्यक्ति कलाको विकास गर्ने अभ्यास थप गर्नुपर्छ ।

च. चिठी विधामा निवेदन मात्र रहेको छ । यसमा विविधीकरण गर्नुपर्ने हुन्छ ।

छ. रूपक विधाका अभ्यासमा संवाद पूर्ति एवम् मौखिक अभिव्यक्ति कलाको विकास गर्ने जस्ता अभ्यासहरू थप गर्नुपर्ने आवश्यकता देखिन्छ ।

ज. अभ्यासमा रुचि संवर्द्धन गर्ने कार्यकलाप पनि समेट्नु पर्ने देखिन्छ ।

झ. अभ्यासहरू लेखाइ सीपलाई बढी महत्त्व दिइएको हुँदा यसलाई सुधार गरेर सुनाइ, बोलाइ र पढाइ जस्ता भाषिक सीपलाई पनि उत्तिकै महत्त्व दिनुपर्छ ।

ञ. पाठ्यपुस्तकमा विभिन्न जातजाति, पिछडिएका वर्ग तथा अपाङ्ग विद्यार्थीका लागि पनि उपयोगी हुने खालका अभ्यासहरू समावेश गर्नुपर्ने देखिन्छ ।

ट. विद्यार्थीको रुचि, स्तर र उमेरलाई ख्याल गरी नमुना अभ्यास निर्माण गर्नुपर्ने देखिन्छ ।

ठ. अभ्यासहरू समावेश गर्दा उच्च, मध्यम र निम्न खालका राखिनुपर्ने देखिन्छ ।

ड. नमुना अभ्यासको संयोजन गर्दा पाठ्यक्रमको क्षेत्र र क्रमलाई विशेष ख्याल गर्नुपर्ने देखिन्छ ।

ढ. पाठ्यपुस्तकमा नमुना अभ्यास परिमार्जित हुँदै आए पनि अर्झ परिमार्जन र सुधार गर्नु आवश्यक देखिन्छ ।

ण. प्रयोगात्मक अभ्यास राखिनु पर्ने देखिन्छ ।

**५.३ उपयोगिता**

भाषा पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यास सम्बन्धी भएका विभिन्न अध्ययन अनुसन्धानबाट विभिन्न क्षेत्रमा सहयोग पुगेको देखिन्छ । यस्ता अध्ययनहरूबाट सम्बन्धित तह र कक्षाका पाठ्यक्रम पाठ्यपुस्तकको विकासमा महत्त्वपूर्ण सहयोग पुग्ने अपेक्षा गर्न सकिन्छ । पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्याससम्बन्धी गरिएका अुनसन्धानहरू धेरै भए तापनि त्यो ठोस रूपमा प्रयोग पक्षमा उपयोगी हुन नसकेको देखिन्छ । कतिपय अनुसन्धानले सैद्धान्तिक पक्षलाई मात्र उल्लेख गरी त्यसको व्यवहारिक पक्षको पहिचान गर्न नसकेको देखिन्छ । जसले गर्दा भाषिक सीप हासिल गर्न विद्यार्थीहरूलाई अन्योलमा पार्न सक्दछ । प्रस्तुत शोधकार्यबाट सम्बन्धित कक्षाको पाठ्यपुस्तकको खोज कार्यमा सहयोग पुग्न सक्दछ । शिक्षक तथा विद्यार्थीहरूले भाषिक सीप विकासका लागि विभिन्न अभ्यास र सीप विकासका कार्यलाई कति महत्त्वका साथ हेर्नुपर्ने भन्ने कुराको जानकारी प्राप्त हुन्छ । विद्यार्थीहरूलाई अभ्यासका क्रममा अनावश्यक रूपमा अलममिलने स्थितिको निकारण भई उच्च सिकाइ उपलब्धि हासिल गर्न सहयोग पुग्दछ । शिक्षण सिकाइ कार्यकलाप तथा परीक्षा र प्रश्नपत्र निर्माण बीचको दुरीलाई कम गर्न साथै पाठ्यक्रम र पाठ्यपुस्तकको विकास तथा सुधारमा समेत यस अध्ययनले महत्त्वपूर्ण सहयोग पुऱ्याउँदछ भन्ने अपेक्षा गर्न सकिन्छ । साथै भाषा शिक्षणलाई समावेशीकरण गरी शैक्षिक क्षति न्यूनीकरण गर्न मद्दत गर्दछ । पाठ्यपुस्तक एउटा साधन मात्र हो, साध्य पाठ्यक्रम नै हो भन्ने कुरालाई ख्याल गरी पाठ्यपुस्तकमा रहेका अभ्यास मात्रै पर्याप्त नहुने हुनाले थप अभ्यास र कार्यकलाप गर्न गराउन शिक्षकलाई प्रेरित गर्दछ । कक्षा शिक्षणलाई क्रियाकलाप मुखी गराउन जोड दिनुका साथै पाठ्यक्रमका उद्देश्य अनुरूप पर्याप्त नमुना अभ्यासहरूको संयोजन गरी पाठ्यपुस्तक सुधार गर्न मद्दत पुऱ्याउँछ ।

### ५.३.१ नीतिगत तह

नेपाल सरकार शिक्षा मन्त्रालय पाठ्यक्रम विकास केन्द्रद्वारा परिमार्जित पाठ्यक्रम प( २०६९) मा आधारित प्रस्तुत कक्षा सातको नेपाली पाठ्यपुस्तक विविध दृष्टिकोणबाट प्रभावकारी पुस्तक हो । यस पाठ्यपुस्तकभित्र समाविष्ट नमुना अभ्यास सम्बन्धी अध्ययनले पाठ्यत्रम तथा पाठ्यपुस्तक निर्मणमा सहयोग पुऱ्याउने देखिन्छ। निश्चित तहका लागि निर्मण गरिएको पाठ्यक्रम बमोजिम पाठ्यपुस्तक निर्माण गरिनु पर्दछ। यस अध्ययन शिक्षक निर्देशिकालाई परिमार्जन गरी पाठ्यक्रम विकास केन्द्रलाई सल्लह सुझव प्रदान गर्न उपयोगी रहेको छ। निर्देशिका लेखन तथा छपाइ कार्यमा सरोकारवाला पक्षलाई सचेत तुल्याउन प्रयास गरेको छ। पाठ्यक्रमले विद्यार्थीको विविधता, क्षमता, स्तर र रुचिको प्रतिनिधित्व गर्न सक्ने उद्देश्य राख्नु पर्दछ । जसले गर्दा विद्यार्थीमा पाठ्यपुस्तकमा सहज रूपमा सिकाइ उपलब्धि हासिल हुन सक्दछ । पाठ्यपुस्तकमा पाठ सम्बद्ध अभ्यासलाई समाहित गर्नु पर्ने उत्तिकै आवश्यक हुन्छ। यस शोधकार्यबाट प्रशोधन भएका निष्कार्षहरूले पाठ्यपुस्तक लेखनका क्रममा भएका त्रुटिहरू निराकण गर्न सहयोग पुऱ्याउँछ ।

### ५.३.२ कार्यान्वयन तह

प्रस्तुत अध्ययन मूलत भाषिक सीप शिक्षणसँग सम्बन्धित छ। यसै सन्दर्भमा नेपाली भाषा शिक्ष्णा गर्दा के कस्ता भाषिक सीप कस्ता कस्ता अभ्यासबाट सिक्न सकिन्छ भन्ने कुरा थाह पाउन यस अध्ययनले मद्दत पुऱ्याउँछ। पाठ्यक्रमले निर्देश गरे अनुरूपको अभ्यासहरूको कमी भएमा पाठ सम्बद्ध अभ्यासहरू थप गरी क्रियाकलाप गराउन पनि मद्दत पुग्ने देखिन्छ। पाठ्यक्रम र पाठ्यपुस्तकको अन्तर सम्बन्ध र त्यसमा समाविष्ट नमुना अभ्यासको कमी कमजोरी पहिल्याई आवश्यक संशोधन गर्नका लागि पनि यस अध्ययनले मद्दत पुऱ्याउन सक्दछ। विद्यार्थीमा सिर्जनात्मक क्षमताको विकास गर्नका साथै शिक्षकका लागि पाठ सम्बद्ध क्रियाकलापहरू गराउन समेत मद्दत गर्दछ। भाषा शिक्षणलाई समावेशीकरण गरी शैक्षिक क्षति न्यूनीकरण गर्न सहयोग पुऱ्याउने देखिन्छ। पाठ्यक्रमका उद्देश्य अनुरूप पर्याप्त नमुना अभ्यासको संयोजन गरी पाठ्यक्रममा सुधार गर्न साथै विद्यार्थी केन्द्रित र कार्यकलापमुखी शिक्षण सिकाइको प्रवर्द्धन गर्नमा सहयोग पुग्ने देखिन्छ।

कक्षा सातमा अध्यापनरत शिक्षकले भने कक्षा सातको नेपाली पाठ्यपुस्तकका अभ्यास गराउँदा पुस्तकले दिएको अभ्यास क्रमभन्दा पनि आफ्नो स्वविवेक पुऱ्याई विद्यार्थीलाई सरल हुने क्रममा गराउनु वृद्धिमानी हुन्छ। उच्चारण अभ्यासलाई पाठभन्दा पहिले शब्दभण्डारका अभ्यासलाई पाठ सँगसँगै गराउनु र बाँकी अभ्यास त्यसपछि गराउनु उपयुक्त देखिन्छ ।

### ५.३.३ आगामी अनुसन्धानका लागि शीर्षक

प्रस्तुत 'भाषिक सीप विकासका दृष्टिले कक्षा सातका नमुना अभ्यासको अध्ययन' शीर्षकको शोध कार्यले भावी अनुसन्धाताहरूलाई यस अध्ययनमा भएका कमी कमजोरहिरूको पहिचान गरी नयाँ विषयमा अध्ययन गर्न मद्दत पुग्दछ। पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासहरूलाई विद्यार्थीको स्तर र क्षमता अनुरूप विभाजन गरी भाषिक सीप हासिल गर्न नयाँ ढाँचाको अनुसन्धानका लागि मार्गदर्शक बन्न सक्छ। नमुना अभ्यासहरूलाई सीपगत र तहगत आधारमा विश्लेषण गरी नयाँ अनुसन्धानका लागि पूर्वकार्यको रूपमा यस अध्ययनले सहयोग पुऱ्याउन सक्छ।

### ५.४ भावी अध्ययनका लागि सम्बन्धित शोध शीर्षकहरू

क. कक्षा सातको नेपाली पाठ्यपुस्तकमा प्रयुक्त नमुना अभ्यासको पाठ्यक्रमक अनुरूपताका आधारमा अध्ययन

ख. छनोट र स्तरणका दृष्टिले कक्षा सातको नेपाली पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासको अध्ययन

ग. नमुना अभ्यासमा भाषिक त्रुटिको प्रभाव

घ. स्तर अनुरूपताका आधारमा कक्षा सातको नेपाली पाठ्यपुस्तकमा प्रयुक्त नमुना अभ्यासको अध्ययन

ङ. कक्षा ६ को कक्षा सातका नमुना अभ्यासहरूको तुलनात्मक अध्ययन

च) अभ्यासहरूको कक्षा सातको पुस्तकको ऊर्ध्वतलीय अध्ययन

## सन्दर्भ सूची


**प्रकाशित**

अधिकारी, विष्णुप्रसाद (२०६९) **प्राथमिक शिक्षक दिग्दर्शन**, काठमाडौंः अनिष बुक्स हाउस प्रा.लि. ।

अधिकारी, हेमाङ्गराज (२०५९) **नेपाली भाषा शिक्षण**, काठमाडौंः विद्यार्थी पुस्तक भण्डार ।

अधिकारी, हेमाङ्गराज र केदारप्रसाद शर्मा (२०५९) **प्रारम्भिक नेपाली शिक्षण**, भोटाहिटी काठमाडौंः विद्यार्थी पुस्तक भण्डार ।

नेपाल सरकार शिक्षा मन्त्रालय (२०६९) **आधारभूत शिक्षा पाठ्यक्रम**, पाठ्यक्रम विकास केन्द्र सानोठिमीः भक्तपुर ।

भण्डारी, पारसमणि घिमिरे, तुलसीराम र नेपाल शक्तिराज (२०६८) **प्रायोगिक भाषा विज्ञानका प्रमुख आयाम**, काठमाडौंः विद्यार्थी पुस्तक भण्डार ।

भण्डारी, पारसमणि र माधवप्रसाद पौडेल (२०६६) **नेपाली कविता र काव्य**, भोटाहिटी, काठमाडौंः विद्यार्थी पुस्तक भण्डार ।

सुवेदी, रामलाल र भट्टराई बद्रीविशाल (२०७१), **नेपाली (कक्षा सात)** नेपाल सरकार शिक्षा मन्त्रालय पाठ्यक्रम विकास केन्द्र, सानोठिमी भक्तपुर ।

**अप्रकाशित**

अर्याल, पार्वती (२०५९) **कक्षा नौको नेपाली पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासको अध्ययन,** (अप्रकाशित शोधपत्र) कीर्तिपुर काठमाडौं ।

काफ्ले, लक्ष्मी (२०६९) **कक्षा पाँचको मेरो नेपाली किताबमा प्रयुक्त नमुना अभ्यासको विश्लेषणात्मक अध्ययन,** सुकुना बहुमुखी क्याम्पस (अप्रकाशित) शोधपत्र ।

गेलाल, राजनकुमार (२०६८) **कक्षा आठको हाम्रो नेपाली किताबमा समाविष्ट नमुना अभ्यासहरुको अध्ययन**, सुकुना बहुमुखी क्याम्पस (अप्रकाशित) शोधपत्र ।

ढुङ्गाना, लक्ष्मीप्रसाद (२०६७) **कक्षा ६ को हाम्रो नेपाली किताब र रसिलो नेपाली किताबमा समाविष्ट नमुना अभ्यासको तुलनात्मक अध्ययन**, सुकुना बहुमुखी क्याम्पस (अप्रकाशित) शोधपत्र ।

पराजुली, ढाकाकुमारी (२०६९) **कक्षा ६ को हाम्रो नेपाली किताब र रसिलो नेपालीभित्र समाविष्ट नमुना अभ्यासको तुलनात्मक अध्ययन**, सुकुना बहुमुखी क्याम्पस (अप्रकाशित) शोधपत्र ।

बराल, मदनराज (२०६१) **कक्षा सातको महेन्द्रमाला र हाम्रो नेपाली किताबको तुलनात्मक अध्ययन**, त्रि.वि. शिक्षाशास्त्र नेपाली भाषा शिक्षण विभाग कीर्तिपुर ।